सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ चैत २०७९, मंगलबार (28 March 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३३८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

खुलामञ्च प्रवेशमा महानगरले बार लगाएपछि साहुकारपीडितको सडकमै वास

राजनीतिक दलदेखि संघसंगठनसम्मले विरोध कार्यक्रम गर्ने थलो खुलामञ्चमा सुदखोरपीडित भने वर्जित, सुत्केरीदेखि वृद्धवृद्धासम्म सडकमै रात काट्न बाध्य





टेकराज थामी/नयाँ पत्रिका
तस्बिर : **ज्ञानेन्द्र कार्की**

राजनीतिक दलदेखि विभिन्न संघसंगठनसम्मले दबाबमूलक कार्यक्रम गर्ने थलो बन्दै आएको खुलामञ्च मिटरब्याजीपीडितका लागि भने वर्जित गरिएको छ। महोत्तरीबाट पैदल हिँडेको १२ औँ दिन सोमबार खुलामञ्च पुगेका उनीहरूलाई काठमाडौं महानगरपालिकाले खुलामञ्च छिर्न रोक लगाएको हो।

सुदखोरबाट ठगिएका पीडितले खुलामञ्चबाट राज्यलाई गुनासो गर्न खोज्दा नगरप्रहरीले मूलगेटमै ताला ठोकेको छ। काखे बच्चा च्यापेर आएका सुत्केरीदेखि वृद्धवृद्धासम्म खुलामञ्च गेटअगाडि सडकमै रात काट्न बाध्य भएका छन्। दिउँसो विरोधका क्रममा बोकेका नारालिखित कार्टुन, पम्प्लेट ओछ्याएर सुतेका छन्। महिलाहरू सल र धोती ओछ्याएर सुतेका छन्।

'हामी १२ दिन पैदल हिँडेर यहाँ आइपुर्‍यौं। काठमाडौंले हाम्रो पीडामा मल्हम लगाइदेला भन्ने आशा थियो, तर त्यसो गरेन,' पीडित सुरजन तिवारीले गुनासो गरे, 'हामी खुलामञ्चबाट सरकारलाई पीडा सुनाउन चाहन्थ्यौं। ताला लगाएर हामीलाई रोकियो।'

काठमाडौं महानगरपालिकाका सहायक प्रवक्ता दीपक अधिकारी भने उनीहरूलाई खुलामञ्च छिर्न रोकेको विषयमा आफू

» पृष्ठ ११ मा क्रमशः

न्याय खोज्न ६ महिने शिशु बोकेर काठमाडौं आएकी कल्पना राई भन्छिन्-

५० हजार ऋणको एक लाख ब्याज तिरिसकेपछि पनि साहुले जग्गासमेत हडप्यो

धनुषाको सबैला नगरपालिका- १२ बरखुर्वाकी २५ वर्षीया कल्पना राई ६ महिनाकी सुत्केरी हुन्। उनले यतिबेला शिशु स्याहार्दै घरमै आराम गर्नुपर्ने थियो। तर, साहुले उठीवास लगाएपछि उनी पनि काठमाडौं आइपुगेकी छिन्। श्रीमान् विजय कुँवर वैदेशिक रोजगारमा जाने भएपछि उनले साहुकार मुसहर यादवसँग दुई वर्षअघि ५० हजार ऋण लिएकी थिइन्। पटक-पटक गरेर एक लाख तिरिसकिन्। तर, ऋण चुक्ता भएन। किनभने साहुकारले उनलाई दुई लाखको तमसुकमा ल्याप्चे गर्न लगाएको थियो। त्यसैलाई प्रमाण बनाएर उल्टै प्रहरी-प्रशासन लगाएर ऐलानी जग्गाबाट समेत उठीवास लगाइदियो। स्थानीय सुकुमबासी बस्तीमा शरण लिइरहेकी कल्पनाले भनिन्, '५० हजार ऋणको एक लाख तिरिसक्यौं। तर, साहुकारले कपाली तमसुकका आधारमा हाम्रो उठीवास लगायो।' दूधेबालक काखी च्याप्दै १२ दिनअघि पैदलयात्रामा निस्कँदा उनले काठमाडौंबाट न्याय पाउने सपना देखेकी थिइन्। तर, काठमाडौंले उनको पीडा सुन्ने छाँट देखाएको छैन। 'हामीसँग पीडाका पहाड छन्। खुलामञ्चमा बिसाउने चाहना थियो। सरकारलाई सुनाउने रहर थियो। तर, सबैका लागि खुल्ने खुलामञ्चमा महानगरले हाम्रा लागि गेटमा ताल्चा लगायो। हामीले न्याय कहाँबाट र कसरी पाउने ?' उनले प्रश्न गरिन्।



भागबन्डा नमिल्दा मन्त्रिपरिषद् विस्तार पेचिलो

अर्थ र गृहमा सहमति, बाँकी मन्त्रालयको टुंगो लगाउन आज गठबन्धनको बैठक

मन्त्रालयको संख्याभन्दा दलहरूको दाबी धेरै

गठबन्धनका शीर्ष नेतासँगको परामर्शका आधारमा प्रधानमन्त्रीले तयार पारेको मन्त्रालय बाँडफाँटको प्रस्तावमा एकीकृत समाजवादीको असन्तुष्टि छ। गठबन्धनका सबै दलले दाबी गरेको मन्त्रालय संख्या २५ भन्दा धेरै छ, जब कि संविधानअनुसार प्रधानमन्त्रीसहित मन्त्रिपरिषद्को आकार २५ सदस्यीय मात्र हुन्छ।

सरकारको साझा न्यूनतम कार्यक्रम बन्न नसक्नु

मन्त्रिपरिषद् विस्तारपूर्व सरकारको साझा न्यूनतम कार्यक्रम बनाउने प्रयास भइरहेको छ। सोमबार साँझसम्म कार्यक्रमको मस्यौदा टुंगिएको छ। दोस्रो तहका नेताले बनाएको मस्यौदालाई शीर्ष नेताले अन्तिम रूप दिनेछन्।

केही दलले औपचारिक निर्णय नलिनु

सरकारमा सहभागी हुनेबारे राष्ट्रिय स्वतन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीले औपचारिक निर्णय गरेका छैनन्। रास्वपाले मंगलबार केन्द्रीय समितिको बैठक बोलाएको छ, जहाँबाट उसले सरकारमा सहभागी हुनेबारे निर्णय लिने तयारी गरेको छ। रास्वपा अध्यक्ष रवि लामिछाने प्रधानमन्त्री प्रचण्डसँग संवादमा छन्।

पार्टीभित्र मन्त्रीका आकांक्षी धेरै

सरकारमा सहभागी हुने तयारीमा रहेका सबै पार्टीमा आकांक्षीहरूको लर्को छ। कांग्रेसभित्र अर्थ मन्त्रालय कसले लिने भन्नेमा उपसभापति पूर्णबहादुर खड्का र प्रवक्ता डा. प्रकाशशरण महतबीच विवाद छ। माओवादीमा भौतिक पूर्वाधारमन्त्री नारायणकाजी श्रेष्ठले गृह मन्त्रालय लिने प्रयास गरेका छन्। शक्ति बस्नेतले गृहमन्त्रीका लागि दाबी गरेका छन्। एकीकृत समाजवादीमा पनि बेदुराम भुसाल र राजेन्द्र पाण्डे कसले नेतृत्व गर्ने भन्ने विवाद छ।



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल सोमबार बालुवाटारमा छलफल गर्दै

केशवप्रसाद पाण्डे, प्रेम गौतम

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसद्बाट विश्वासको मत लिएको एक साता बित्दा पनि सत्तारूढ दलबीच मन्त्रिपरिषद् विस्तारमा सहमति जुटेको छैन। सोमबार शीर्ष नेताबीच अर्थ, गृह र भौतिक पूर्वाधार मन्त्रालयबारे सहमति जुटे पनि समग्र मन्त्रालयको बाँडफाँट टुंग्याउन मंगलबार गठबन्धनको बैठक बोलाइएको छ।

नेताहरूका अनुसार केही दलहरूले सरकारमा सहभागी हुनेबारे औपचारिक निर्णय नलिनु, मन्त्रालयको संख्याभन्दा दलहरूको दाबी धेरै रहनु, पार्टीभित्र मन्त्रीका आकांक्षी धेरै हुनु र सरकारको साझा न्यूनतम कार्यक्रम तयार पार्न नसक्नुले मन्त्रिपरिषद् विस्तारमा विलम्ब भएको छ। पहिला साझा न्यूनतम कार्यक्रममा सहमति गरेपछि औपचारिक रूपमा मन्त्रालय बाँडफाँट गर्ने बाटो खुल्ने नेताहरूको भनाइ छ। गठबन्धनका दोस्रो तहका नेताहरूले साझा न्यूनतम कार्यक्रमको मस्यौदामा काम गरेका छन्।

मन्त्रिपरिषद् विस्तारका लागि सोमबार

» पृष्ठ ११ मा क्रमशः



● **माधव नेपाल,**
अध्यक्ष, एकीकृत समाजवादी

मंगलबार गठबन्धनको बैठक बोलाइएको छ। अहिलेसम्म सार्वजनिक गर्ने गरी ठोस सहमति भएको छैन। मंगलबारको बैठकले आगामी मन्त्रिपरिषद्को तस्बिर प्रस्ट गर्छ।



● **हरिबोल गजुरेल,**
प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार

गृह र अर्थबाहेकका मन्त्रालय टुंगिन बाँकी छ। गठबन्धन बैठकमा मन्त्रालय बाँडफाँटबारे छलफल हुन्छ। सकभर मंगलरबार नत्र बुधबारसम्ममा मन्त्रिपरिषद् विस्तार हुन्छ।



● **एनपी साउद,**
नेता, कांग्रेस

गठबन्धनको शीर्ष तहमा निरन्तर छलफल भइरहेको छ। प्रधानमन्त्री बहुपक्षीय वार्ता गरिरहनुभएको छ। गठबन्धनको बैठकले कसले कुन मन्त्रालय र कति पाउने भन्ने टुंगो लगाउनेछ। पार्टीभित्र सभापतिले सबैसँग छलफल गरिरहनुभएको छ।

■ प्रतिष्ठाको लडाइँमा यादव-राउत फेरि आमने-सामने

१ **४ मंसिर** : सप्तरी २ मा प्रतिस्पर्धा, सिके राउत विजयी

२ **३ चैत** : उपराष्ट्रपति निर्वाचनमा दुई दल प्रतिस्पर्धामा, गठबन्धनको सहयोगमा जसपाका उम्मेदवार रामसहायप्रसाद यादव विजयी





३ **१० वैशाख (उपनिर्वाचन)** : बारा २ बाट गठबन्धनको साझा उम्मेदवार बन्ने उपेन्द्र यादवको प्रयास, मधेसका अरू दलसँग सहकार्य गरेर यादवविरुद्ध उम्मेदवार उठाउने राउतको रणनीति

» पृष्ठ ३

■ काठमाडौं-रक्सौल रेलमार्ग
भारतले एक महिनाभित्रै डिपिआर बुझाउँदै

तर, आयोजना बनाउने विषयमा सरकारसँग छैन ब्याकअप प्लान



रोहित बिसुराल, महानिर्देशक, रेल विभाग

भारतले रक्सौल-काठमाडौं विद्युतीय रेलमार्गको डिपिआर बनाउने काम अन्तिम चरणमा पुऱ्याएको जानकारी आइसकेको छ। साथै, अबको महिनाभित्र डिपिआर बुझाउने प्रतिबद्धता पनि गरिसकेको छ। आशा छ, अब छिट्टै डिपिआर प्राप्त हुनेछ।

» पृष्ठ ९



कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

ईशान
ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, Tel: 01-4954537
Website: www.ishanhospital.com.np
विस्तृत जानकारीका लागि ०१-४९५९५६० मा सम्पर्क गर्नुहोला
सूचना { २४सै घण्टा बालरोग विशेषज्ञबाट सेवा उपलब्ध रहेको सहर्ष जानकारी गराउँदछौं ।
ईशान बाल तथा महिला अस्पताल
LOCATION MAP
(250 Meter From Ring Road)
Dhapasi
Dhapasi Marg
Budanilkantha
NORTH
Green Land
Bus Stand
Gongabu
Basundhara
Bridge
Narayan Gopal Chwok

मंसिरपछि ट्रायल दिएको तीन दिनमै लाइसेन्स !

नारायणकाजी श्रेष्ठ, मन्त्री, भौतिक पूर्वाधार तथा यातायात



यातायात क्षेत्रमा निकै भद्रगोल अवस्था छ, यसको अन्त्य गर्ने गरी सरकारले गृहकार्य गरिरहेको छ। ढिलोमा आठ महिनाभित्र पुराना सेवाग्राहीले स्मार्ट लाइसेन्स पाइसक्छन्, त्यसपछि ट्रायल पास गरेकाले तीन दिनमै लाइसेन्स पाउँछन्, यसमा सरकार प्रतिबद्ध छ।



शिवहरि घिमिरे/नयाँ पत्रिका

भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले आगामी मंसिरदेखि तीन दिनमै सवारीचालक अनुमतिपत्र (लाइसेन्स) वितरण गर्ने गरी सरकारले तयारी गरिरहेको बताएका छन्। उनले हाल लाइसेन्सको पर्खाइमा रहेका करिब आठ लाख सेवाग्राहीलाई आठ महिनाभित्र लाइसेन्स वितरण गरिसक्ने र त्यसपछि ट्रायल पास गर्नेहरूले तीन दिनमै 'स्मार्ट लाइसेन्स' पाउने बताए।

मन्त्रालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले वर्षौंदेखि लाइसेन्स कुरेर बसेका लाखौं सेवाग्राहीले आठ महिनाभित्रै पाइसक्ने बताए। कार्यक्रममा मन्त्रालयले प्रगति विवरण प्रस्तुत गरेको थियो। उनले आफू मन्त्री भएयता उपत्यकाका सडकका ९० प्रतिशत समस्या समाधान भएको दाबी गर्दै अब लाइसेन्स वितरणलाई सहज बनाउनेबारे तयारी भएको जानकारी दिए। 'यातायात क्षेत्रमा निकै भद्रगोल अवस्था छ, यसको अन्त्य गर्ने गरी सरकारले गृहकार्य गरिरहेको छ,' उनले भने, 'ढिलोमा आठ महिनाभित्र पुराना सेवाग्राहीले स्मार्ट लाइसेन्स पाइसक्छन्, त्यसपछि ट्रायल पास गरेकाले तीन दिनमै लाइसेन्स पाउँछन्, यसमा सरकार प्रतिबद्ध छ।'

इम्बोस्ड नम्बर प्लेट नेपालीकरण गरिने

» पृष्ठ ११ मा क्रमशः

■ अहिले दैनिक ६ हजार लाइसेन्सको माग, छापिन्छ चार हजार

देशभरका यातायात कार्यालयमा दैनिक ६ हजार लाइसेन्सको माग छ, तर यातायात व्यवस्था विभागमा भएको प्रिन्टरले दैनिक चार हजार (१६ घन्टामा) मात्रै प्रिन्ट गर्छ। ट्रायल पास गर्नेभन्दा प्रिन्ट संख्या कम भएकाले सेवाग्राही धेरै समयसम्म पर्खाइमा बस्न बाध्य छन्।

विभागको तथ्यांकअनुसार पाँच वर्षअघि नै ट्रायल पास गरेकामध्ये धेरैले 'स्मार्ट लाइसेन्स' पाउन सकेका छैनन्। उनीहरूलाई जतिसक्दो छिटो लाइसेन्स वितरणका लागि मास प्रिन्टर र कार्ड खरिद गर्ने तयारी मन्त्रालयले गरेको मन्त्री श्रेष्ठको भनाइ छ। सरकारले एक महिनाअघिदेखि बागमती प्रदेशमा ट्रायलमा ७० अंकभारको नियम लागू गरेको छ। यो नियम लागू भएपछि उत्तीर्ण हुने बढेका छन्। लाइसेन्स प्रिन्ट सीमित संख्यामा र उत्तीर्णदर बढेकाले स्मार्ट लाइसेन्सको पर्खाइमा रहनेको संख्या बढ्ने अनुमान छ। नयाँ नियम लागू भएपछि ट्रायल दिएकामध्ये ६५-७० प्रतिशतसम्म उत्तीर्ण हुने गरेका छन्। यसअघि ३५-४० प्रतिशत मात्रै उत्तीर्ण हुन्थे।

सुकुमबासीलाई पेलेरै जाने काठमाडौं महानगरको योजना

नयाँ पत्रिका
काठमाडौं, १३ चैत

काठमाडौं महानगरपालिकाले भूमिहीन, सुकुमबासीको समस्या समाधान गर्नेभन्दा पेलेरै जाने तयारी गरेको छ। काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह समस्या समाधानमा गम्भीर नभएको भन्दै भूमिहीन सुकुमबासीले माइतीघरमा सोमबार प्रदर्शन गरेका छन्।

संयुक्त राष्ट्रिय सुकुमबासी मोर्चा, नेपालकी प्रवक्ता स्मिता आचार्यले भूमिहीन सुकुमबासी अभियन्तालाई महानगरले लगाएको झुटो मुद्दा खारेज गर्नुपर्ने, महानगरले निकालेको सूचना स्थगित गर्नुपर्ने बताइन्। महानगरले शनिबार भूमिहीन, सुकुमबासी, अव्यवस्थित बसोवासी र स्ववासीका घरटहरा हटाउन सूचना जारी गरेको थियो। 'भूमिहीन, सुकुमबासी अभियन्ताहरूलाई निःसर्त रिहाइ गर्नुपर्छ, महानगरले जारी गरेको सूचना मान्दैनौं,' प्रवक्ता आचार्यले भनिन्। महानगरले सात दिनभित्र महानगरपालिकाका नदी वहाब, नदी उकास, नदी-किनार र कोरिडोरको सार्वजनिक क्षेत्रमा संरचना निर्माण तथा अनधिकृत रूपमा कब्जा गरी भोगचलन गरिरहेका ठाउँ खाली गराउन सूचना जारी गरेको छ। 'सात दिनभित्र ती क्षेत्रमा भएका संरचना हटाई अन्यत्र लैजान सूचित गरिएको छ। सूचनाको परिपालना नगरी अनधिकृत संरचना नहटाए स्थानीय सरकार सञ्चालन ऐन, ०७४ तथा अन्य प्रचलित कानुनबमोजिम हटाइने, सरसामान हटाउन लाग्ने खर्चसमेत सम्बन्धित पक्षबाटै असुलउपर गरिनेछ,' सूचनामा भनिएको छ।

■ महानगर प्रमुख साहविरुद्ध आन्दोलन जारी रहने

भूमिहीन सुकुमबासीहरूले माग पूरा नभएसम्म महानगर प्रमुख साहविरुद्धको आन्दोलन जारी रहने बताएका छन्। 'प्रमुख साहसँग भेट्न धेरै प्रयास गर्‍यौं। अझै पनि भेट्न प्रयासरत नै छौं। भेटेर समस्यामाथि छलफल गर्न पाएका छैनौं,' प्रवक्ता आचार्यले भनिन्, 'हाम्रो माग पूरा नहुन्जेल माइतीघरमा चलिरहेको अनिश्चितकालीन धर्ना जारी रहन्छ। विरोध प्रदर्शन पनि चल्नेछ।'



माइतीघरमा धर्नामा बसेका भूमिहीन तथा सुकुमबासीहरू। तस्बिर : नयाँ पत्रिका

१७ फागुनदेखि दैनिक दुईदेखि तीन घन्टासम्म माइतीघरमा भूमिहीन सुकुमबासीहरूले धर्ना दिइरहेका छन्। तर, उनीहरूको धर्ना र प्रदर्शनप्रति महानगरले चासो दिएको छैन। महानगरका सहप्रवक्ता दीपक अधिकारी भन्छन्, 'महानगरको धारणा भनेको शनिबार निकालेको सूचना नै हो।' नदी-किनारामा निर्माण भएका घरटहरा, त्यहाँ राखिएका निर्माण सामग्री तथा सवारीसाधन हटाउन अधिकारसम्पन्न एकीकृत बागमती सभ्यता विकास समितिले सार्वजनिक सूचना जारी गरेपछि यो समस्या थप जटिल बनेको हो।

समितिले बागमती नदी करिडोर क्षेत्र ओगटेर बनाइएका घरटहरा भत्काउन २५ कात्तिकमा १० दिने अल्टिमेटम दिएको थियो। तर, सूचनाप्रति अटेर गरेपछि कानुनअनुसार बस्ती खाली गर्न भन्दै महानगरका नगर प्रहरी १२ मँसिरमा दलबलसहित बस्तीमा पुगेको थियो। सुकुमबासी बस्ती हटाउन जाने क्रममा स्थानीयको प्रतिकारमा महानगरका नगर प्रहरी प्रमुख एसपी राजुनाथ पाण्डेसहित ३६ प्रहरी घाइते भएका थिए। त्यसपछि महानगरले आक्रमणमा सहभागीविरुद्ध किटानी जाहेरी दिएको थियो। सोही जाहेरीका आधारमा हाल भूमिहीन सुकुमबासी अभियन्ता हुकुमबहादुर लामा र नारायण परिश्रमी थुनामा छन्।

रातो मत्स्येन्द्रनाथको रथयात्रा हुने रुट व्यवस्थित पारिँदै

नयाँ पत्रिका
ललितपुर, १३ चैत

ऐतिहासिक रातो मत्स्येन्द्रनाथको रथयात्रा हुने ललितपुरका सडक र सडकआसपासका ढल व्यवस्थापन सुरु भएको छ। आगामी वैशाखमा हुने रथयात्राका लागि ललितपुर महानगरपालिकाको नगर प्रहरीले रथ हिँडाउने सडकको सरसफाइ, ढल व्यवस्थापनलगायतका काम सुरु गरेको हो।

रथयात्राका क्रममा सडकआसपासका बिजुलीका तारसमेत निकाल्ने गरिन्छ। रथको उचाइ बिजुलीका पोल र तारभन्दा अग्लो हुने भएकाले निकाल्ने गरिएको हो। रथयात्रा नजिकिँदै गर्दा त्यसको तयारीका लागि काठ र डोरी व्यवस्थापन सुरु भएको छ। काठ र डोरी संकलन गरेपछि पुल्चोकमा रथ निर्माण गरिन्छ। शुभसाइतअनुसार रथयात्रा प्रारम्भ हुन्छ। 'रथयात्रा यहाँको ठूलो जात्रा हो, त्यसकारण हामीले अहिलेदेखि नै तयारी थालेका छौं,' महानगरका नगर प्रहरी प्रमुख सीताराम हाछेंथुले भने, 'हामीले गर्न सक्ने काम हामी गर्छौं, नसक्ने काम सम्बन्धित निकायलाई जानकारी गराउँछौं।'

वर्षा र सहकालका देवताका रूपमा लिइने रातो मत्स्येन्द्रनाथ रथयात्रा नेपालकै लामो जात्रा मानिन्छ। यो जात्रा करिब पाँच महिनासम्म चल्छ।

यात्राका क्रममा रथलाई पुल्चोक, मंगलबजार, सुन्धारा, थतिटोल, कुमारीपाटी, मानभवन हुँदै जावलाखेल पुऱ्याइन्छ। त्यहाँ ल्याएपछि सुभसाइतअनुसार राष्ट्रप्रमुख र सर्वसाधारणलाई मत्स्येन्द्रनाथको भोटो देखाउने गरिन्छ। भोटो देखाएपछि मत्स्येन्द्रनाथलाई बुझ्मतीमा राख्ने गरिन्छ।

सोमबार उपत्यकामा

भैंसेपाटी : बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी धनकुटा नगरपालिका-६ घर भई काठमाडौं महानगरपालिका-११ बस्ने ६५ वर्षीय महेन्द्रनारायण श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटनको २० माघ ०७९ को फैसलाले बैंकिङ कसुर मुद्दामा चार दिन कैद र १४ लाख ४८ हजार सात सय २८ रुपैयाँ जरिवाना ठहर गरेको थियो। त्यसयता फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जबाट खटिएको प्रहरीले ललितपुर भैंसेपाटीबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत ललितपुरमा पेस गरिएकोमा अदालतको आदेशले कैद भुक्तानका लागि कारागार कार्यालय नख्खु ललितपुर पठाइएको छ।

बागदरबार : पालिकाहरूका न्यायिक समितिले गर्ने कामको सिकाइ, भोगाइ र अनुभव आदान-प्रदान गर्ने तथा कानुनी बुझाइलाई समान बनाउने उद्देश्यले न्यायिक समिति राष्ट्रिय सम्मेलन हुने भएको छ। यसका लागि काठमाडौं महानगरपालिकाले देशभरका सात सय ५२ वटै पालिकाबाट न्यायिक समितिका संयोजक वा सदस्यमध्ये एक जनाको प्रतिनिधित्व रहने गरी १५ र १६ चैतमा काठमाडौंमा सम्मेलन आयोजना गर्ने भएको छ। सहागिताको लागि सबैलाई निमन्त्रणापत्र पठाइसकेको महानगरले जनाएको छ।

जावलाखेल : प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सोमबार सदर चिडियाखाना जावलाखेलमा पुगेका छन्। राष्ट्रिय प्रकृति संरक्षण कोषका संरक्षकसमेत रहेका प्रधानमन्त्री दाहाल चिडियाखानाभित्र रहेका पशुपक्षी हेर्दै एक घन्टा रमाए। दिउँसो करिब २:३० मा प्रवेश गरेका उनी त्यहाँबाट ३:३० मा बाहिरिए। उनले चिडियाखानाभित्र रहेका पाटे बाघ अवलोकनमा २० मिनेट बिताएका थिए। उनले बाघ र मानिसको सम्बन्धबारे चर्चा गर्दै बाघ संरक्षण व्यवस्थित बनाउने जनाए। चिडियाखानामा एक सय ७० प्रकारका पशुपक्षी छन्।

नक्साल : नेपाल प्रहरीले मानव बेचबिखनमा संलग्न तीनजनालाई पक्राउ गरेको छ। प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले काठमाडौंका विभिन्न बार, क्लब, क्याफे, दोहोरी साँझमा काम गर्ने नौजना युवतीलाई भारतको नयाँदिल्लीस्थित होटेल, रेस्टुरेन्ट, फेन्सी पसलमा आकर्षण काम पाइने भनी प्रलोभनमा पारेर नयाँदिल्ली पुऱ्याएर वेश्यावृत्तिमा लगाउने तीनजनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा मकवानपुर भीमफेदी गाउँपालिका-९ की २० वर्षीया सम्झना तामाङ भनिने सेन्जी तामाङ, धादिङ धुनबेंसी नगरपालिका-२ का २५ वर्षीय भुवन तामाङ र धादिङ धुनबेंसीकै २० वर्षीय सुष्मा मग्राती रहेका छन्। ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक कृष्णप्रसाद पंगेनीले युवतीहरूलाई विभिन्न प्रलोभनमा पारेर भारतमा लगेर वेश्यावृत्तिमा लगाएको सूचनाका आधारमा भारतस्थित नेपाली दूतावास र भारतीय प्रहरीको सहयोगमा उद्धार गरिएको जानकारी दिए।

निःशुल्क आँखा परीक्षण



नयाँ पत्रिका
काठमाडौं, १३ चैत

नेपाल पत्रकार महासंघको स्थापना दिवसको अवसरमा पत्रकारहरूको निःशुल्क आँखा जाँच गरिएको छ। विभिन्न आँखा अस्पतालसँगको सहकार्यमा पत्रकार महासंघ र यसका शाखाहरूले निःशुल्क आँखा जाँच गर्ने व्यवस्था मिलाएका हुन्।

त्रिभुवन विश्वविद्यालय-नेपाल नेत्रज्योति संघ कीर्तिपुर आँखा अस्पताल तथा अध्ययन केन्द्रको सहायतामा महासंघको केन्द्रीय कार्यालयमा आयोजित आँखा शिविरमा दुई सय ५० जनाले आँखा परीक्षण गराएका छन्। त्यसमध्ये आँखामा समस्या भएका करिब ६० जनालाई चस्मा वितरण गरिएको छ। त्यसबाहेक थप समस्या भएकालाई अस्पतालमा फलोअप गर्ने व्यवस्था गरिएको महासंघले जनाएको छ। सामान्य समस्या देखिएकालाई आँखामा राख्ने औषधिसमेत वितरण भएको महासंघका महासचिव रोशन पुरीले जानकारी दिए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७९/१२/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक) शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०७९ **चैत्र २१ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौ मा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०७५/०५/१९ मा दर्ता नं. १९७८५८/०७५/०७६ दर्ता कायम भई काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३० स्थित रजिष्टर्ड कार्यालय रहेको **यस ज्वैलर्स प्रा.लि.**का सञ्चालक उग्रेन पौ लामाको नाति, छिरिङ्ग छेमेल लामाको छोरा, सुजना गुरुङको पति, स्थायी ठेगाना, हुम्ला जिल्ला, सिमिकोट गा.वि.स/ न.पा. वडा नं. ०७, (हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा., कपन वडा नं. १०) बस्ने **येसे लोडोइ लामा** (ना.प्र.नं. १/१९५२/१२, जारी मिति २०५२/०५/०२, जिल्ला प्रशासन कार्यालय हुम्ला)।

व्यक्तिगत जमानीकताहर्रुको विवरण:

१. उग्रेन पौ लामाको नाति, छिरिङ्ग छेमेल लामाको छोरा, सुजना गुरुङको पति, स्थायी ठेगाना हुम्ला जिल्ला, सिमिकोट गा.वि.स/ न.पा. वडा नं. ०७ भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. १०, कपन बस्ने **येसे लोडोइ लामा** (ना.प्र.नं. १/१९५२/१२, जारी मिति २०५२/०५/०२, जिल्ला प्रशासन कार्यालय हुम्ला)।
२. करसाङ्ग गुरुङको नातिनी, सन्त बहादुर गुरुङको छोरी, येसे लोडोइ लामाको पत्नी, स्थायी ठेगाना गोरखा जिल्ला, खोपलाङ गा.वि.स/न.पा. वडा नं. ०४ भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. १०, कपन बस्ने **सुजना गुरुङ** (ना.प्र.नं. ४४१०२५/१०६७, जारी मिति २०७१/०१/०५, जिल्ला प्रशासन कार्यालय गोरखा)।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **येसे लोडोइ लामा**को नाममा मालपोत कार्यालय चाबाहिलमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. ६, कि.नं ३८, क्षेत्रफल ३४०.१० (व.मी) को घर/जग्गा र ऐ.ऐ जिल्ला, कपन गा.वि.स. वडा नं. ३, को कि.नं १६० क्षेत्रफल १६२.९६ (व.मी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात २०७९ **चैत्र २० गते** भित्र बैंकको शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात २०७९ **चैत्र २१ गते मंगलबार ३:००** (**तिन**) बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २१ गते मंगलबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौ फोन नं. ०१-४८०००७२

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
अर्घाखाँची

धरौटी रकम फिर्ता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७९/१२/१४

यस कार्यालयको धरौटी अभिलेख खातामा रहेको गत विगत वर्ष देखिको कसैको दाबी नपरेको धरौटी रकम रु.२४,१५,४४१.६८ बाँकी रहेको देखिएकोले उक्त धरौटी रकम फिर्ताको लागि यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र प्रमाण सहित माग दावी गर्न हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। उक्त समय भित्र स-प्रमाण सहित माग दाबी हुन नआएमा कानुन बमोजिम सदरस्याहा गरी राजस्वमा दाखिला गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ। धरौटी फिर्ता सम्बन्धि विस्तृत विवरणको लागि यस कार्यालयको सूचनापाटी हेर्नुहुन वा फोन नं. ९८५७०७११६२ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

डिभिजन प्रमुख

एकता बचत तथा ऋण सहकारी संस्था लि.
जनकपुरधाम, धनुषा, नेपाल

कर्मचारी आवश्यकता

प्रथम प्रकाशित मिति २०७९/१२/१४

यस एकता बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरका लागि निम्नानुसारको कर्मचारिहरु आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकहरुले यही मिति २०७९/१२/३० सम्ममा यस संस्थाको कार्यालयमा उपस्थित भई वा इमेल मार्फत आवेदन दिनु हुने यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र.स.	पद	संख्या	योग्यता
१	Teller	२	मान्यता प्राप्त संस्थाबाट स्नातक तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको
२	Marketing Executive	२	मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाण पत्र तह उतिर्ण गरि कम्तिमा १ वर्ष कार्य अनुभव भएको
३	Customer Service	२	मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाण पत्र तह उतिर्ण
४	Collector	२	मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाण पत्र तह उतिर्ण
Job Location: Janakpurdham, Dhanusha, Nepal Accommodation shall be provided to the non-locals.			

१. आवेदकहरुले आवेदनमा आफुले कम गर्न चाहेको पद, अनुभव र सम्बन्धित पदका लागि तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र bio-data सहित email : ektasavingjnk@gmail.com मा पठाईनु पर्ने छ।
२. छनौटको किसिमः प्रारम्भिक रुपमा छनौट सूचीमा परेका प्रतिस्पर्धीहरुलाई अन्तर्वार्ताको माध्यमबाट छनौट गरिनेछ।

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
Chhimek Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्रप्राप्त संस्था)
"ग्रामीण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"
केन्द्रीय कार्यालयः मध्य बानेश्वर, काठमाडौं
फोन नं. ०१-४४९०५१३,४४६४८५३ फ्याक्स नं. ०१-४४६५७८५
E-mail: info@chhimekbank.org, Website: www.chhimekbank.org

शेयरधनी महानुभावहरुलाई
नगद लाभांश तथा बोनश शेयर वितरण सम्बन्धी सूचना

यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/१२/१० गतेका दिन सम्पन्न २१औं वार्षिक साधारण सभाबाट यस कम्पनीका शेयरधनीहरुलाई आ.व.२०७८/०७९ सम्मको सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ३.२६ प्रतिशतका दरले नगद लाभांश (नगद लाभांश तथा बोनश शेयरको कर समेत) वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त नगद लाभांश **आज मिति २०७९/१२/१४ गते मंगलबार**का दिनदेखि एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाडौंबाट देहाय बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा उपलब्ध गराएको बैंक खातामा क्रमशः जम्मा/भुक्तानी गर्ने व्यवस्था गरिएको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। **साथै, साधारण सभाबाट पारित भएको २२ प्रतिशत बोनस शेयरलाई सूचिकरण भए पश्चात् सम्बन्धित शेयरधनीको हितग्राही खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।**

क. साधारण सभा प्रयोजनकालागि शेयर दाखिला बन्द हुने मितिसम्ममा कायम रहेका शेयरधनीहरुको हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक भएको हकमा नगद लाभांश बापतको रकम सोही खातामा नै जम्मा गर्ने व्यवस्था गरिएको छ।
ख. हालसम्म पनि अभौतिकीकरण (DEMAT) नगराउनु भएका वा हितग्राही खाता खोलेर पनि यस कम्पनीको शेयर अभौतिकीकरण नगराउनु भएका शेयरधनी महानुभावहरुले आफुलाई पायक पर्ने निक्षेप सदस्यकोमा हितग्राही खाता खोल्नु भई आफ्नो शेयर यथाशक्य छिटो अभौतिकीकरण गराई हितग्राही खातामा आफ्नो बैंक खाताको विवरण अद्यावधिक गर्नु भए पश्चात सोही बैंक खातामा नगद लाभांशको रकम जम्मा गर्ने व्यवस्था मिलाईनेछ।
ग. आफ्नो शेयर अभौतिकीकरण (DEMAT) गराईसक्नु भएका तर हितग्राही खातामा बैंक खाता अद्यावधिक नगराउनु भएका शेयरधनी महानुभावहरुले यथाशक्य छिटो आफ्नो हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक गराउनु भएमा निजहरुको नगद लाभांश सोही खातामा क्रमानुसार जम्मा गर्ने व्यवस्था गरिनेछ।
घ. बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ।
ङ यस कम्पनीको शेयर दाखिला खारेजी बन्द हुने दिनसम्ममा मर्जर पश्चात गाभिने बैंक तथा वित्तीय संस्थाको खाता नं. रहेका शेयरधनीहरुको खाता नं. परिवर्तन हुने भएकाले त्यस्ता शेयरधनीहरुको लाभांशको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट फिर्ता आउन सक्ने हुँदा यथाशक्य छिटो आफ्नो परिवर्तित नयाँ खाता नं. हितग्राही खातामा अद्यावधिक गराउनु हुन यसै सूचना मार्फत अनुरोध गरिन्छ।

आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनीहरुको हकमा:
यस साधारण सभा प्रयोजनकालागि शेयर दाखिल खारेजी बन्द भएको मिति २०७९/११/२५ भन्दा अघिल्लो दिनसम्ममा आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्नुभएका शेयरधनी महानुभावहरुले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट धितो राखेको शेयरको संख्या समेत खुल्ने गरी नगद लाभांश तथा बोनश शेयर प्रदान गर्नकालागि No Objection Letter अथवा उल्लेखित मिति पछाडी कर्जा चुक्ता गर्नु भएका शेयरधनीहरुले नगद लाभांश तथा बोनश शेयर फुकुवा गरिदिने पत्र प्राप्त गरी एनएमबि क्यापिटल लिमिटेडमा पेश गरे पश्चात् नगद लाभांश तथा बोनश शेयर निज शेयरधनीको हितग्राही खातामा उल्लेख गरेको बैंक खाता/हितग्राही खातामा क्रमशः जम्मा गर्ने व्यवस्था गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

NMB CAPITAL LIMITED

शेयर रजिष्ट्रारः
एनएमबि क्यापिटल लिमिटेड
नक्साल, नागपोखरी, काठमाडौं, फोनः ०१-४४३७९६३
E-mail: info@nmbcl.com.np, Url: www. nmbcl.com.np

प्रतिष्ठाको लडाइँमा यादव-राउत फेरि आमने-सामने

यादव र राउत संघ र प्रदेश सरकारको एउटै गठबन्धनमा छन्, तर यादवको संसद् प्रवेशमा दोस्रोपटक पनि बाधक बन्ने राउतको रणनीति छ भने ४ मंसिरको हारको बदला लिन यादव ठूला दलसँगको मोर्चाबन्दीमा छन्

अनिल यादव / नयाँ पत्रिका

४ मंसिरको प्रतिनिधिसभा निर्वाचनमा आपसमा भिडेका जसपा अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सिके राउत राजनीतिक रूपमा पुनः आमने-सामने हुँदै छन् । ३ चैतको उपराष्ट्रपति निर्वाचनमा आ-आफ्ना उम्मेदवार उठाएका यी दुई नेता आसन्न उपनिर्वाचनमा फेरि टकरावमा उत्रँदै छन् ।

जसपा नेता रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएपछि रिक्त बारा २ मा गठबन्धनको तर्फबाट साझा उम्मेदवार बन्ने र संसद् प्रवेश गर्ने जसपा अध्यक्ष यादवको तयारी छ । तर, ४ मंसिरको निर्वाचनमा यादवलाई हराएका राउत बारा २ मा पनि यादवका लागि बाधक बन्ने रणनीतिमा छन् । मधेसमा यादव-राउत भनौं या जसपा-जनमत पार्टी, एक-अर्काको बलियो प्रतिस्पर्धी र विरोधीका रूपमा देखिएका छन् । राउतले बारा २ मा जनमतले उम्मेदवारी दिने घोषणा गरेर यादवसँग राजनीतिक टकराव लिने मनस्थिति तयार पारेका छन् ।

रामसहायप्रसाद गठबन्धनबाट उपराष्ट्रपतिका उम्मेदवार हुँदासमेत राउतले यादवसँगको टकरावका कारण जनमतबाट ममता झालाई मैदानमा उतारेका थिए । गठबन्धनको सहयोग रहेकाले रामसहायप्रसाद उपराष्ट्रपतिमा निर्वाचित भएका थिए । अहिले यादव र राउत दुवै केन्द्रमा एउटै गठबन्धनमा छन् । मधेस प्रदेशमा यी दुई दलले आलोपालो सरकारको नेतृत्व गर्ने सहमतिअनुसार अहिले जसपा नेतृत्वको सरकार छ ।

यादव र राउत संघ र प्रदेशमा एउटै समीकरणमा छन् । तर, यादवको संसद् प्रवेशमा दोस्रोपटक पनि बाधक बन्ने राउतको रणनीति छ भने ४ मंसिरको हारको बदला लिन यादवको मोर्चाबन्दी छ । लोसपाले पनि उम्मेदवारी दिने निर्णय गरेर यादवका लागि चिन्ता थपिदिएको छ । यसले बारा २ को उपनिर्वाचनलाई रोचक मात्रै होइन, पेचिलो पनि बनाउने देखिएको छ । सप्तरी २ मा आफैंले यादवलाई हराएका राउत बारा २ को उपनिर्वाचनमा स्थानीय उम्मेदवारमार्फत यादवविरुद्ध मैदानमा उत्रँदै छन् । 'बारा जिल्लामा कोही नेता-कार्यकर्ता छैनन् र बाहिरबाट उम्मेदवार आएर यहाँ लड्नुपर्ने ?' गत बुधबार बारामा आयोजित पार्टी प्रवेश कार्यक्रममा पुगेर राउतले यादवलाई चुनौती दिइसकेका छन् । राउतले यादव 'फिरंगी' उम्मेदवार हुने बताए ।

गठबन्धनका ठूला दल कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल बारा २ मा यादवलाई गठबन्धनको उम्मेदवार बनाउन तयार छन् । अर्कोतिर जनमत भने यादवलाई रोक्न बाराको उपनिर्वाचनका लागि तयारीमा जुटिसकेको छ । जनमतसँगै लोसपा र नागरिक उन्मुक्ति पनि यादवविरोधी मोर्चामा छन् ।

राउतले यादव बारा २ मा गठबन्धनका साझा उम्मेदवार हुन नसक्ने बताए । 'गठबन्धनभित्रका केही-केही दलले सहयोग गर्न सक्छन्,' उनले भने, 'हामीले आफ्नो उम्मेदवार उठाउने निर्णय गरिसकेका छौं । हामीलाई अरू दलले पनि समर्थन गर्न सक्छन् । नगरे पनि अरूको भरोसामा चाहिँ बस्दैनौं । हामी अगाडि बढिसक्यौं ।' जसपाले यादवलाई उम्मेदवार बनाउ नेबारे औपचारिक निर्णय नगरे पनि सत्तागठबन्धनको साझा उम्मेदवार जसपाबाटै हुनुपर्ने तर्क अघि सारेको छ । बारा २ जसपाले जितेको सिट भएको र समानुपातिक मतका आधारमा पनि आफूहरू पहिलो रहेको कारण गठबन्धनका सबै दलले जसपाका उम्मेदवारलाई सघाउनुपर्ने प्रवक्ता मनीष सुमनको तर्क छ ।

यद्यपि, उपराष्ट्रपति निर्वाचनमा जनमतले रामसहायप्रसादलाई मत नहालेर आफ्नै उम्मेदवार उठाएकोमा जसपाको आशंका र आक्रोश कायमै छ । 'उपराष्ट्रपति निर्वाचनमा गठबन्धनकै उम्मेदवारलाई मत नहालेपछि जनमत कुन मुखले अहिलेसम्म सत्तागठबन्धनमा बसिरहेको हो, हामीले बुझ्न सकेका छौं ,' प्रवक्ता सुमनले भने । मधेस र केन्द्रीय राजनीतिमा पनि यादवको भूमिका खुम्च्याउन जनमत र लोसपाका नेताहरू मोर्चाबन्दीमा छन् । संसद् छिर्ने यादवको 'मिसन' रोक्न सत्तागठबन्धनकै जनमत, लोसपा र नागरिक उन्मुक्तिले अलग गठबन्धनको गृहकार्य गरिरहेका छन् । लोसपाले उपनिर्वाचनमा भाग लिन निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णय गरिसकेको छ ।

लोसपाका नेता डा. सुरेन्द्र झाले जनमत, लोसपा र नागरिक उन्मुक्तिबीच कार्यगत एकता भएकाले बारा २ मा तीन दलको साझा उम्मेदवार रहने बताए । यादव १० दलीय गठबन्धनको साझा उम्मेदवार बन्न नसक्ने उनी बताउँछन् । 'उपेन्द्र गठबन्धनको साझा उम्मेदवार बन्न सक्नुहुन्न । मंसिरमा एमालेसँग चुनावी गठबन्धन गर्न हिँडेको जसपाबाट अहिले उम्मेदवार बनाउन मिल्दै मिल्दैन,' उनले भने, 'यो सत्तागठबन्धन हो, चुनावी गठबन्धन होइन । त्यसकारण पनि जसपाको उम्मेदवारलाई समर्थन गर्नुपर्ने कुनै बाध्यता छैन ।'

लोसपाका अर्का एक नेताका अनुसार माओवादी र एकीकृत समाजवादी यादवप्रति सकारात्मक रहेकाले अन्य मधेसकेन्द्रित दल कांग्रेस फकाउनेतिर लागेका छन् । 'बारा २ मा कांग्रेस बलियो प्रतिस्पर्धी हो,' ती नेता भन्छन्, 'त्यसैले जनमत, लोसपा, नागरिक उन्मुक्ति पार्टी र कांग्रेसबीच अलग गठबन्धन गरेर उपेन्द्रलाई संसद् छिर्नबाट रोक्न प्रयास सुरु भएको छ । यसका लागि शुक्रबार मात्रै अध्यक्ष महन्थ ठाकुरसहित शीर्ष नेताहरूले कांग्रेस सभापति देउवासँग भेट गरेर छलफल गरेका छन् ।' देउवा यादवलाई संसद्मा ल्याउन सकारात्मक छन् ।

राउत भने मधेसकेन्द्रित तीन दलबीच कार्यगत एकता भए पनि खासै सहकार्य हुन नसकेको बताउँछन् । 'कार्यगत एकता त भएको छ, तर खासै सहकार्य भइरहेको अवस्था छैन,' उनले भने, 'उपराष्ट्रपति निर्वाचनमा पनि त्यो देखियो । हाम्रो उम्मेदवारलाई मत नहालेर अन्तिम समयमा उहाँहरूले जसपाको उम्मेदवारलाई मत हाल्नुभयो । यद्यपि, बारा २ को उपनिर्वाचनमा के हुन्छ, अहिले भन्न सकिन्न ।' संसद्मा यादवको आवश्यकता रहेकोबारे सार्वजनिक रुपमै बोले पनि व्यवहारमा भने राउत उनलाई जसरी पनि रोक्ने प्रयासमा छन् । सप्तरी २ मा आफूसँग फराकिलो अन्तरले हार व्यहोरेका यादवलाई फेरि हराउन राउत स्वयं बाराको मैदानमा उत्रिएको जनमतका नेताहरू बताउँछन् । राउतको दाबी मान्ने हो भने गत निर्वाचनमा यादवले सप्तरी २ मा उनीसँग लड्न नआउने प्रतिबद्धता व्यक्त गरेका थिए । 'तर, अचानक मनोनयन दर्ताको अघिल्लो दिन मात्रै उहाँ आउने कुरा भयो । नत्र उहाँजत्तिको मान्छे संसद्मा आउनुपर्छ भन्नेमा म सुरुदेखि नै विश्वस्त थिएँ । तर, परिस्थितिले हामीलाई प्रतिस्पर्धी बनायो,' राउत भन्छन् ।

यसपछि पनि यादवसँग राउतको तिक्तता झन् बढेको जनमतका नेताहरू बताउँछन् । त्यसपछि मधेसबाट समानुपातिक मतमा जसपाभन्दा बढी मत ल्याए भए पनि मुख्यमन्त्री नपाएको र उपराष्ट्रपति पदमा पनि जसपाले नै दाबी गरेका कारण सत्तागठबन्धनभित्र जनमत रुष्ट छ । सत्तागठबन्धन जसपाअनुकूल भइरहेको जनमतको बुझाइ छ । सोहीकारण राष्ट्रपति निर्वाचनमा गठबन्धनकै उम्मेदवारलाई मत हालेको जनमतले उपराष्ट्रपति निर्वाचनमा जसपाले भाग पाएका कारण ममता झालाई उम्मेदवार बनाउन बाध्य भएको जनमतका नेताहरू बताउँछन् ।

बारा २ को गत निर्वाचनको समानुपातिक मतपरिणामअनुसार जसपा पहिलो स्थानमा छ । त्यहाँ जसपाको १३ हजार दुई सय ४२, कांग्रेसको ११ हजार एक सय ७९, एमालेको नौ हजार एक सय ९३, जनमत पार्टीको आठ हजार आठ सय ४६, लोसपाको चार हजार दुई सय ३५, नागरिक उन्मुक्तिको तीन हजार सात सय ९४, माओवादीको तीन हजार दुई सय ६५, नेपाल संघीय समाजवादी पार्टीको दुई हजार तीन सय ६६, एकीकृत समाजवादीको एक हजार नौ सय ९६, राष्ट्रिय स्वतन्त्र पार्टीको एक हजार चार सय ५५ र राष्ट्रिय प्रजातन्त्र पार्टीको नौ सय ९२ मत आएको छ ।

समानुपातिक मतपरिणाम केलाउँदा जसपासहित एकीकृत समाजवादी र माओवादीको गठबन्धन बनेको अवस्थामा जसपाको कुल मत १८ हजार पाँच सय तीन पुग्छ । उता जनमतको समानुपातिक मत भने आठ हजार आठ सय ४६ छ । जनमतलाई लोसपा र उन्मुक्तिको समर्थन रहेको अवस्थामा उसको मत १६ हजार आठ सय ७५ पुग्छ । नौ हजार एक सय ९३ समानुपातिक मत ल्याएको एमालेले पनि त्यहाँ आफ्नै उम्मेदवार उठाउने तयारी थालिसकेको छ । यस्तो अवस्थामा ११ हजार एक सय ७९ मत ल्याएको कांग्रेसको भूमिका निर्णायक हुने देखिन्छ ।



उपेन्द्र यादव
अध्यक्ष, जसपा

टकरावका शृंखला

१ **४ मंसिर** : सप्तरी २ मा प्रतिस्पर्धा, सिके राउत विजयी

२ **३ चैत** : उपराष्ट्रपति निर्वाचनमा दुई दल प्रतिस्पर्धामा, गठबन्धनको सहयोगमा जसपाका उम्मेदवार रामसहायप्रसाद यादव विजयी

३ **१० वैशाख (उपनिर्वाचन)** : बारा २ बाट गठबन्धनको साझा उम्मेदवार बन्ने उपेन्द्र यादवको प्रयास, मधेसका अरू दलसँग सहकार्य गरेर यादवविरुद्ध उम्मेदवार उठाउने राउतको रणनीति



सिके राउत
अध्यक्ष, जनमत

किन भिड्दै छन् यादव-राउत ?



● **विजयकान्त कर्ण**
विश्लेषक

मधेसको मुद्दासँग खासै मतलब छैन । सबैको कार्यक्रम र घोषणापत्र लगभग उस्तै-उस्तै देखिन्छन् । आधारभूमि मधेस र मधेसको मुद्दा बोकेर आएका कारण दुवैको 'पोलिटिकल स्पेस' एउटै हो । त्यही 'स्पेस'का कारण उनीहरूबीच टकराव देखिएको हो, त्यसकै लागि उनीहरू लडिरहेका हुन् ।

चुनावका वेला देखिएको द्वन्द्व चुनावकेन्द्रित नै हो । मधेसको मुद्दासँग यसको कुनै सम्बन्ध देखिँदैन । हिजोको दिनमा लोसपा र जसपा एउटै पार्टी थिए । अहिले अलग भएका छन् । मधेसकेन्द्रित दलबीचको टुटफुट र द्वन्द्व मधेसको मुद्दासँग सम्बन्धित छैन । अहिले चुनाव भइरहेको हो, उनीहरू चुनावमा भाग लिन लागेका हुन् । चुनावमा आफ्नो उम्मेदवारलाई जिताउन पार्टी अध्यक्षहरूले एक-अर्काविरुद्ध भाषण गर्नु स्वाभाविक हो ।

■ बारा २ को अंकगणित

गत ४ मंसिरको निर्वाचनमा बारा २ मा प्रत्यक्षतर्फ तत्कालिन सत्ता गठबन्धन र जसपा-एमालेको विपक्षी मोर्चाबीच प्रतिस्पर्धा भएको थियो । सत्ता गठबन्धनबाट माओवादीका शिवचन्द्रप्रसाद कुशवाहा र विपक्षी गठबन्धन जसपाका रामसहायप्रसाद यादव उम्मेद्वार थिए । नजिकको प्रतिस्पर्धामा जसपाका यादवले माओवादीका कुशवाहालाई ३५४ मतान्तर हराएका थिए । यादवले १३८२२ र कुशवाहाले १३४६८ मत पाएका थिए । जसपाकै बागी उम्मेद्वार रामकिशोरप्रसाद यादवले ११ हजार ४३ मत ल्याउँदै तेस्रो बनेका थिए । रामकिशोर जसपा फर्किसकेका छन् ।

समानुपातिक मतपरिणामअनुसार भने जसपा पहिलो स्थानमा छ । त्यहाँ जसपाको १३ हजार २४२, कांग्रेसको ११ हजार १७९, एमालेको नौ हजार १९३, जनमत पार्टीको आठ हजार ८४६, लोसपाको चार हजार २३५, नागरिक उन्मुक्तिको तीन हजार ७९४, माओवादीको तीन हजार २६५, नेपाल संघीय समाजवादी पार्टीको दुई हजार ३६६, एकीकृत समाजवादीको एक हजार ९९६, राष्ट्रिय स्वतन्त्र पार्टीको एक हजार ४५५ र राष्ट्रिय प्रजातन्त्र पार्टीको ९९२ मत आएको छ ।

उपनिर्वाचनका लागि राप्रपाले तोक्यो तीन चुनावी कमान्डर

काठमाडौं / राष्ट्रिय प्रजातन्त्र पार्टीले १० वैशाखमा हुने उपनिर्वाचनका लागि चुनावी कमान्डर तोकेको छ । सोमबार केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको पदाधिकारी बैठकले उपनिर्वाचन हुन गइरहेको तीन क्षेत्रमा तीनजना कमान्डर तोकेको हो । तीनवटै क्षेत्रमा उम्मेदवारी दिने निर्णय गरेको राप्रपाले बारा २ मा उपाध्यक्ष बुद्धिमान तामाङ, चितवन २ मा उपाध्यक्ष विक्रम पाण्डे र तनहुँ १ मा कोषाध्यक्ष नीलकण्ठ काफ्लेलाई निर्वाचन कमान्डर तोकेको प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए ।

राप्रपाले २९ र ३० वैशाखमा काठमाडौंमा केन्द्रीय कार्यसमिति बैठक बस्ने र वैशाखमा सातै प्रदेशमा अगुवा कार्यकर्ता भेला गर्ने निर्णयसमेत गरेको छ । भेलामा हालै सम्पन्न निर्वाचनपछि पार्टीको सांगठनिक अवस्था, राजनीतिक कार्यदिशाको समीक्षा र आगामी रणनीतिबारे छलफल हुने श्रेष्ठले बताए ।

राप्रपाले ०८० भित्र पार्टीमा दुई लाख सक्रिय सदस्य बनाउने लक्ष्य निर्धारण गरेको छ । 'सोहीअनुसार वैशाखदेखि नै सक्रिय सदस्यता वितरण अभियानलाई तीव्रता दिने निर्णय गरेका छौं,' प्रवक्ता श्रेष्ठले भने ।

पदाधिकारी बैठकमा पार्टीको राजनीतिक लक्ष्य प्राप्ति र जनजीविकासँग सम्बन्धित विषयमा आन्दोलन केन्द्रित हुनुपर्ने छलफलसमेत चलेको थियो । छलफलपछि आन्दोलनका विषय र स्वरूप निर्धारण गर्न महामन्त्री धवलशमशेर राणाको संयोजकत्वमा महामन्त्री शरद पाठक र सहमहामन्त्री भक्तक प्याकुरेल रहेको समितिसमेत गठन गरेको छ । राप्रपाले सबै केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यलाई आफ्नो जिल्लाबाहेकका जिल्लामा संगठन सुदृढीकरणका लागि खटाउने निर्णय गरेको छ । यसरी जिल्लामा खटिने नेताहरूको कार्यक्षेत्र तोक्न अध्यक्ष राजेन्द्र लिङ्देनलाई बैठकले जिम्मेवारी दिएको प्रवक्ता श्रेष्ठले बताए ।

भ्रष्टाचार मुद्दामा जरिवाना बुझाएका हमाललाई फेरि साढे चार वर्ष कैद फैसला

काठमाडौं / विशेष अदालतले जनस्वास्थ्य कार्यालय धादिङमा कार्यरत कार्यालय सहयोगी हरिबहादुर हमाललाई साढे वर्ष कैद सजाय सुनाइएको छ । विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्य खुसीप्रसाद थारूको इजलासले सोमबार यस्तो फैसला गरेको हो । ५ चैतमा उनीमाथि कसुर कायम भएकोमा सोमबार मात्र सजाय निर्धारण गरिएको हो । हमाललाई उल्लिखित अवधि कैद र ३४ लाख ३३ हजार रुपैयाँ बिगो र जरिवाना असुलउपर गर्ने फैसला भएको विशेषका प्रवक्ता दीपेन्द्रनाथ योगीले बताए । हमालमाथि यसअघि पनि भ्रष्टाचार मुद्दामा जरिवाना तोकिएको थियो । उक्त फैसलाको जानकारी पाएको मितिपछि पनि उनले चार महिना काम गरेका थिए । पहिलो मुद्दामा कसुर ठहर भएपछि र जरिवाना बुझाएपछिको अवधिमा पनि हमालले सरकारी सेवा छाडेका थिएनन् । तलबभत्तासहितका सेवासुविधा र राजीनामापछिसमेत उपचार खर्च, सञ्चित घर बिदा र बिरामी बिदा तथा निवृत्तिभरणसमेत उनले पाएपछि मुद्दा दायर भएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सो अवधिमा हमालले सरकारबाट लिएको सेवा-सुविधा गैरकानुनी रहेको ठहर गर्दै ३४ लाख ३३ हजार रुपैयाँ बिगो र जरिवाना असूलउपर गर्नुपर्ने माग गरेको थियो । यसैमाथि फैसला गर्दै विशेषले बिगो र जरिवाना तथा साढे चार वर्ष कैदको आदेश दिएको हो । जनस्वास्थ्य कार्यालय धादिङका तत्कालीन जिल्ला स्वास्थ्य प्रमुख डा. नरेशप्रताप केसीलाई पनि अख्तियारले प्रतिवादी बनाएको थियो । उनले हमालमाथि भ्रष्टाचार मुद्दा ठहर भएको जानकारी पाए पनि कारबाही गर्नुको सट्टा चार महिनामा १४ हजार नौ सय आठ रुपैयाँ भुक्तानी गरेको भेटिएको थियो । उनलाई भने अदालतले सफाइ दिएको छ । यसै मुद्दामा तत्कालीन वरिष्ठ जनस्वास्थ्य प्रशासक जीवनकुमार मल्ललाई समेत प्रतिवादी कायम गरिएकोमा उनले पनि सफाइ पाएका छन् । हमालले दिएको राजीनामा स्वीकृत गर्दै मल्लले उपचार खर्च, निवृत्तिभरण, सञ्चित बिदा, घर बिदालगायतका शीर्षकमा भुक्तानी दिएका थिए । उनलाई १४ लाख ७० हजार रुपैयाँ बिगो कायम गरी मुद्दा चलाइएकोमा सफाइ दिइएको हो ।

■ मर्यादाक्रम परिमार्जनप्रति बारको आपत्ति

काठमाडौं / नेपाल बार एसोसिएसनले सरकारले गरेको मर्यादाक्रम परिमार्जनप्रति आपत्ति जनाएको छ । प्रधानन्यायाधीशलाई मर्यादाक्रममा साबिकभन्दा तल पारिएको भन्दै आफूहरूको ध्यानाकर्षण भएको बारले जनाएको छ ।

'नेपालको मर्यादाक्रमलाई परिमार्जन गरी जनताको आस्था एवं धरोहरका रूपमा रहेको सर्वोच्च अदालतको स्वतन्त्रतामाथि संकुचन ल्याउने उद्देश्यले न्यायपालिकाको नेतृत्वको रूपमा रहने प्रधानन्यायाधीशलाई राज्यको ४ नम्बरको मर्यादाक्रमबाट ५ नम्बरको मर्यादाक्रममा राखी राष्ट्रिय सभामा पेस भएको राष्ट्रिय मर्यादासम्बन्धमा व्यवस्था गर्न बनेको गैरसरकारी विधेयकका सम्बन्धमा नेपाल बार एसोसिएसन गम्भीर आपत्ति जनाउँदछ,' विज्ञप्तिमा भनिएको छ । सरकारले १८ माघ ०७४ मा मर्यादाक्रम स्वीकृत गरेकोमा त्यसलाई परिमार्जन गर्न विधेयक दर्ता भएको छ । यसैको विरोध गर्दै सोमबार बारका महासचिव अन्जिता खनालले विज्ञप्ति जारी गरेकी हुन् ।

■ रिटर्नी फेडरेसनको अध्यक्षमा अधिकारी

काठमाडौं / एमाले भ्रातृसंगठन रिटर्नी फेडरेसन नेपालको केन्द्रीय अध्यक्षमा उत्तम अधिकारी चयन भएका छन् । आइतबार सम्पन्न फेडरेसनको पहिलो महाधिवेशनले अधिकारीलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । महाधिवेशनले अधिकारीको नेतृत्वमा ९९ सदस्यीय केन्द्रीय कमिटी चयन गरेको छ । अधिकारी यसअघि वरिष्ठ उपाध्यक्ष थिए ।

फेडरेसनको उपाध्यक्षमा विनोद भट्टराई, शालिग्राम बसेल, रामकृष्ण घिमिरे, हीरादेवी खरेल, काजी थापा र अर्चना बस्नेत तथा महासचिवमा जेपी सापकोटा चयन भएका छन् । उपमहासचिवमा जीवन अर्याल र भरत सिवाकोटी चयन भए । सचिवहरूमा नवराज श्रेष्ठ, खेमबहादुर कार्की, कृष्णप्रसाद घोरासैनी, बुद्धिप्रसाद सुवेदी, वसन्तबहादुर क्षेत्री र कोषाध्यक्षमा सुनील कार्की चयन भएका छन् । 'रिटर्नीको ज्ञान, सीप, पुँजी र जाँगर, समृद्ध नेपाल निर्माणको दिगो आधार' भन्ने मूल नारासहित सम्पन्न महाधिवेशनको उद्घाटन शनिबार एमाले अध्यक्ष केपी ओलीले गरेका थिए ।

कोसी नाम स्वीकार गर्न चार ठूला दलको आग्रह

पहिचान पक्षधरको दोस्रो चरणको आन्दोलन जारी, प्रदर्शनमा सहभागी हुँदा मृत्यु भएका पदम लिम्बूको परिवारलाई तीन लाख क्षतिपूर्ति दिने निर्णय

● विराटनगरमा **गणेश लम्साल**

कोसी प्रदेशका चार ठूला दलले संविधानअनुसार प्रदेश सभाबाट टुंगो लागेको नाम स्वीकार गर्न आग्रह गरेका छन् । कांग्रेस, एमाले, माओवादी र राप्रपाले संयुक्त विज्ञप्ति जारी गर्दै संवैधानिक प्रावधानअनुसार नामाकरण भएको विषयलाई भड्काएर सामाजिक सद्भाव नभड्काउन र नाम स्वीकार गर्न आग्रह गरेका हुन् ।

संयुक्त रूपमा विज्ञप्ति जारी गर्नेमा कांग्रेस कोसी प्रदेशका सभापति उद्धव थापा, एमाले कोसी प्रदेश कमिटी अध्यक्ष तुलसी न्यौपाने, माओवादी कोसी प्रदेश समिति सचिव गणेश उप्रेती र राप्रपा कोसी प्रदेश अध्यक्ष राम थापा छन् । उनीहरूले संविधानअनुसार जनादेश प्राप्त भएमा कोसी प्रदेशको नाम संशोधन पनि हुन सक्ने भएकाले विधि र प्रक्रियाअनुसार लागिपर्ने र शान्तिपूर्ण वातावरण बनाउन पहिचान पक्षधरहरूसँग आग्रह गरेका छन् ।

आइतबार जारी विज्ञप्तिमा पहिलो कार्यकालमा प्रदेशको नामाकरण गर्न नसक्दा देश-विदेशमा गलत सन्देश गएकाले नामविहीन प्रदेशलाई नाम दिनुपर्ने बाध्यता भएको र सबै दलको सहमतिबाटै दुईतिहाइभन्दा बढी बहुमतबाट कोसी प्रदेश नामाकरण टुंगो लागेको उल्लेख छ ।

प्रदेशको नाम कोसी टुंगो लागेपछि आक्रोशित पहिचान पक्षधरहरूले ५ चैतसम्म पहिलो चरणको आन्दोलन सम्पन्न गरेका थिए । उनीहरूले दोस्रो चरणको आन्दोलन घोषणा गरेका छन् । जसअन्तर्गत १० देखि १४ चैतसम्म गाउँ-सहरमा कोसी प्रदेश खारेजी माग गर्दै मार्च पास अभियान चलाउने, कोसी प्रदेश र काठमाडौंमा विरोधसभा गर्ने, कोसी प्रदेश लेखिएका साइनबोर्ड हटाउने र लेटरप्याड च्यात्नेसम्मको छ ।

पहिलो चरणमा घोषणा गरिएका सांसद बहिष्कार गर्नेदेखि तालाबन्दी गर्नेलगायतका कार्यक्रमलाई पनि उनीहरूले निरन्तरता दिएका छन् । मुख्यमन्त्री हिक्मत कार्कीले प्रदेश सभाबाट नामाकरण टुंगो लागेकाले कोसी नाम खारेज होइन, संशोधनका लागि छलफलसमेत नहुने प्रतिक्रिया दिएपछि पहिचान पक्षधर थप आक्रोशित बनेका थिए ।

कोसी नाम खारेजीको माग गर्दै प्रदर्शनमा सहभागी हुँदा घाइते भएर उपचारका क्रममा मृत्यु भएका पदम लिम्बूको परिवारलाई प्रदेश सरकारले तीन लाख रुपैयाँ क्षतिपूर्ति दिने निर्णय गरेको छ । सोमबार बसेको कोसी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले लिम्बूको परिवारलाई तीन लाख रुपैयाँ क्षतिपूर्ति दिने निर्णय गरेको हो । ५ चैतमा विराटनगरमा भएको पहिचान पक्षधरहरूको प्रदर्शनमा लिम्बू घाइते भएका थिए । उनको उपचारको क्रममा धरानस्थित बिपी स्वास्थ्य प्रतिष्ठानमा १० चैतमा मृत्यु भएको थियो ।

प्रदेश सरकारले ५ चैतमा विराटनगरमा भएको पहिचान पक्षधर र प्रहरीबीचको झडपको घटना छानबिन गर्ने समितिलाई सहयोग गर्ने निर्णय पनि गरेको छ । संघीय सरकारले सहसचिव रामबन्धु सुवेदीको नेतृत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरेको छ ।

प्रहरीले प्रदर्शनकारीहरूले प्रहरीलाई प्रहार गरेको लाठी लागेर लिम्बू घाइते भएको दाबी गरेको छ । दोहोरो झडप भएपछि लिम्बू प्रदर्शनकारीलाई शान्त पार्न अग्रपंक्तिमा रहेर प्रहरीको अगाडि खटिएका थिए । सोही क्रममा प्रदर्शनकारीले प्रहरीलाई प्रहार गरेको लाठी लिम्बूलाई लागेको र उनी लड्खडाउँदै भिडबाट बाहिर निस्किएको भिडियोमा प्रस्ट देखिएको प्रहरीको दाबी छ ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads

Saljhandi Sandhikharka Dhorpatan Road Project

Sandhikharka, Arghakhanchi

Invitation for Bids

Notice No: 5/079/80

Date of Publication: 2079/12/14 (28th March, 2023)

1. **Saljhandi Sandhikharka Dhorpatan Road Project** invites Open Competitive bidding (Single Stage Double Envelope electronic bids in the form of Technical and Financial Bids) from eligible Nepalese bidders for the upgrading of Road Section as shown below under National Competitive Bidding Procedures.

S. N.	Contract No.	Name of Works	Average Annual Construction Turnover of best 3 years over the last 10 years (NRs. In Millions)	Bid Security Amount (NRs. In Millions)	Value of similar nature work in last 10 years (NRs. In Millions)	Non Refundable fee for bid document (NRs)
1	SSDRP/33 7011064/ 079/80-16	Upgrading/Improvement of Mate-Bhadar, Arghakhanchi and Purkotdaha-Arkhabang, Gulmi Road Section of Saljhandi-Sandhikharka-Dhorpatan Road to Blacktopped Standard	621.00	36.00	746.00	20,000.00

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Saljhandi Sandhikharka Dhorpatan Road Project or may visit PPMO's e-GP system: www.bolpatra.gov.np/egp.

अख्तियारका पूर्वआयुक्त पाठकलाई भ्रष्टाचार उद्योगमा मात्र सजाय

शिल्पा कर्ण/नयाँ पत्रिका

घुस लेनदेनको मिति किटान नभएको भन्दै विशेष अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठकलाई भ्रष्टाचार उद्योगमा मात्र सजाय सुनाएको छ। अदालतमा पेस भएका अडियो र भिडियो कहिलेको हो भन्ने यकिन नभएको भन्दै पाठकलाई उद्योग गरेको कसुर ठहर भएको हालै सार्वजनिक फैसलाको पूर्णपाठमा उल्लेख छ।

विशेष अदालतले गत २८ पुसमा यससम्बन्धी फैसला गरेको थियो। विशेषले पूर्वआयुक्त पाठकसँगै घुस उपलब्ध गराउने नेपाल इन्जिनियरिङ कलेजका पूर्वअध्यक्ष लम्बोदरकुमार न्यौपानेलाई पनि सजाय सुनाएको थियो। विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र बलभद्र बास्तोलाको इजलासले पाठकलाई भ्रष्टाचार उद्योग कसुरमा तीन वर्ष र संवैधानिक अंगका पदाधिकारी रहेकाले थप तीन महिना कैद सजाय सुनाइएको हो। अर्का प्रतिवादी न्यौपानेलाई पनि तीन वर्ष कैद सजाय हुने फैसला भएको थियो। दुवैजनालाई गरी ३९-३९ लाख रुपैयाँ जरिवाना तिराउने अन्तिम आदेश विशेषले दिएको थियो।

'प्रतिवादी राजनारायण पाठकउपर ७८ लाख घुस लिएको भनी आरोपदाबी लगाएकोमा सहप्रतिवादी लम्बोदरकुमार न्यौपानेबाट ज्ञानेन्द्रकुमार झाले कहिले उक्त रकम लिई कहिले दिएको हो ? त्यसको वारदात मिति नै मिसिलबाट यकिन भएको देखिँदैन,' फैसलामा भनिएको छ, 'रकम दिने ज्ञानेन्द्रकुमार झाले मौकामा दिएको हुँ भनी मिति किटान गरी लेखाउन सकेको छैन। ज्ञानेन्द्रकुमार झाले घुसबापत दिएको भनिएको रकम वादी पक्षले प्रतिवादीबाट बरामद गरी दशीका रूपमा आरोपदाबीसाथ पेस गर्न सकेको देखिँदैन। ज्ञानेन्द्रकुमार झाले प्रतिवादीलाई घुस दिँदा र प्रतिवादी राजनारायण पाठकलाई यो यति नम्बरमा नोट भएको रकम दिएको हुँ भनी उजुरी निवेदनमा कहीं कतै उल्लेख भएको देखिँदैन।'

पाठकलाई रकम दिने व्यक्ति न्यौपानेले रकम दिएको छैन भनी कसुरमा इन्कारी रहेको, प्रतिवादीको साथबाट रकम बरामद गरी दशीका रूपमा आरोपदाबीसाथ पेस दाखिलासमेत भई भौतिक प्रमाणका रूपमा पेस हुन नसकेको अवस्थामा केवल झा र ध्वजमान मुक्तानको बकपत्रका आधारमा मात्र घुसको रकम लिइसकेको भनी निष्कर्षमा पुग्न नसकिने फैसलामा उल्लेख छ।

नेपाल इन्जिनियरिङ कलेजसम्बन्धी विवादबारे अख्तियारबाट निर्णय भएको वा उजुरीको निकासा भएको अवस्था नदेखिएकाले पनि घुस लेनदेन भइसकेको मान्न अदालतले इन्कार गरेको हो। इजलासमा पेस अडियो भिडियोबाट समेत रकम लेनदेनको कुरा भए पनि घुस लिएको तथ्य पुष्टि हुने ठोस प्रमाणको अभावमा पाठकले अरू लिएको निष्कर्षमा पुग्न नसकिने फैसलामा उल्लेख छ। पाठकले घुस खाने मनसाय राखेकोमा लिन नपाउँदै अडियो भिडियो सार्वजनिक भएपछि पाठकले राजीनामा गर्नुपरेको तथा 'अरू लिने दिने शृंखला बीचमा टुट्न गई अपराध पूर्ण हुन नपाएको' इजलासको ठहर छ। घुस लिन पाठकले हरसम्भव प्रयास गरेको पुष्टि भएपछि भ्रष्टाचार उद्योग कसुरमा सजाय सुनाइएको हो।

विशेष अदालतले फैसलामार्फत संवैधानिक आयोगका सदस्यले स्वार्थ मिल्नेसँग निवासमै उठबस गर्नु र कामसँग सरोकारका विषयमा रकम माग गर्नु अशोभनीय भएको जनाएको छ। संविधानले अख्तियारको आयुक्त उच्च नैतिक चरित्रको हुनुपर्ने व्यवस्था गरेको छ। यस्तोमा पाठकले आयोगमा उजुरी परेका न्यौपानेसँग भेट्नु, अन्य व्यक्तिलाई माध्यम बनाई घुस माग म काम गरिदिन्छु भनी पटक-पटक लेनदेनकै विषयमा केन्द्रित भई कामकाज गर्नु अख्तियारको पदाधिकारीका लागि शोभनीय नहुने फैसलामा छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोकको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७९/१२/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोकबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ औँ दिन अर्थात मिति २०७९ **चैत्र २१ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोकमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:
जय भद्र थापा मगरको नाती, चन्द्र बहादुर थापा मगरको छोरा, सिन्धुपाल्चोक जिल्ला, बाडेगांउ गा.वि.स., वडा नं.०३ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती न.पा. वडा नं ०६ बस्ने **हरि बहादुर थापा मगर** (ना.प्र.प.नं. ३७८९/४/१०३९३, जारी मिति २०४५/०२/१२, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. चन्द्र बहादुर थापा मगरको बुहारी, हरि बहादुर थापा मगरको पत्नी, सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ०४ स्थायी घर भई सिन्धुपाल्चोक जिल्ला, हाल इन्द्रावती न.पा. वडा नं ०६ बस्ने **सिता देवी मगर** (ना.प्र.नं. १७९६/४२०९, जारी मिति २०४५/०२/०८, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।
२. चन्द्र बहादुर थापा मगरको नाति, हरि बहादुर थापा मगरको छोरा, सिन्धुपाल्चोक जिल्ला, बाडेगांउ गा.वि.स., वडा नं.०३ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती न.पा., वडा नं ०६ बस्ने **रबि थापा मगर** (ना.प्र.नं. २४१०३१/२०७८, जारी मिति २०६४/०४/१०, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **हरि बहादुर थापा मगर**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक बाडेगांउ गा.वि.स. वडा नं. ०३ स्थित कित्ता नं ६३८ र ६३५, क्षेत्रफल क्रमश १-१४-०-२ र १-११-२-३ (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण:
राम सिं तामाङको नाती, चतुर सिं तामाङको छोरा, सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स., वडा नं ०१ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा, वडा नं. ९ बस्ने **महेन्द्र कुमार तामाङ** (ना.प्र.प.नं. ६०६७४, जारी मिति २०४९/१२/०१, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताको विवरण:
१. तिर्थ बहादुर तामाङको छोरी, महेन्द्र कुमार तामाङको पत्नी, सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स., वडा नं ०१ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा., वडा नं. ९ बस्ने **राम्री तामाङ** (ना.प्र.नं.२४१०५५/१६२२३, जारी मिति २०६५/१२/२७, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **महेन्द्र कुमार तामाङ**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक भोटसिपा गा.वि.स., वडा नं. ०१ स्थित कित्ता नं ९२७,९२९ र ९३१ को क्षेत्रफल क्रमश ४-१४-१-१, २-९-०-१ र १-९-१-१ (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. ऋणीको विवरण:
जय बहादुर माझीको नाती, धन बहादुर माझीको छोरा, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स., वडा नं ०४ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. १० बस्ने राम बहादुर माझी (ना.प्र.प.नं. ४७०५२/११२३५३ जारी मिति २०६०/०२/०८ जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. सनमान माझीको नाति, जय बहादुर माझीको छोरा, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स.,वडा नं ०४ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा ,वडा नं. १० बस्ने **धन बहादुर माझी** (ना.प्र.नं. १९४१/३ /६९५३ जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।
२. धन बहादुर माझीको बुहारी, राम बहादुर माझीको पत्नी, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स.,वडा नं ०४ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. १० बस्ने **भगवती माझी** (ना.प्र.प.नं. १३१०६० जारी मिति २०६०/०८/२६ जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।
३. जय बहादुर माझीको बुहारी, धन बहादुर माझीको पत्नी, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स., वडा नं ०४ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. १० बस्ने **गगां माया माझी** (ना.प्र.प.नं. ५०/१९६८ जारी मिति २०४६/०२/२० जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **धन बहादुर माझी**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक शिखरपुर गा.वि.स., वडा नं. ०४ स्थित कित्ता नं ५३४, ५८४, ५८५, ५५०, ५४० र ५२७ को क्षेत्रफल क्रमश ०-४-१-०, २-१५-०-३, ३-०-१-३, ०-३-०-२, ०-५-०-३ र ०-७-२-३ (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

४. ऋणीको विवरण:
हिस्से तामाङको नाती, संचर तामाङको छोरा, सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स., वडा नं.०१ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा., वडा नं. ०९ बस्ने **जिवन तामाङ** (ना.प्र.प.नं. २४१०५०/५६७२ जारी मिति २०६५/०१/२९ जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताको विवरण:
१. संचर तामाङको बुहारी, तोम बहादुर तामाङको छोरी, जिवन तामाङको पत्नी, सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स., वडा नं ०१ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा., वडा नं. ०९ बस्ने **फुलमाया तामाङ** (ना.प्र.नं. २४१०५५/४१० जारी मिति २०६८/१०/०३, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **जिवन तामाङ**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक भोटसिपा गा.वि.स., वडा नं. ०१ स्थित कित्ता नं १२७२ र १२७४, क्षेत्रफल क्रमश १-५-१-१ र १-३-१-० (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

५. ऋणीको विवरण:
खड्ग बहादुर श्रेष्ठको बुहारी, जय गोपाल श्रेष्ठको पत्नी, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स., वडा नं ०८ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. १२ बस्ने **निल कुमारी श्रेष्ठ** (ना.प्र.प.नं. ३०६३/३५ जारी मिति २०७०/०२/२० जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. भैरब बहादुर श्रेष्ठको नाती, खड्ग बहादुर श्रेष्ठको छोरा, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स., वडा नं ०८ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. १२ बस्ने **जय गोपाल श्रेष्ठ** (ना.प्र.नं. ९७७/(३)७२३३ जारी मिति २०४५/०९/०८, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **निल कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक शिखरपुर गा.वि.स., वडा नं. ०८ स्थित कित्ता नं ३२७, क्षेत्रफल १-१२-०-० (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

६. ऋणीको विवरण:
बहादुर कार्कीको नाती, भिमसेन बहादुर कार्कीको छोरा, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स., वडा नं ०१ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. १० बस्ने **राज कुमार कार्की** (ना.प्र.प.नं. ३५२९/६८२७ जारी मिति २०४५/०२/०६ जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :
१. **भिमसेन बहादुर कार्की**को बुहारी, राज कुमार कार्कीको पत्नी, सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स., वडा नं ०१ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. १० बस्ने रिता कार्की (ना.प्र.नं. २४३०७८/२३ जारी मिति २०६३/११/२५, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **राज कुमार कार्की**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको साबिक सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स., वडा नं. ०२ स्थित कित्ता नं १३०६, क्षेत्रफल ४-२-२-१ (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

७. ऋणीको विवरण:
विस नारायण दंगालको नाती, बालकृष्ण दंगालको छोरा, सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स. वडा नं ०५ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा., वडा नं. १० बस्ने **राजु दंगाल** (ना.प्र.प.नं. ९५०४१ जारी मिति २०५६/०४/१२ जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. बालकृष्ण दंगालको बुहारी, राजु दंगालको पत्नी, सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स. वडा नं ०६ स्थायी घर भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा., वडा नं. १० बस्ने **विन्दा दंगाल** (ना.प्र.नं. २४३०३१/४८८ जारी मिति २०६३/१०/२३, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक)।

ललाम हुने सम्पत्तिको विवरण:
१. **राजु दंगाल**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको साबिक सिन्धुपाल्चोक जिल्ला, भोटसिपा गा.वि.स., वडा नं. ०५ स्थित कित्ता नं २१९२, २१९४, २१८७ र २१८९, क्षेत्रफल क्रमश ०-४-१-२, १-०-२-०, १-१५-१-१ र ०-१०-०-३ (रो.आ.पै.दा) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौँ) दिन अर्थात २०७९ **चैत्र २० गते** भित्र बैंकको शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोक स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोक स्थित कर्जा विभागबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौँ) दिन अर्थात २०७९ **चैत्र २१ गते मंगलबार** ३:०० (**तिन**) बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोक स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोक स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०७९ साल चैत्र २१ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोक फोन नं. ०१-४३८२१८०

संक्षेप

माधव नेपाल पुँजीवादीको पिछलग्गु भए : ओली

गुल्मी/ एमाले अध्यक्ष केपी ओलीले माधवकुमार नेपाल पुँजीवादीको पिछलग्गु बनेको आरोप लगाएका छन्। एमाले गुल्मीको मिसन ग्रासरुट अभियानअन्तर्गत बृहत् प्रशिक्षणलाई सम्बोधन गर्दै उनले नेता नेपालप्रति व्यंग्य गर्दै पुँजीवादीहरूको पुच्छर र फाटोवादी प्रवृत्ति ढाक्न एकीकृत थपेर समाजवादी भन्दै हिँडेको कटाक्ष गरे। देशले नाकाबन्दीको सामना गरिरहेका बेला माधव नेपालले संसद्मा 'देश डुब्ने लाग्यो बचाउन कोही त आऊ' भनेर पार्टी फुटाउन सुरु गरेको आरोप लगाए। उनले काग्रेसको बदमासी र बेइमानी बुझेर पनि बहुमत नहुँदा सरकारबाट बाहिर रहनुपरेको भन्दै नेता तथा कार्यकर्तालाई सचेत गराए।

सेनाको टोलीले डिस्पोज गऱ्यो नौ थान बम

नवलपुर/ पूर्वी नवलपरासीको विनयी त्रिवेणी गाउँपालिका-५ भेडीगाउँनजिकैको जंगलमा भेटिएको नौ थान बम नेपाली सेनाको टोलीले सोमबार डिस्पोज गरेको छ। जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायब उपरीक्षक सन्तोष पाठकका अनुसार नम्बर २ वन तथा पर्यावरण सुरक्षा गण हात्तीखोरबाट गएको टोलीले बम डिस्पोज गरेको हो। अस्थायी प्रहरीचौकी सर्दीबाट १८ किमि उत्तरतर्फ आइतबार बम भेटिएको थियो। गोठालो गएका स्थानीयले बम देखेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरीले घटनास्थललाई रातभर सुरक्षा दिएर राखेको थियो। घटनास्थलमा नेपाली सेनाको टोली पुगी चेकजाँच गर्दा ८१ एमएम मोर्टार हतियारको नौ थान सेल भेटिएको थियो। उक्त सेलमा आठ थान केससहित र एक थान केसरहित अवस्थामा बम भेटिएको थियो।

मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

काठमाडौं/ नाइ्लेभारेमा मोटरसाइकलको ठक्करबाट एकजनाको मृत्यु भएको छ। शंखरापुर नगरपालिका- १ तल्लो नाइ्लेभारेमा जहरसिंपौवाबाट मेलम्चीतर्फ जाँदै गरेको बा.४५प ५४४१ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४२ वर्षीय रामबहादुर तामाङको गएराति मृत्यु भएको हो। मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका तामाङको उपचारका क्रममा त्रिभुवन शिक्षण अस्पताल महाराजगन्जमा निधन भएको काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए। दुर्घटनामा घाइते भएका मोटरसाइकलचालकको सलम्बुटारस्थित पिपुल्स लाइफ केयर अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि शंखरापुर अस्पताल पठाइएको प्रवक्ता भट्टले बताए।

दुर्लभ रेडपान्डालाई सुरक्षित स्थानमा छोडियो

दैलेख/ नौमुले गाउँपालिकाको कालिकामा फेला परेको दुर्लभ रेडपान्डालाई सकुशल सुरक्षित स्थानमा छोडिएको छ। उच्च पहाडी क्षेत्रमा हिउँ परेसँगै दैलेखको कालिका भन्ने स्थानमा आएको रेडपान्डा पानीको तलाउमा भेटिएको थियो। स्थानीयले खबर गरेपछि नौमुले प्रहरी र डिभिजन वन कार्यालय दैलेखको टोलीले रेडपान्डालाई उद्धार गरेर दैलेख सदरमुकाम ल्याएको थियो। कालिकाका स्थानीयले फेला पारेपछि प्रहरी र वन कार्यालयको देवेन्द्र चौधरीको टोलीले उद्धार गरेर आइतबार डिभिजन वन कार्यालय दैलेखमा ल्याई अवस्था विश्लेषण गरिएको हो। चोटपटक कुनै नदेखिएको र रेडपाण्डा सकुशल रहेकाले पुनः जिल्ला वन कार्यालय, प्रहरी टोली र पशु सेवा कार्यालयको टोलीले सुरक्षित स्थानमा छोडेको छ। दैलेखको उनिपाटा भन्ने स्थानमा छोड्नका लागि डिभिजन वन कार्यालय दैलेख, प्रहरी र स्थानीय जनप्रतिनिधिको टोली त्यसतर्फ गएको डिभिजन वन कार्यालय दैलेखका प्रकाश विकले जानकारी दिए। दैलेखको महावु गाउँपालिका र नौमुले गाउँपालिकाको उच्च भूभागमा रेडपान्डाको बसोवास हुने गरेको छ।

जघन्य अपराधमा उन्मुक्ति दिन मिल्दैन : थापा

काठमाडौं/ राप्रपा नेपालका अध्यक्ष कमल थापाले जघन्य अपराधमा अपराधीलाई उन्मुक्ति दिन नमिल्ने बताएका छन्। सोमबार बिहान सामाजिक सञ्जालमा लेख्दै उनले जघन्य अपराधीलाई उन्मुक्ति दिनु संक्रमणकालीन न्यायको मान्यता नभएको बताएका हुन्। थापाले लेखेका छन्, 'माओवादी हिंसात्मक द्वन्द्वकालमा सयौँ निर्दोष व्यक्तिको हत्या भएको छ। उनीहरूका परिवारले न्याय पाउनुपर्छ। हत्यालाई वर्गीकरण गरेर अपराधीलाई उन्मुक्ति दिनु संक्रमणकालीन न्यायको मान्यता होइन। हत्या जघन्य अपराध हो। अहिले विद्रोही र सरकार दुवै एउटै भएका छन्। यस्तो वेला जनताको प्रतिनिधि संसद्ले विवेक गुमाउनेछैन भन्ने आशा गर्दछु।'

हकदावीको सूचना

कोशी प्रदेश, सुनसरी जिल्ला, बराहक्षेत्र न.पा वडा नं ०६ स्थायी ठेगाना (हालको बराहक्षेत्र न.पा वडा नं ०६) बस्ने रित बहादुर भट्टराई श्रीमति, जय बहादुर घिमिरेको छोरी, लिला घिमिरे मिति २०७८/१२/२० गतेका दिन बराहक्षेत्र न.पा. वडा नं ०६ चक्रघट्टीमा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. १०९०५३३०००५६९२ मा भएको सम्पूर्ण रकम निज लिला घिमिरेको सबैभन्दा नजिकको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको भतिजाहरु रमेश भट्टराई र दिनेश भट्टराईले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक भतिजाहरु रमेश भट्टराई र दिनेश भट्टराई बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदक भतिजाहरु रमेश भट्टराई र दिनेश भट्टराई दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.


शाखा कार्यालय,
बराहक्षेत्र ॥, सुनसरी
फोन नं.:- ०२५-५५१२००

भोलाको ८ हजार टिकट बिक्री



अजय देवगनको फिल्म 'भोला' आगामी बिहीबार भारतका सिनेमाघरहरूमा रिलिज हुँदै छ। सोमबारसम्म यो फिल्मका आठ हजार टिकट बिक्री भइसकेका छन्। एड्भान्स बुकिङ राम्रो भएकाले यस फिल्मको सुरुवाती व्यापार पनि राम्रो हुने अनुमान लगाइएको छ। फिल्ममा अजयसँगै तब्बु, सञ्जय मिश्रा, दीपक दोब्रियाललगायतको अभिनय छ।

३८ वर्षका भए राम चरण



दक्षिण भारतीय अभिनेता राम चरणले सोमबार आफ्नो ३८औँ जन्मदिन मनाएका छन्। यही अवसरमा उनले आफ्नो नयाँ फिल्मको नाम घोषणा गरेका छन्। उनी अब 'गेम चेन्जर' फिल्ममा देखिनेछन्। सोमबार यस फिल्मको टिजर पनि रिलिज गरिएको छ। टिजरमा देखाइएअनुसार यो एक राजनीतिक थ्रिलर फिल्म हो।



हेल्थ टिप्स

बालबालिकामा सुक्खा खोकी उपचार कसरी ?



डा. सबेन्द्र दास
बालरोग विशेषज्ञ
ईशान अस्पताल

अहिले मौसमी फ्लु वा इन्फ्लुएन्जाले धेरैलाई सताउने गरेको छ। फ्लुले मानिसको श्वासनलीलाई संक्रमित गर्छ। जसकारण ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, छाती दुख्ने, जिउ दुख्नेलगायत समस्या देखिन्छन्। भाइरस इन्फेक्सनका कारण अस्पताल भर्ना हुने बालबालिकाको संख्या बढ्दो छ। विशेषगरी, बालबालिकालाई ज्वरो र सुक्खा खोकीले सताइरहेको देखिन्छ।

भाइरल इन्फ्लुएन्जाका कारण बच्चामा अचानक ज्वरो आउने, टाउको दुख्ने, निरन्तर खोकी लाग्ने, छाती दुख्ने, शरीर दुख्ने, घाँटी, नाकबाट पानी बग्नेलगायत लक्षण देखिन्छ। सुरुमा रुघाखोकी लाग्छ। तर, यसलाई बेवास्ता गर्दा टाइफाइड, निमोनियालगायत समस्या देखिने जोखिम पनि रहन्छ। त्यसैले वेलैमा सचेत रहन आवश्यक छ।

बच्ने उपाय

- अहिलेको भाइरल इन्फ्लुएन्जा कडा छ, त्यसैले बालबालिकालाई बाहिर भिडभाडमा लानुहुँदैन।
- बच्चालाई ज्वरो वा खोकी छ भने विद्यालय पठाउनु हुँदैन। यस्तो अवस्थामा स्कुल पठाउँदा अर्को बच्चालाई सर्न सक्छ। बच्चा बिरामी भएमा घरमै हेरचाह गर्नुपर्छ।
- रुघाखोकी लागेका व्यक्तिबाट टाढा राख्नुपर्छ।
- अहिले हावा प्रदूषित छ। बाइक तथा स्कुटरमा यात्रा गराउन हुँदैन। हावाका माध्यमबाट विभिन्न रोगको संक्रमण हुन सक्छ।
- बच्चालाई अनिवार्य रूपमा मास्क लगाइदिनुपर्छ।
- बाहिरबाट कोही मानिस घरमा जाँदा आफूले लगाएको लुगा कपडा फुकालेर मात्रै बच्चासँग भेट्ने गर्नुपर्छ।
- बच्चालाई भेट्नुअघि हात अनिवार्य धुनुपर्छ।
- बच्चाहरू चञ्चले हुन्छन्। हातले फोहोर छोएर फेरि त्यही हातले मुख धुँदा कीटाणुले संक्रमण गर्न सक्ने जोखिम रहन्छ। त्यसैले वेला-वेलामा साबुनपानीले उनीहरूको हात धोइदिनुपर्छ।
- बिहान-बेलुकी ब्रस अनिवार्य गराउनुपर्छ।
- औषधि जथाभावी खुवाउनु हुँदैन।

खानेकुरा कस्तो खुवाउने ?

- यस्तो वेला बालबालिकालाई झोलिलो खानेकुरा खुवाउनुपर्छ। विशेषगरी, पौष्टिक आहार भएको खानेकुरा खुवाउनुपर्छ। जसले गर्दा रोगप्रतिरोधात्मक क्षमताको विकास हुन्छ।
- दूषित पानीमा कीटाणुहरू हुन्छन्। त्यसैले बालबालिकालाई दूषित पानीको सम्पर्कमा जान दिनुहुँदैन। उनीहरूलाई उमालेको शुद्ध पानी पर्याप्त मात्रामा खुवाउनुपर्छ।
- चाउचाउ, आलुचिप्स, चाउमिन, मःमः लगायत जंकफुड खुवाउनु हुँदैन। घरमै पकाएको स्वास्थ्यवर्द्धक खानेकुरा खुवाउनुपर्छ।
- फलफूल पनि सकेसम्म तातो पानीमा भिजाएर खुवाउनुपर्छ। स्याउलाई मनतातो पानीमा भिजाएर मनतातो भएपछि मात्रै खुवाउने गर्नुपर्छ।
- गेडागुडीको झोल, हरियो सागसब्जी तथा जाउलो खुवाउनुपर्छ।

उपचार

- कुनै बच्चालाई रुघाखोकी मात्रै लाग्यो भनेर बेवास्ता गर्नुहुँदैन। समयमै उपचार नगर्दा निमोनिया, टाइफाइडलगायत समस्या देखिन सक्छन्। कतिपय बच्चालाई ज्वरो आउँदा पनि निमोनिया हुन सक्छ। उनीहरूमा रोगसँग लड्ने क्षमता कम हुन्छ।
- पारासिटामोल पनि खुवाउनुपर्छ। डाक्टरको सल्लाहअनुसार बच्चालाई औषधि दिनुपर्छ। बच्चालाई गाह्रो भएमा चिकित्सकको परामर्श लिनुपर्छ र उपचार गर्नुपर्छ। टाउको दुखिरहेको छ र ज्वरो पनि छ भने पारासिटामोल खुवाउने, एन्टिभाइरल औषधि प्रयोग गर्न सकिन्छ।

चित्रकलाले बढाउँछ सिर्जनात्मक क्षमता







चित्रकला अभिव्यक्तिको एक सशक्त स्वरूप हो। यसले मानिसलाई उनीहरूको भावना र विचार अभिव्यक्त गर्न सहयोग गर्छ।

■ हिजोआज मानिसहरू दौडधुपमै समय बिताइरहेका हुन्छन्। कामको तनाव, दौडधुप र भविष्यको चिन्ताका कारण धेरैको निद्रा बिग्रिरहेको हुन्छ। व्यस्तताबीच पनि केही रचनात्मक हुन सकियो भने मुड फ्रेस रहन्छ।

■ मानिसलाई सिर्जनात्मक र तनावमुक्त बनाउने एउटा सशक्त माध्यम चित्रकला हो। फुर्सदको समय चित्र कोर्ने बानी बसाल्दा तनाव कम हुन्छ र दिमागले नकारात्मक कुराहरू सोच्न पाउँदैन। चित्रकला अभिव्यक्तिको एक सशक्त स्वरूप हो। यसले मानिसलाई उनीहरूको भावना र विचारहरू अभिव्यक्त गर्न सहयोग गर्छ। रङको आफ्नै अर्थ र भाव हुन्छ। त्यसले मनलाई ऊर्जाशील र रचनात्मक बनाउँछ। स्वतन्त्रताको प्रत्याभूति दिलाउँछ। मस्तिष्कलाई वर्तमानसँग जोड्छ र त्यसैमा घोत्लिन प्रेरित गर्छ।



ईशान परियार
चित्रकार
इज आर्ट स्टुडियो

■ चित्रकलाले समस्या समाधान गर्ने सीपलाई पनि बढावा दिन्छ। त्यस्तै, मानिसमा आत्मशान्ति, आत्मसम्मान र आत्मविश्वास बढाउँछ।

■ बालबालिकालाई पेन्टिङ सिकाउनाले उनीहरूको समग्र विकासमा फाइदा पुग्छ। आँखा र हातबीचको संयोजन राम्ररी विकास हुन पाउँछ। चित्रकलालाई सम्मानजनक पेसाको रूपमा लिन सकिन्छ। यसले भावनात्मक बौद्धिकता, आत्मजागरण र आत्मविश्वास वृद्धि गर्छ। धैर्यशील बन्न सहयोग गर्छ। ध्यानशक्ति विकास हुन्छ। चित्रकला प्रदर्शनीमा गएर प्रत्यक्ष रूपमा चित्रकलाको भावलाई बुझ्न र अनुभूत गर्न सकिन्छ। बालबालिकालाई चित्रकला प्रदर्शनीमा लैजाने र अन्यसँग अन्तर्क्रिया गराउने कार्यले सामाजिक बन्न र टिमवर्कमा विश्वास गर्न सिकाउँछ। कला र संस्कृतिप्रति सम्मान भाव बढाउँछ।

टिमुरका फाइदा



- नेपालमा टिमुर अचारको रूपमा बढी प्रयोग हुन्छ। यो छोइला र मासुमा पनि हालिन्छ।
- टिमुरलाई विभिन्न औषधिका रूपमा प्रयोग गरिन्छ। हैजा, ज्वरो र पेटको विकार ठीक गर्न टिमुर लाभदायी हुन्छ।
- टिमुरको बोक्रा, फल र बिउलाई दन्तमञ्जन, साबुन, अत्तरको रूपमा प्रयोग गरिन्छ।
- जंगली जुका खसाल्न तथा जैविक विषादी बनाउँदा टिमुरको प्रयोग हुँदै आएको छ।
- गाउँघरतिर टिमुरको तेल मर्किएको ठाउँ, टाउको दुख्दा र पिनास हुँदा प्रयोग गर्ने गरिन्छ।
- युरोपका धेरै देशमा शृंगारका सामग्री र सुगन्धका प्रसाधनमा टिमुरको उपयोग गरिन्छ। त्यस्तै, त्यहाँका कतिपय मुलुकमा औषधिको रूपमा समेत प्रयोग हुन्छ।

रिजाल र अधिकारीलाई स्रष्टा सम्मान



काठमाडौं/ नेपाल संगीत उद्योग संघले आइतबार गीतकार भोला रिजाल र संगीतकार सुरेश अधिकारीलाई 'स्रष्टा सम्मान' प्रदान गरेको छ। 'अमिन राष्ट्रिय म्युजिक अवार्ड २०७९' मा उनीहरूलाई यो सम्मान दिइएको हो। त्यसैगरी, अभिनेता शिव श्रेष्ठलाई 'कलाकारिता सम्मान', पत्रकारद्वय तुलसी गिरी 'भावुक' र सुमन पण्डितलाई 'पत्रकारिता सम्मान', हेमराज ढकाल, सुमित केडिया, भक्त हमाल, नरेशलाल श्रेष्ठ, नानीराज घिमिरे र रविन श्रेष्ठलाई 'व्यावसायिक सम्मान' प्रदान गरिएको छ।

'पानी चल्दैन' बोलको गीतका लागि यश कुमारलाई 'बेस्ट डिकेड सिंगर' अवार्ड प्रदान गरिएको छ। त्यस्तै, 'म के गरूँ'का लागि रामचन्द्र लाम्गादेले 'बेस्ट न्यु लिरिक्स', 'नढाँटन है'का लागि दीपक लिम्बूले 'बेस्ट सिंगर (मेल)', 'बिहानीको मिर्मिरे उज्यालोमा'का लागि बबिता मानन्धरले 'बेस्ट सिंगर (फिमेल), 'ज्यालाको पर्दा'का लागि गोविन्द लिम्बूले 'बेस्ट न्यु सिंगर (मोडर्न सङ)' र 'छैन है गुनासो'का लागि डिपी खनालले 'बेस्ट लिरिक्स (मोडर्न सङ)' को अवार्ड जितेका छन्।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी बझाङ
सुदुरपश्चिम प्रदेश नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सुचना प्रकाशित मितिः २०७९/१२/१४ (२८ मार्च २०२३)

यस गाउँपालिकाको मिति २०७९/१०/१७ गतेको सौर्य दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP Portal (www.bolpatra.gov.np/egp) मा प्रकाशित सार्वजनिक सूचना अनुसार E-bid द्वारा प्राप्त भएका बोलपत्रहरुमध्ये सार भुतरुपमा प्रभावग्राही देखिएको तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने बोलपत्र मूल्यांकन समितिबाट निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नम्बर	विवरण	बोलपत्र स्वीकृतीको लागि दिइएको बोलपत्रदाता	कबोल अंक (भ्याट सहित)
1	DRM/NCB/Works/ 2079/80-04	Construction of Jhanana Moribagar Tatbandan Durgathali-2 Bajhang	Nuwadeu Construction Durgathali-7 Bajhang	1863252.48/-

प्रमुख प्रशासकिय अधिकृत

अन्नपुर्ण माध्यामिक बिद्यालय
मुड्केचुला गाउँपालिका
सर्मि-७, डोल्पा

बोलपत्र स्वीकृतिको आशयको सूचना

सूचना प्रकाशित मितिः २०७९/१२/१४

यस अन्नपुर्ण माध्यामिक बिद्यालयले मिति २०७९/१०/१९ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार निम्न निर्माण कार्यको लागी बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिल बमोजिमको बोलपत्र दाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०७३ को दफा २७ को उपदफा (२)को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

ठेक्का नं	सार्वजनिक निर्माण कार्यको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम (मु.अ.क सहित)
ASS/NCB/W/ 079-080/01	Retaining Wall Constructions	दर्शन एण्ड दिगदर्शन सप्लायर्स मुड्केचुला-७, सर्मि	८९८५४५४.९

प्रधानाध्यापक

नेपाल सरकार
शहरी विकास मन्त्रालय
अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति
नयाँबानेश्वर, काठमाडौं

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१२/१४ गते)

यस केन्द्रलाई आ.व. २०७९/८० को लागि आवश्यक स्टेशनरी तथा सरसफाई सम्बन्धी मसलन्दका सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म तथा सप्लायर्सहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सिलबन्दी दरभाउपत्रको फाराम केन्द्रको लेखा शाखाबाट खरिद गर्न सकिने छ।

सिलबन्दी दरभाउपत्र संकेत नं.	काम विवरण	जमानत रकम रु.	प्रति फाराम दस्तुर रु. (फिर्ता नहुने)	खरिद गर्ने अन्तिम मिति र समय	पेश गर्ने अन्तिम मिति र समय	खोल्ने मिति र समय
ICCDC/SQ/Goods/ 079/80-01	स्टेशनरी तथा सरसफाई सम्बन्धी मसलन्दका सामानहरु खरिद गर्ने सम्बन्धी कार्य	पचास हजार	एक हजार	२०७९ चैत्र २८ गते	२०७९ चैत्र २९ गते १२:०० बजे	२०७९ चैत्र २९ गते १४:०० बजे

थप जानकारीको लागि कार्यालय समय भित्र स्वयं उपस्थित भई वा फोन नं. ०१-५७१७०६८, ५७१७०६० मा सम्पर्क गर्न सकिने छ।

Bagamati Province Government
Ministry of Health
Health Directorate
Hetauda, Nepal

Invitation for Sealed Quotation
Printing and Supply of FCHV Basic Training Manual

SQ No: HD/G/SQ-1/2079-80
Date of publication:**2079/12/14 (28th March,2023)**

The Health Directorate, Bagmati Province, Hetauda, Nepal invites Sealed Quotation from eligible bidders for the **Printing and Supply of FCHV Basic Training Manual under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.**. Eligible Bidders may obtain further information from the office of Health Directorate, Hetauda, Phone No: 977- 057524761, email address : hd.prov3@gmail.com or may visit PPMO egp system : www.bolpatra.gov.np/egp.

SQ.No:	Description of Items	Quantity (unit)	Minimum Bid Security Amount (NRs.)	Cost of Bid documents (NRs.)	Bid Security Validity
HD/G/SQ-1 /2079-80	As per BOQ	As per SQ Documents	44,000.00	1000.00	11 Asar, 2080 (26th June, 2023)

Director

शासकीय उन्मादको वैश्विक त्रासदी

पछिल्लो वैश्विक सन्दर्भबाट लोकतान्त्रिक विधिमार्फत निर्वाचित नेतृत्वलाई पनि सत्तामा पुगेपछि आफूमा ईश्वरीय सर्वोच्चता रहेको भ्रम पलाउने गरेको प्रमाणित भएको छ



● सुरेश प्राञ्जली

अग्रलेख



यही ७ चैतमा प्रधानमन्त्री उपस्थित नयाँ बानेश्वरको एउटा कार्यक्रममा बैंकको ब्याजविरुद्ध 'नारा लगाउन खोजेका' केही युवाको मुख राज्यका बर्दीधारी प्रहरीले थुन्दै गरेका तस्बिर र भिडियो सामाजिक सञ्जालमा भाइरल भए। त्यसको भोलिपल्ट ८ चैतमा सरकारले टेलिफोन, मोबाइल वा अन्य माध्यमबाट नागरिकले गरेका व्यक्तिगत-निजी कुराकानी सरकारी अधिकारीले सिधै रेकर्ड गर्न सक्ने गरी कानुनी व्यवस्था गर्न लागेको चर्चा चुलियो। यही सन्दर्भमा कतिपय राजनीतिक दलका नेताले सरकारले व्यक्तिगत फोन 'टेप' गर्ने कुरा स्वीकार्य नहुने भन्दै सामाजिक सञ्जालमार्फत आफ्नो व्यक्तिगत विमति पनि दर्ज गराए। विगतमा केपी ओली सरकारद्वारा प्रस्तावित सोही विधेयक तीव्र विरोधका कारण रोकिएको थियो। पछिल्लो सरकारले फेरि त्यही विवादित विधेयक अगाडि बढाउन लागेपछि 'सरकारको नियतमाथि प्रश्न' उब्जिनु स्वाभाविक हो। कतिपयले सो विधेयकमार्फत 'जनतालाई नतर्साउन' खबरदारी पनि गरेका छन्।

यी त संविधानमै लिपिबद्ध नागरिकका मौलिक हकसमेत हनन हुने गरी राज्यले गर्ने र गर्दै आएका लोकतन्त्रविरोधी हर्कतका एकाध (प्रतिनिधि) दृष्टान्त मात्रै हुन्। पछिल्लो समय नेपालमा मात्रै होइन, विश्वकै कार्यकारी नेतृत्वमा असीमित शक्ति आर्जनको भोक यसरी जाग्दै गएको छ कि लोकतन्त्रप्रतिको शासकीय उत्तरदायित्व र नागरिक हितको संरक्षण मुलुकको प्राथमिकताको सूचीबाट हटेको छ।

हुन त विश्व शासनको अवधारणाको विकास र आरम्भ भएसँगै 'नागरिकपीडक' शासनको पनि अभ्यास हुँदै आएको हो। जर्मन चान्सलर एडोल्फ हिटलरले दोस्रो विश्वयुद्धताका जर्मनी प्रशासित युरोपका दुईतिहाइ यहुदीको जातीय सफाया गरे, नरसंहार मच्चाए। रसियन शासक भ्लादिमिर लेनिन, चिलीका शासक अगस्टो पिनोसे र इटलीका बेनिटो मुसोलिनीको शासकीय 'नार्सिसिज्म'को त कुरै नगरौं! आआफ्नो समयका क्रूर तानाशाहद्वारा शासित त्रासदीपूर्ण शासकीय नजिर विश्व इतिहासमा लिपिबद्ध भएका पनि छन्। सन् १९२२ ले विश्व राजनीतिक इतिहासमा सोभियत तानाशाह जोसेफ स्टालिनलाई जन्मायो। कम्बोडियाली शासक पोलपोटलाई पढ्दा मात्रै पनि उनको शासनको त्रास आँखा अघिल्तिर आउँछ। सन् १९७१ मा सैनिक 'कु'मार्फत सत्ता हडपेका इदी अमिन त शासकीय मुकुन्डो पहिरिएका 'क्रूरताका उत्पादक' नै थिए। क्याम्बोडियाका 'खमेर रुज' शासक पोलपोट, अल्बानियाका कम्युनिस्ट तानाशाह एनबर होक्सा, जिम्बावेका शासक आयन स्मिथ आदिका निम्ति इतिहासले भिन्नै 'क्रूरताको अध्याय' नै लेखेको छ!

२१औं शताब्दीका कतिपय विश्व शासक पनि शासकीय निर्ममताका द्योतक बन्ने गरेका छन्। भ्लादिमिर पुटिन, बेन्जामिन नेतन्याहु, भिक्टोर ओर्बान, डोनाल्ड ट्रम्पदेखि उत्तर कोरियाली शासक किम जोङ-उनसम्मका 'शासक'लाई पनि आधुनिक इतिहासले उपयुक्त संज्ञा देला नै। जसले आफ्ना नागरिकउपर क्रूरता अभ्यासका निम्ति 'स्पातमा पाइन' चढाए! जो नागरिकका पीडा र भावनासित धित मरुन्जेल खेले! शासकीय लोकतन्त्र संस्थागत भएको भनिएको वैश्विक परिदृश्यमा आजका लोकतान्त्रिक शासकका 'शासकीय' हर्कत एउटा 'विसंगत मजाक' बनिदिएको छ। नागरिक आजादीको संरक्षण स्वयं लोकतन्त्रको भीमकाय चुनौती बनेको छ। शासकीय अक्षमताले त राज्य दोहनलाई यतिसम्म बढावा दिएको छ कि लोकतन्त्रको आवरणमा अन्य कुनै 'तन्त्र' मौलाउँदै गरेको प्रतीत हुन्छ। राज्यकै संरक्षणमा लोकतन्त्रको 'दलालीकरण' भइरहेको छ। त्यसो त, लोकतन्त्रमा शासकीय प्रबन्ध र 'डेलिभरी'लाई एउटा कलाका रूपमा आत्मसात् गर्ने गरिन्छ। तर, आजका नेताले भने यसलाई शक्ति उन्मादीको रक्षाकवचका रूपमा बुझ्ने गरेका छन्। एकजना अमेरिकी पत्रकार बार्बरा डेमिकले आफ्नो किताब 'नथिङ टु इन्भे अर्डिनरी लाइभ्स् इन नर्थ कोरिया'मा उल्लेख गरेकी छिन्- उत्तर कोरियाली आमनागरिकले कुनै दिन सडक चोकमा ठड्याइएका तानाशाही शासकको निर्जीव सालिकका अघिल्तिर शिर झुकाउन भुले भने उनीहरूले बाँच्न पनि भुल्नुपर्छ, अर्थात् उनीहरूको बाँच्ने अधिकारै शासकद्वारा खोसिन्छ। मर्नुअगावै उनीहरूको हातमा स्थानीय निकायबाट मृत्युदर्ताको प्रमाण पत्र आइपुग्छ। हुन पनि जब 'शासक'लाई शक्ति उन्मादले गाँज्छ, ऊ आत्मपूजाको पुज्ज, सनकी/कायर मालिक र स्वेच्छाचारिताको दास बन्न पुग्छ।

पछिल्लो वैश्विक आर्थिक स्वास्थ्य थलिँदै जानुमा 'शक्तिशाली' करार गरिएका कतिपय मुलुकका शासकको 'नार्सिसिस्ट' मनोविज्ञान र तिनको बहुलठ्ठीपन बढी जिम्मेवार देखिन्छ। त्यसैले पनि होला, यतिबेलाको विश्व राजनीतिक रूपले बढ्दा द्वन्द्वोन्मुख भएको छ। यतिखेर मुलुकी व्यवस्था सञ्चालनका औजार ठानिएका विधिलाई कतिपय शासकको सनक र आत्मपूजाले प्रतिस्थापन गरिँदिएको छ। फलतः नागरिक शासकले समेत 'तानाशाही शासक' बन्ने वा 'सर्वसत्तावाद अभ्यास'को सपना देख्न पुगेका छन्। यस्तै एउटा उदाहरण हो, 'विश्वकै ठूलो लोकतन्त्र' ठान्ने गरिएको छिमेकी मुलुक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले देख्ने गरेको सपना पनि। उनी आफू नै सिंगो भारत भएको भ्रममा बाँचिरहेका छन्! मोदी यस्ता नेता हुन्, जसलाई आधुनिक र अलि परिष्कृत स्वरूपको शासकीय क्रूरता अभ्यास गर्ने दक्षिण एसियाली सनकी र बहुलठ्ठी 'शासक'का रूपमा लिने गरिन्छ। शासकीय उन्मादले उनी कतिसम्म सिञ्चित छन् भने आफ्नो 'नार्सिसिस्ट' गुणको पैरवी गर्न र राजनीतिक प्रपञ्चको ढाकछोप गर्न जस्तोसुकै निम्नस्तरीय हर्कत गर्न पनि उनी अग्रसर हुने गरेका छन्। पछिल्लो समय त उनमा एकखाले शासकीय बेचैनी र 'राजनीतिक हतासपन' पनि देखिन्छ। उनी वेलावेला वाक्-स्वतन्त्रताको खिलाफमा ताण्डव नै मच्चाउँछन्, स्वतन्त्र मिडियामाथि नाङ्गो धाबा बोल्छन्।

> पछिल्लो समय नेपालमा मात्रै होइन, विश्वकै कार्यकारी नेतृत्वमा असीमित शक्ति आर्जनको तीव्र भोक जाग्नाले लोकतन्त्रप्रतिको शासकीय उत्तरदायित्व र नागरिक हितको संरक्षण मुलुकको प्राथमिकताको सूचीबाटै हटिसकेको छ

सन् २००२ मा तत्कालीन गुजरातको मुख्यमन्त्रीत्वकालमा घटित हिन्दू-मुस्लिम दंगाका वेला मोदी प्रशासनले अल्पसंख्यक मुस्लिम समुदायमाथि लिएको विभेदपूर्ण नीतिका सन्दर्भमा समालोचनात्मक कभरेजसहित बिबिसीको वृत्तचित्र रिलिजको तुस साँध्न गत १४ फेब्रुअरी भारतस्थित बिबिसीको कार्यालयमा मोदी प्रशासनले छापा मार्‍यो। त्यसबाहेक 'भारत जोडो यात्रा'मार्फत भारतीयको मन जित्दै र ध्यान खिच्दै गरेका भारतीय कंग्रेस पार्टीका नेता राहुल गान्धीले पछिल्लो बेलायत भ्रमणका क्रममा भारतीय लोकतन्त्रमाथि गरेको टिप्पणीको प्रतिशोध साँध्न 'मोदी निर्देशित न्यायघर'को आवरणमा राहुल गान्धीको सांसद पद नै खारेज गरेर जेल सजाय सुनाइयो। खासगरी, मोदी उनको 'हिन्दू राष्ट्रवाद' र 'भारतीय जनता पार्टी'को संस्थागत वैचारिकीविरुद्ध उभिने जोकोहीलाई पनि सिध्याउन चाहन्छन्। यी एकाध घटना मात्रै पनि मोदीको शक्ति उन्माद र शासकीय मनोदशा दर्साउन पर्याप्त छन्। यस्तै मनोदशाबाट गुज्रिएका थुप्रै शासक मौजुद छन्, वर्तमान विश्व राजनीतिमा। फिलिपिन्सका अघिल्ला राष्ट्रपति रोड्रिगो दुतेर्तेले पनि आफूमाथि नागरिकको 'गैरन्यायिक हत्या' आरोपको सार्वजनिक हिसाबकिताब उनले स्वतन्त्र मिडियामाथि हमला गरेर खोजे। उता ब्राजिलका अघिल्ला (३८औं) राष्ट्रपति जायर बोल्सोनारो पनि आफ्नो 'शासकीय खराबी'को ढाकछोप गर्न मिडियामाथि खनिने गरेको नजिर स्थापित नै छ। यसबाट पनि निर्क्योल गर्न सकिन्छ- जब कुनै मुलुकको कार्यकारी पदधारी नेता मिडियामाथि अर्घेल्याइँ गर्न तम्सिन्छ, ऊ कि 'पोलिटिकल्ली डिसओरियन्टेड' छ कि त उसमा तानाशाही शासक बन्ने भोक जागेको हुनुपर्छ!

नेपालको सन्दर्भमा नागरिकलाई कुनै जादुयी शासक चाहिएको होइन। राजकाज चलाउने शासकीय पात्रमा खोजिएको गुण भनेको ऊ राज्यशक्तिको उन्मादले निर्देशित नहोस् र उसमा न्यूनतम शासकीय इमान भइदियोस्। त्यसो त, हरेकजसो राजनीतिक परिवर्तनपश्चात् 'नयाँ' नेतृत्वको उदय हुने गरेको छ। तर, विडम्बना त के भइदियो भने त्यस्ता 'ऐतिहासिक' करार गरिने परिवर्तनले पनि पौराणिक ग्रिसका जलदेवता 'सेफिसस'को पुत्र 'नार्सिसस' जस्ता पात्रलाई शासकीय सत्तामा पुऱ्याइदियो। पछिल्लो वैश्विक सन्दर्भले के प्रमाणित गरिँदिएको छ भने लोकतान्त्रिक विधिमार्फत निर्वाचित नेतालाई पनि सत्तामा पुगेपछि आफूमा ईश्वरीय सर्वोच्चता रहेको भ्रम पलाउने गरेका छ। र, त्यही भ्रमले उनीहरूको शासकीय अभ्यासलाई निर्देशित गर्छ। यस्तो भ्रमपूर्ण शासकीय प्रवृत्तिगत मनोविज्ञानले नेता वा शासकलाई अत्यन्त शक्ति उन्मादी पनि बनाइदिने गरेको छ। तिनै शासकद्वारा नागरिक शासित भइरहनुपर्ने बाध्यताले आजको समग्र शासकीय राजनीतिलाई नै पूर्णतः 'एब्सर्ड' बनाइदिएको छ। त्यसका निदानका निम्ति वेलैमा नागरिक तहबाट शासकीय उन्मादीको ओखती 'प्रेस्क्राइब' हुनुपर्छ। त्यसो हुन सकेन भने वैश्विक राजकाजले शासकीय विध्वंसको प्रतीक्षा गर्नुसिवाय दोस्रो विकल्प सम्भवतः नरहन सक्छ।

३ प्रश्न

नेपाल सरकारका सहसचिव तथा मिटरब्याज समस्या अध्ययन कार्यदलका संयोजक **डा. भीष्मकुमार भुसाल**लाई



मिटरब्याजको समस्या अध्ययन गरी प्रतिवेदन पनि दिनुभयो, तर पीडितको आन्दोलन त रोकिएन नि ?

मिटरब्याजपीडितका समस्या सम्बोधन गर्न हामीले विभिन्न उपाय सुझाएका थियौं। विगतमा सुदखोरहरूले ब्याज मात्र असुल्थे। अहिले त अदालतमा मुद्दा दायर गरेर पीडितलाई थप अन्यायमा पार्ने क्रियाकलाप बढेको छ। विगतमा गरिएका सम्झौतामा भएका विषय छिटो कार्यान्वयन हुन नसक्दा पीडितहरू आन्दोलनमा आएका हुन सक्छन्।

विगतका सम्झौताका बुँदाहरू कार्यान्वयन किन हुन सकेनन् ?

कार्यान्वयन नै नभएको होइन। कानुनको मस्यौदा कानुन मन्त्रालय पुगेको छ। छानबिनको विषय चुनाव र नयाँ सरकार गठनका कारण प्रभावित भए पनि अहिले सक्रियता बढेको छ। उनीहरूको वित्तीय पहुँचमा सहज व्यवस्था गर्नेलगायत विषयमा काम हुन बाँकी छ। जति द्रुत गतिमा कार्यान्वयन हुनुपर्थ्यो, त्यो हुन नसकेको चाहिँ पक्कै हो।

यो समस्याको दीर्घकालीन समाधान कसरी हुन सक्ला ?

यसबारे हामीले प्रतिवेदनमा पनि उल्लेख गरेका छौं। न्याय र वित्तीय पहुँच सहज बनाउन भनेका छौं। नक्कली कागजात खडा गरेर सम्पत्ति हडप्ने मिटरब्याजीलाई कानुनी कठघरामा ल्याउन जरुरी छ। वित्तीय पहुँच बढाउन सबै तहका सरकार मिलेर चक्रीय कोष खडा गरेर पनि तत्काल समस्या समाधान गर्न सकिन्छ। पीडितहरू पनि सचेत हुनुपर्छ। आफूहरूले कुनै कागजमा सही गर्नुअघि त्यसको वास्तविकता परीक्षण गरेर प्रतिलिपि राख्ने विषयमा उहाँहरू जागरुक हुनु जरुरी छ।

प्रेरक प्रसंग

समस्या समाधानको फरक पाटो

एक पिता कुनै किताब पढ्न व्यस्त थिए। तर, उनका १० वर्षीय छोराले नजिक आएर उनलाई तालतालका प्रश्न सोधेर हैरान पारिरहेका थिए। आफूले जतिसुकै सम्झाउँदा वा हप्काउँदा पनि छोरामा कुनै असर नपरेको देखेर पितालाई कुनै अर्कै काममा छोरालाई अल्झाउन पाए हुन्थ्यो कि भन्ने लाग्यो। उनले नजिकै रहेको एउटा पुरानो किताब उठाएर पाना पल्टाए। त्यसमा विश्वको नक्सा छापिएको थियो। उनले त्यो पाना ध्यार्र च्याते र त्यसलाई कैयौं टुक्रामा काटेर मिसमास पारे। अनि, छोरालाई दिँदै भने- बाबु, यो विश्वको नक्सा हो। अब तिमी यी टुक्रालाई जोडेर नक्सा पूरा गरेर बाबालाई देखाऊ ल!



खुसी हुँदै बालक तत्काल काममा जुटे। पिता पनि अब दुई-चार घन्टासम्म ढुक्कले पढ्न पाइने भयो भनेर मक्ख परे। तर आश्चर्य! मुस्किलले पाँच मिनेट बितेको थियो होला, बालकले ती सबै टुक्राहरू जोडेर विश्वको नक्सा तयार गरे र पितालाई देखाए। छोराले त्यति कठिन काम पनि कुशलतापूर्वक छोटो समयमै पूरा गरेको देख्दा खुसी हुनुको साटो उनी छक्क परे। उनले छोरालाई प्रश्न गरे- तिमीले यति छिटै कसरी यो काम पूरा गऱ्यौ ? जब कि यो काम निकै कठिन थियो।

छोराले जवाफ दिए- यस्तो काम केको कठिन हुनु नि बाबा ? हजुरले मलाई जुन पेज काटेर दिनुभएको थियो, त्यसको पछाडिपट्टि एउटा कार्टुन चित्र थियो। मैले त्यही चित्रलाई आपसमा मिलाउँदै गएँ, अर्कातिर यो विश्वको नक्सा तयार भयो। यति भनेर छोरा खेल्न बाहिरतिर गए। पिताले छोरा गरेको काम र दिएको जवाफबाट हरेक समस्याको समाधान फरक-फरक तरिकाबाट सम्भव हुँदो रहेछ भन्ने मूल्यवान् पाठ सिके।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नयाँ र युवालाई मन्त्री बनाऊ

सायद केही दिनमै प्रचण्ड सरकारले पूर्णता पाउनेछ। तर, सरकारको पूर्णताले मात्र सरकारप्रतिको जनआस्था बढ्न सक्दैन। त्यसका लागि सरकारमा जाने मन्त्रीहरूको अनुहार, बेदाग छवि, भिजन र सक्षमता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। पहिले पनि मन्त्री भएर कुनै काम देखाउन नसकेका, जनताका नजरमा अक्षम ठहरिएका व्यक्तिलाई नै पार्टीले पुनः मन्त्री बनाए, त्यसले पार्टीको छवि त खतम हुन्छ नै, सरकारप्रतिको आस्था र विश्वासमा पनि कमी ल्याउँछ। अहिले आमजनतालाई ऊर्जा दिने र उनीहरूको जीवनस्तर माथि लाने भिजन भएका सक्षम युवा र नयाँ अनुहारका नेतालाई मन्त्री बनाउनुपर्ने आवश्यकता छ। यसतर्फ प्रधानमन्त्री र सत्तापक्षीय गठबन्धनका नेताहरूले अविलम्ब ध्यान दिनुपर्‍यो।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

यो कसको हेलचेक्रयाइँ हो ?

'आकाशमै दुर्घटना हुनबाट जोगिए नेपाल एयरलाइन्स र एयर इन्डियाका जहाज' शीर्षकको समाचार पढ्दा मनै चिसो भयो। यस्तो समस्या केही साताअघि मात्र पनि नेपाली आकाशमै भएको थियो। यस्तो गम्भीर प्रकृतिका घटना पटक-पटक किन दोहोरिइरहेका छन् ? यसमा कसले लापरवाही गरिरहेको छ ? कुनै दिन मानवीय त्रुटिका कारण आकाशमै दुई यात्रुवाहक विमान ठोक्किए भने त्यतिखेर त्यसको परिणाम कस्तो देखिएला ? के कसैले कल्पना गर्न सक्छ ?

● **भूमिका प्रजा**
हेटौंडा-४, मकवानपुर

पीडितका आवाज सुन्ने कसले ?

'११ दिन हिँडेर मिटरब्याजपीडित काठमाडौंमा' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। यो तातो घाममा ११ दिनसम्म लगातार हिँडेर आफ्ना पीडा सुनाउन राजधानी आइपुगेका मिटरब्याजपीडितका आवाज सुन्ने कसले हो ? के यी सोझासीधा गरिब गाउँलेलाई थोरै ऋण दिएको भरमा शोषण गर्ने मिटरब्याजीहरू कारवाहीबाट सधैं जोगिनुपर्ने हो ? के पीडितले पीडामाथि पीडा झेलिरहनुपर्ने हो ? के हाम्रो राज्यलाई यी सोझासीधा पीडित जनताका आवाज सुन्ने फुर्सद छैन हो ?

● **सुजन महतो**
कालिमाटी, काठमाडौं

नयाँ आइजिपीलाई सुझाव

नेपाल प्रहरीको ३०औं आइजिपी बन्न सफल हुनुभएका वसन्तबहादुर कुँवरलाई केही सुझाव दिन चाहन्छु। हामीकहाँ प्रहरी संगठनलाई मजबुत बनाउने तथा देश र जनताका बारेमा सोच्ने आइजिपी यसअघि आउँदै आएनन् भन्दा पनि हुन्छ। संगठन भनेको व्यक्ति होइन, त्यसैले व्यक्तिको साटो संगठन बलियो बनाउनुपर्छ। संगठन बलियो भयो भने त्यसले गर्ने काम पनि प्रभावकारी बन्छ।

प्रहरी संगठनलाई राजनीति गर्ने अखडा होइन, काम गर्ने थलो बनाइयोस्। संगठनलाई प्रहरी नियमवालीअनुसार अघि बढाइयोस्। अहिले पनि वार्षिक हजारौं प्रहरीले जागिर छाडिरहेका छन्। किन त्यसो भइरहेको छ अध्ययन गरेर समाधान खोजियोस्। देशको शान्ति सुरक्षाको जिम्मा पाएको संगठन नेताको सुरक्षाका लागि मात्र हो भन्ने सोच नबनोस्। असल प्रहरीलाई हौसला र प्रोत्साहन तथा खराब काम गर्नेलाई कडा कारबाही गरियोस्। राजनीतिक नेताप्रतिभन्दा पनि प्रहरी आफ्नो काम र कर्तव्यप्रति सजग बन्न सकोस्। बोल्ने जनताको मुख टाल्ने होइन, जनताको समस्या हल खोजियोस्। कर्तव्य निर्वाह गर्दा मानवतालाई पनि ख्याल राख्न संगठनलाई निर्देशन दिइयोस्। निर्दोष जनतामाथि रिस पोखेर 'बहादुरी' देखाउने काम बन्द होस्। प्रहरीप्रति जनमानसको हेराइ र बुझाइमा सुधार ल्याउने प्रयास गरियोस्। आमनागरिकमा परेको 'प्रहरी एक बर्दिवाला गुन्डा हो' भन्ने छापलाई मेटाउने कोसिस गरियोस् र नयाँ आइजिपीको छोटो कार्यकालमै प्रहरी संगठन सुधिएको देख्न पाइयोस्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

जलसंकट लगानीको अवसर पनि हो

जलस्रोत क्षेत्रमा लगानी गरिएको हरेक पैसाले वर्तमान र भविष्यमा वातावरण एवं जलवायु संरक्षण गरी हाम्रो अर्थतन्त्रलाई फस्टाउन सघाउनेछ



देश/विदेश

● एम्ब्रोइस फेयोले ● हेंक ओभिंक

पृथ्वीमा सबैभन्दा मूल्यवान् प्राकृतिक स्रोतमा हावापछि सम्भवतः पानी नै हो। एक क्रियाशील जल प्रणाली सभ्यताको प्राविधिक स्तम्भमध्ये एक हो, तसर्थ जलसंकट जीवन-मरणसँग जोडिन आउँछ।

विश्वभरका दुई अर्ब मानिसको सुरक्षित खाने पानीमा पहुँच छैन र विश्वका करिब आधा जनसंख्याले कम्तीमा पनि वर्षको कुनै न कुनैवेला पानीको अभाव भेल्छन्। बढ्दो जनसंख्या र पानीको भोको अर्थतन्त्रले हाम्रो सीमित स्वच्छ पानीको आपूर्तिमा अनावश्यक भार थपेको छ। विश्वस्तरमा आवश्यक पर्ने पानीको मात्रा सन् २०३० सम्ममा ४० प्रतिशतले बढ्नेछ। पानीको अभावले जीवन र जीविकोपार्जनलाई थप जोखिममा पार्नेछ र नतिजा पानीको माग र तापक्रम बढ्दै जाँदा विश्वभरका समाजको स्थिरतामा पनि असर पर्नेछ।

पानीले समुदायको उत्थान गरोस्, हाम्रो अर्थतन्त्र जोगाओस् र यस ग्रहलाई बाँच्नयोग्य बनाइराखोस् भन्नका लागि मौजुदा प्रतिकूल अवस्थालाई कसरी बदल्न सकिएला ? अहिले स्वच्छ वातावरणजस्ता विश्वव्यापी सार्वजनिक वस्तुमा जस्तै प्राकृतिक स्रोतको संरक्षणमा लगानी गर्दा हुने दीर्घकालीन फाइदाभन्दा सुधारको अल्पकालीन खर्चमा बढी जोड दिने प्रवृत्ति हाबी छ। हाल जलक्षेत्रसँग पर्याप्त लगानी र माग पूरा गर्ने क्षमताको अभाव छ। तर, यदि हामी सबैका लागि सफा पानी र सरसफाइ सुनिश्चित गर्ने दिगो विकास लक्ष्य (एसडिजी) हासिल गर्न चाहन्छौं भने हामीले पानीमा हालको विश्वव्यापी लगानीलाई चार गुणाले बढाउनुपर्छ अर्थात् प्रतिवर्ष १० खर्ब डलरको (वैश्विक कुल गार्हस्थ उत्पादनको १.२१ प्रतिशत) लगानी आवश्यक छ। हामीले बाढीको क्षति र कमजोर सिँचाइका कारण हरेक वर्ष गुमाइरहेको चार खर्ब ७० अर्ब डलरबराबर खानेपानीको भर्पाई पनि गर्नुपर्ने हुन्छ। जलस्रोत क्षेत्रमा लगानी गरिएको हरेक पैसाले अहिले र भविष्यमा वातावरण एवं जलवायु संरक्षण गरी हाम्रो अर्थतन्त्रलाई फस्टाउन मद्दत गर्नेछ। जोर्डनका योजना एवं अन्तर्राष्ट्रिय सहयोगमन्त्री जेना टुकानले गत डिसेम्बरमा मुलुकको जल सुरक्षा र व्यापक आर्थिक विकासका लागि रेड सी (लाल सागर) मा 'डिसेलिनेसन प्लान्ट' (समुद्रको पानीबाट नुन हटाउने परियोजना) निर्माण गर्न र तत्पश्चातको प्रशोधित सफा पानीलाई राजधानी अम्मानसम्म पुऱ्याउन पाइपलाइन बिछ्याउन युरोपियन इन्भेस्टमेन्ट बैंकले उपलब्ध गराएको २० करोड युरो (२१ करोड ५० लाख डलर) ऋणका लागि प्रशंसा गर्नुभएको छ। हामी सबैले पानीको मूल्य चिन्न र व्यवस्थापन गर्न जोर्डनमा ल्याइएका जस्ता वैकल्पिक नीति अपनाउनुपर्छ।

अन्य क्षेत्रमा झैं सार्वजनिक क्षेत्रले यो ठूलो लगानी घाटा आफैंले पूर्ति गर्न सक्दैन। व्यापारिक क्षेत्रको यसमा महत्त्वपूर्ण भूमिका रहन्छ। वातावरणीय प्रभाव तथ्यांक संकलन गर्ने गैरनाफामूलक संस्था सिडिपीका अनुसार पानी अभावको मुद्दा समाधान नभएकाले करिब तीन खर्ब डलरबराबरको व्यापार-व्यवसाय टाट पल्टिने खतरामा छ। तर, पानीअभाव केवल ५५ अर्ब डलरमा समाधान हुनेछ, अर्थात् व्यापार-व्यवसाय टाट पल्टिनबाट जोगाउन कुल सम्भावित घाटाको २० प्रतिशत खर्च गरे पुग्ने देखिन्छ।

यदि व्यापार व्यवसायले आफ्नो पानी खपत घटाउन नयाँ प्रविधिको प्रयोग गर्ने हो र खेर गइरहेको पानीलाई ऊर्जा, ताप, पोषणलगायत स्रोतका रूपमा प्रयोग गर्ने हो भने वातावरणीय प्रदूषणलाई न्यूनीकरण गर्न सकिन्छ र



तस्बिर : मुनिर उज जमान/एएफपी

अरूका लागि पानीको उपलब्धता बढाउन मद्दत पुग्छ। सिडिपीका अनुसार यी 'जल-सम्बन्धित अवसर'को मूल्य करिब सात खर्ब ११ अर्ब डलरबराबर छ। यो रकमले बचत मात्रै नभएकाई यसले स्मार्ट पानी प्रविधिको दीर्घकालीन बजार निर्माण र समुदाय सम्बन्ध सुदृढीकरणमा पनि योगदान पुऱ्याउनेछ।

विश्वका केही हिस्सामा बाहेक पानी प्रायः सस्तो हुने भएकाले व्यापार-व्यवसायलाई पानी संरक्षणमा लगानी गर्न वा धेरै पानी खपत गर्ने निर्माण प्रक्रियामा सुधार ल्याउन प्रोत्साहन अपुग हुन सक्छ। यदि हामीले निजी क्षेत्रलाई जल प्रणालीको सुरक्षालाई प्राथमिकता दिन प्रोत्साहित गर्ने हो भने हामीले पानीको लागतलाई एकपटकको खर्चका रूपमा नभई वास्तविक लगानीका रूपमा हेर्न सुरु गर्नुपर्छ। दोस्रो पानीको उपयुक्त मूल्य तोक्नुपर्छ ताकि प्रयोगकर्ता र व्यापार-व्यवसायलाई पानीलाई थप प्रभावकारी रूपमा प्रयोग गर्नका लागि आवश्यक प्रोत्साहन सिर्जना गर्न सकियोस् अर्थात् पानी संरक्षण आर्थिक रूपमा पनि फलदायी होस्।

तर, यहाँनेर सन्तुलित उपाय अपनाउनुपर्छ किनभने खानेपानी र सरसफाइमा किफायती पहुँच एक मान्यता प्राप्त मानव अधिकार हो अर्थात् पानीको किफायती पहुँचमा सम्झौता हुन सक्दैन। तेस्रो, विश्वव्यापी सहयोग र पानीमा थप लगानी जुटाउन नयाँ अन्तरदेशीय कार्यक्रम आवश्यक छ किनभने यसले बजारको असफलतालाई हटाउनेछ र पानीलाई राजनीतीकरण र हतियार बन्नबाट रोक्नेछ।

पानीमा हुने लगानी स्वच्छ ऊर्जामा हुने लगानीजत्तिकै दिगो र अर्थतन्त्रमैत्री हुनेछ। हामीले नेदरल्यान्ड्स र लक्जमबर्गदेखि नाइजेरिया र लाओससम्म जतातै दिगो विकासका लागि साझा दृष्टिकोण सुनिश्चित गर्न जलचक्रलाई स्थिर पार्न नयाँ निर्देशिका स्थापना गर्न सक्छौं। र, यदि फल खोज्ने हो भने हामीले सार्वजनिक एवं निजी स्रोतबाट पानीमा हुने लगानीलाई प्रोत्साहन गर्ने थप उपाय खोज्नुपर्छ। पानीकै कारण दिगो विकास लक्ष्य पूरा हुनेछ। हामीले हाम्रा लगानी प्राथमिकता तय गर्न जान्नुपर्छ र यी प्राथमिकतालाई केन्द्रमा राख्न सक्नुपर्छ।

(फेयोले युरोपियन इन्भेस्टमेन्ट बैंकका पूर्वउपाध्यक्ष हुन् भने ओभिंक अन्तर्राष्ट्रिय जल मामिलाका लागि विशेष दूत हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्विटरको मूल्य २० अर्ब डलर : मस्क

न्युयोर्क/ एलन मस्कले ट्विटरको हालको मूल्य २० अर्ब अमेरिकी डलर रहेको बताएका छन् । यो मूल्य मस्कले पाँच महिनाअघि मात्र यो सोसल मिडिया प्लाटफर्मका लागि तिरेको ४४ अर्ब डलरभन्दा आधा हो ।



यो मूल्य 'स्न्यापच्याट'को मूल कम्पनी 'स्न्याप' (१८.२ बिलियन डलर) वा 'पिन्टेरेस्ट'को (१८.७ बिलियन डलर) भन्दा केही मात्र बढी हो ।

तेस्लाइङ्क र एयरोस्पेस ग्रुप स्पेसएक्सका प्रमुख कार्यकारीसमेत रहेका मस्कले ट्विटरले आफ्ना कर्मचारीलाई हरेक ६ महिनामा सेयर नगद गर्न अनुमति दिने बताएका छन् । 'ट्विटरले यस्तो गम्भीर वित्तीय कठिनाइहरूको सामना गर्नुपऱ्यो कि एक बिन्दुमा यो चरम आर्थिक संकटको संघारमा पुगेको थियो,' आन्तरिक इमेलमा मस्कले ट्विटरको मूल्यमा भएको भारी संकुचनको वर्णन गर्दै लेखेका छन् ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लक्ष्मीपुर, पतारीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०७९/१२/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडै (साबिक एन.सि.सि बैंक) शाखा कार्यालय लक्ष्मीपुर, पतारीबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०७९ चैत्र २९ गते बुधबार**का दिन शाखा कार्यालय लक्ष्मीपुर, पतारीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, वाणिज्य मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, विभाग/कम्पनी रजिष्टारको कार्यालय सिरहामा प्राईभेट फर्म दर्ता ऐन २०१४ अन्तर्गत मिति २०७२/०४/२५ मा प्रा.फा.नं.४७०२/०७२/७३ मा दर्ता भई करदता सेवा कार्यालय सिरहाबाट मिति २०७३/०८/२७ मा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र नं. ६०३३६४२१५ को प्रमाणपत्र प्राप्त सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा नं.०१ मा रजिष्टर्ड कार्यालय रहेको **गरिमा हार्डवेयर सेन्टर**का प्रोप्राईटर चुल्हाई साहको नाति, राजेन्द्र प्रसाद साह तेलीको छोरा, मन्जु कुमारी साहको पति सिरहा जिल्ला, पिप्रा प्र.ध वडा नं. ९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा न. ०१ बस्ने **गुरुदयाल साह** (ना.प्र.नं. ८०७०/६३, जारी मिति २०६३/०४/०८, जिल्ला प्रशासन कार्यालय सिरहा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. चुल्हाई साहको नाति, राजेन्द्र प्रसाद साह तेलीको छोरा, मन्जु कुमारी साहको पति, सिरहा जिल्ला, पिप्रा प्र.ध वडा नं. ९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०१ बस्ने **गुरुदयाल साह** (ना.प्र.नं. ८०७०/६३, जारी मिति २०६३/०४/०८, जिल्ला प्रशासन कार्यालय, सिरहा) ।
२. पुल्कीत साहको नातिनि, कुशेश्वर साह तेलीको छोरी, गुरुदयाल साहको पत्नी, सिरहा जिल्ला, पिप्रा प्र.ध. वडा नं. ०९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लक्ष्मीपुर पतारी. गा.पा. वडा नं. ०१ बस्ने **मन्जु कुमारी साह** (ना.प्र.नं. १५-०१-६९-००६२०, मिति २०६९/०४/०२, जिल्ला प्रशासन कार्यालय, सिरहा) ।
३. चौधरी साहको नाति, चुल्हाई साहको छोरा, भोली साहु तेलीको पति, सिरहा जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०१ बस्ने **राजेन्द्र प्रसाद साह तेली** (ना.प्र.नं. १५५४२९-५४, मिति २०३९/०६/१९ जिल्ला प्रशासन कार्यालय, सिरहा) ।
४. चुल्हाई साहको बुहारी, फकिर साहु तेलीको छोरी, राजेन्द्र प्रसाद साह तेलीको पत्नी, सिरहा जिल्ला, पिप्रा वडा नं. ०९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०१ बस्ने **भोली साहु तेली** (ना.प्र.नं. ५४२९५६, मिति २०४५/०२/०२, जिल्ला प्रशासन कार्यालय, सिरहा) ।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **भोली साहु तेली**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेको सिरहा जिल्ला, पडरिया गा.वि.स, वडा नं. ३ स्थित कित्ता नं. ३९७, क्षेत्रफल ०-१-५-० (बि.क.धु) र सिरहा जिल्ला पिप्रा प्र.ध. वडा नं. ६ स्थित कित्ता नं. ८३४, क्षेत्रफल ०-०-१२.५-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **राजेन्द्र प्रसाद साह तेली**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेको सिरहा जिल्ला, पोखरभिण्डा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ५६० र ५९३ को क्षेत्रफल क्रमश: ०-१८-३ र ०-१०-०.५ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०७९ **चैत्र २८ गते** भित्र बैंकको शाखा कार्यालय लक्ष्मीपुर, पतारीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लक्ष्मीपुर, पतारीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सुचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०७९ चैत्र २९ गते ३:००** (**तिन**) **बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय लक्ष्मीपुर, पतारीमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लक्ष्मीपुर, पतारीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २९ गते बुधबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय लक्ष्मीपुर, पतारी फोन नं. ९८५११५२३०७/९८४४०५२३३८

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.


रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, सितापुर गा.वि.स. वडा नं. ७ (हाल खजुरा गा.पा. वडा नं. २) स्थित कित्ता नं. २५२ को क्षेत्रफल ९३६.६८ व.मि.को जग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६/स (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११६६ र १०२० को क्षेत्रफल क्रमश: ०-१-० र ०-१-४ (बिगाह) को घर/जग्गा।
३.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६/स (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०१६, १०२९ र १०३० को क्षेत्रफल क्रमश: ०-०-५, ०-०-५$^{१/२}$ र ०-०-५$^{१/२}$ (बिगाह) को घरजग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६/स (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-१-४ (बिगाह) को जग्गा।
५.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, बाग्रेश्वरी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं १४ को क्षेत्रफल २७० व.मि.को घरजग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगतमा दर्ता कायम रहेका काठमाडौं जिल्ला, थलीडाँछी गा.वि.स. वडा नं. २/ज (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. ६८१, ६८२, १८३५, १८३३, ६८३, ६८४ र १२० को क्षेत्रफल क्रमश: ०-६-०-०, ०-६-०-०, ०-२-२-०, १-६-२-०, ०-६-०-०, ०-६-०-० र १-११-०-० (रोपनी) को जग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. २६६८ को क्षेत्रफल ०-१४-०-२ (रोपनी) को घरजग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ३७६७ र ३७६८ को क्षेत्रफल क्रमश: ०-१२-०-० र ०-११-३-१ (रोपनी) को जग्गा ।
९.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय, तैलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, सिंहोरासोर गा.वि.स. वडा नं. ४क (हाल यसोधरा गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १६६ को क्षेत्रफल ०-९-१०-० (बिगाह) को जग्गा ।
१०.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया गा.वि.स. वडा नं. ८ स (हाल गुलरिया न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५२६४ को क्षेत्रफल १-७-१५-० (बिगाह) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बबरजंज गा.वि.स. वडा नं. ८/क (हाल चन्द्रनगर गा.पा. वडा नं. २) स्थित कित्ता नं. १०८४ र १२९३ को क्षेत्रफल क्रमश: ०-३-८ र ०-४-० (बिगाह) को जग्गा ।
१२.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, शिवमवतीस्रोर गा.वि.स. वडा नं. ३ (हाल गौशाला न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१० र ५११ को क्षेत्रफल क्रमश: ०-०-१८ र ०-०-१२ (बिगाह) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बबरजंज गा.वि.स. वडा नं. ८/क (हाल चन्द्रनगर गा.पा. वडा नं. २) स्थित कित्ता नं. १०८८, १०२०, १०७७ र १५३७ को क्षेत्रफल क्रमश: ०-०-१$^{१/२}$, ०-०-४$^{३/८}$, ०-०-२$^{३/८}$ र ०-०-४$^{१/८}$ (बिगाह) को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९/क (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४०२३ र ४०२५ को क्षेत्रफल क्रमश: ०-०-२$^{३/८}$ र ०-०-२ (बिगाह) को घरजग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेको, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं. ९३ र ९५ को क्षेत्रफल क्रमश: १४२.२० र ११.५० (व.मि) को घरजग्गा ।
१६.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय लाहान, सिराहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, नैनपुर गा.वि.स. वडा नं. ९ क स्थित कित्ता नं. १८९६ र २४६ क्षेत्रफल क्रमश: ०-१-३.२५ र ०-०-१० (बिगाह) को जग्गा ।
१७.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्धघाट सुस्ता पश्चिम) को लगतमा दर्ताकायम रहेको नवलपरासी (बर्धघाट सुस्ता पश्चिम) जिल्ला, सुकरौली गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १०) स्थितकित्ता नं. १४२७ को क्षेत्रफल ०-५-०-० (बिगाह) को जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाडा गा.वि.स. वडा नं. ३ (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५५६४ र ५५६२ को क्षेत्रफल क्रमश: ०-०-९-३ र ०-०-७-३ (बिगाह) को घर/जग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (बिगाह) को घरजग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगतमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. २ (हाल फुङलिङ न.पा. वडा नं. १) स्थित कित्ता नं. ३३६ र २१२ को क्षेत्रफल क्रमश: ११-८-२-१ र ९-६-१-१ (रोपनी) को जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगतमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय, ताप्लेजुङको लगतमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७६७, ७६८, ४२६ र ६२० को क्षेत्रफल क्रमश: १-१५-१-०, ०-११-१-१, ६-७-३-१ र ०-१०-०-२ (रोपनी) को जग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय, ताप्लेजुङको लगतमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, हाङदेवा गा.वि.स. वडा नं. ४ (हाल फुङलिङ न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५३ र ३२७ को क्षेत्रफल क्रमश: ५-३-०-० र १३-५-२-१ (रोपनी) को जग्गा ।
२४.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, भद्रपुर न.पा. वडा नं. ५ (हाल भद्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३७, १२३ र ११७ को क्षेत्रफल क्रमश: ९५२.५९, २५४ र २२८.५५ (व.मि.) को जग्गा ।
२५.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ८स्र स्थित कित्ता नं. २२५० को क्षेत्रफल ०-१-१० (बिगाह) को घर/जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.१५ स्थित कित्ता नं. ९ को क्षेत्रफल ४४८ व.मि.को घरजग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १११९८ र १११९६ को क्षेत्रफल क्रमश: ०-४-३-३ र ०-५-०-२ (रोपनी) को जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५स (हाल मध्यबिन्दु न.पा. वडा नं. २) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमश: ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (बिगाह) को जग्गा ।
२९.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१ र ४६ को क्षेत्रफल क्रमश: १-३-१२-० र ०-१८-१५-० (बिगाह) को जग्गा ।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (बिगाह) को जग्गा, नवलपरासी जिल्ला, मन्मकरिया गा.वि.स. वडा नं. १स (हाल रामग्राम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५०४ को क्षेत्रफल ०-३-१६$^{१/२}$ (बिगाह) को जग्गा र नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४१६ को क्षेत्रफल ०-६-५-० (बिगाह) को जग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ५स (हाल बर्दघाट न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३४ र २२३ को क्षेत्रफल क्रमश: ०-७-१२-० र ०-१७-२-० (बिगाह) को जग्गा ।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय, परासी नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, बन्जरिया गा.वि.स. वडा नं ९स (हाल रामग्राम न.पा.वडा नं. ५) स्थित कित्ता नं. ३७३ को क्षेत्रफल ०-५-५-० (बिगाहा) को घर/जग्गा ।
३३.	यस बैंकको नाममा भूमीसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्धघाट, सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको जिल्ला, नवलपरासी जिल्ला सोमनी गा.वि.स. वडा नं. ६ क (हाल प्रतापपुर गा.पा. वडा नं.३) स्थित कित्ता नं. ३८१ को क्षेत्रफल ०-१-० (बिगाह) को घर/जग्गा ।
३४.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय विराटनगरको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. २१ स्थित कित्ता नं. ६४ र ६३ को क्षेत्रफल क्रमश: १२२.५० र ६५३.२५ (व.मि.) को घरजग्गा ।
३५.	यस बैंकको नाममा मालपोत कार्यालय साँखु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, भद्रवास गा.वि.स. वडा नं. ६ (हाल काठेश्वरी मनोहरा न.पा. वडा नं ३) स्थित कित्ता नं ५३३, २७४, ८७४, १०२५, १०३८ र १०३४ को क्षेत्रफल क्रमश: ४१७.२५, ९५.३७, १६६.९०, २६४.२६, २१२.६१ र १२९.१५ ब.मी गारि कुल क्षेत्रफल १,२८५.५४ ब.मी. को जग्गा ।


एन आई सी एशिया बैंक खजुर
९ नं चोक
ज्ञानोदय स्कुल
बुढ गुम्बा मन्दिर
बिक्रीमा रहेको सम्पत्ति
रिमझिम चोक
पोखरी जाने बाटो
शिवनगर चोक
बिक्रीमा रहेको सम्पत्ति
शिवनगर चोक
पोखरी जाने बाटो
३७० मि
शिवश्री मायस स्टोर्स
१२० मी.
४०० मी.
शिवनगर चोक
बिक्रीमा रहेको सम्पत्ति
शिवश्री मर्चेन्ट स्टोर
खजुर पुल
खजुर स्थित पसल
एन आई सी एशिया बैंक खजुर
राष्ट्रिय जनशिक्षण केन्द्र
सिमलिसरा रहेको सम्पत्ति
खेलकुद सामग्री खरिद केन्द्र
नेपालगञ्ज जाने बाटो
तपसिल नं. १ मा उल्लेखित सम्पति
तपसिल नं. २ मा उल्लेखित सम्पति
तपसिल नं. ३ मा उल्लेखित सम्पति
तपसिल नं. ४ मा उल्लेखित सम्पति
तपसिल नं. ५ मा उल्लेखित सम्पति
राज चौतारा जाने बाटो
बिक्रीमा रहेको सम्पत्ति
एन आई सी एशिया बैक पावरहाउस शाखा
सचि पोल्ट्री फर्म
ताल चोक
पश्ची राजमार्ग
बिक्रीमा रहेको सम्पत्ति
श्री चन्द्र ज्योति स्कुल
एन आई सी एशिया बैक पावरहाउस शाखा
सिजेन टप रेष्टुरेण्ट
राजको चौतारा
ताल चोक
पश्ची राजमार्ग
कपिलवस्तु न.पा वडा कार्यालय १२
बाँसकुल गाउँ
शिव मन्दिर
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पत्ति
तुलापुर चोक
तपसिल नं. ६ मा उल्लेखित सम्पति
तपसिल नं. ७ मा उल्लेखित सम्पति
तपसिल नं. ८ मा उल्लेखित सम्पति
तपसिल नं. ९ मा उल्लेखित सम्पति
तपसिल नं. १० मा उल्लेखित सम्पति
बिक्रीमा रहेको सम्पत्ति
विद्यालय
बबरगञ्ज
पेट्रोल पम्प
बेलबास चोक
एन आई सी एशिया बैंक
गौशाला चोक
गौशाला बजार
चौतारा
विद्यालय
बिक्रीमा रहेको सम्पत्ति
बिक्रीमा रहेको सम्पत्ति
बबरगंज चोक
बिक्रीमा रहेको सम्पत्ति
बबरगंज स्कुल
बेबरगंज बडा कार्यालय
तपसिल नं. ११ मा उल्लेखित सम्पति
तपसिल नं. १२ मा उल्लेखित सम्पति
तपसिल नं. १३ मा उल्लेखित सम्पति
तपसिल नं. १४ मा उल्लेखित सम्पति
तपसिल नं. १५ मा उल्लेखित सम्पति
Laxmi Hardware (Plot-246,295 & 1896)
एन आई सी एशिया बैक
बिक्रीमा रहेको सम्पति
सहिद चोक
१३० फि
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पत्ति
पेप्सी कम्पनी
भैरहवा जाने बाटो
नरुवा पेप्सीकोला चोक
महेशपुर परासी चोक
एन आई सी एशिया बैक
रेडी चोक
विरेन्द्र चोक
भगवानपुर चोक
बजार रोडवा पार्किङ
बिक्रीमा रहेको सम्पति
एन आई सी एशिया बैक बलिया शाखा
बासबारीचोक
इटहरी
विराटचोक
बलिया चोक
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पत्ति
शेर्पा टोल
विरेन्द्र चोक
तपसिल नं. १६ मा उल्लेखित सम्पति
तपसिल नं. १७ मा उल्लेखित सम्पति
तपसिल नं. १८ मा उल्लेखित सम्पति
तपसिल नं. १९ मा उल्लेखित सम्पति
तपसिल नं. २० मा उल्लेखित सम्पति
ताप्लेजुङ बजार
हिलिम
एन आई सी एशिया बैक, ताप्लेजुङ शाखा
दोभान
बिक्रीमा रहेको सम्पत्तिहरु
शेर्पा टोल
बिक्रीमा रहेको सम्पति
बजोगारा स्कुल
बिक्रीमा रहेको सम्पत्तिहरु
तपसिल नं. २१ मा उल्लेखित सम्पति
तपसिल नं. २२ मा उल्लेखित सम्पति
तपसिल नं. २३ मा उल्लेखित सम्पति
तपसिल नं. २४ मा उल्लेखित सम्पति
तपसिल नं. २५ मा उल्लेखित सम्पति
एन आई सी एशिया बैक
एन आई सी एशिया बैक
एन आई सी एशिया बैक
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पति
बिक्रीमा रहेको सम्पति
तपसिल नं. २६ मा उल्लेखित सम्पति
तपसिल नं. २७ मा उल्लेखित सम्पति
तपसिल नं. २८ मा उल्लेखित सम्पति

बैंकिङ क्षेत्रमा मडारिएको संकट

कोभिड र रुस-युक्रेन युद्धले सिकाएको पाठ बिर्सने हो भने उद्योग/व्यवसायसहित बैंकिङ क्षेत्रमा थप संकट मडारिन सक्छ



अर्थ संवाद

• विजयराज पोखरेल
कृषिवित्तविज्ञ

निजी क्षेत्रका व्यापार/व्यवसायसम्बद्ध विभिन्न संघसंस्थाले अघिल्लो सरकारको पालादेखि नै बैंक तथा वित्तीय संस्थाविरुद्ध आक्रोश पोख्ने क्रम जारी राखेकामा गत मंसिरमा तोकिएको निर्वाचनको कारण देखाई आन्दोलन स्थगित गरेका थिए । निर्वाचनपश्चात् नयाँ सरकार गठनसँगै पुनः तातिएका व्यवसायीले तत्कालीन अर्थमन्त्री विष्णु पौडेलको आश्वासनमा आन्दोलन स्थगित गरे । फाल्गुनको अन्तिम साता उक्त आन्दोलन पुनः घोषणा गरियो । सडक संघर्षका क्रममा नेपाल राष्ट्र बैंक परिसरअगाडिसमेत धर्ना दिने कार्य भयो । हाल अर्थमन्त्रीसमेतको जिम्मेवारी सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहालसँगको वार्तापछि उद्योगी व्यवसायीको समस्या समाधान गर्न सरकारले तत्परता देखाएको भनी उक्त आन्दोलन फिर्ता भएको छ ।

देशका विभिन्न स्थानमा बैंक तथा वित्तीय संस्थाविरुद्ध दबाब र त्रास फैलाउने अराजक गतिविधि बढ्दै गएको समाचार दिनहुँजसो बाहिरिइरहेका छन् । यस्ता घटनाक्रमले बैंक तथा वित्तीय संस्थाका क्रियाकलापलाई प्रभावित पारी देशको अर्थतन्त्रलाई थप संकुचनमा पुऱ्याउने हो कि भन्ने चिन्ता बढाएको छ । नेपाल बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपाल, नेपाल वित्तीय संस्था संघ, नेपाल लघुवित्त बैंकर्स संघले हालै संयुक्त विज्ञप्ति जारी गर्दै केही व्यक्ति/समूहबाट कर्मचारीमाथि भएको अभद्र व्यवहार, सांघातिक हमला एवं कार्यालयमा तालाबन्दीप्रति घोर आपत्ति जनाएका छन् । यसैक्रममा बैंक तथा वित्तीय संस्था परिसंघले समेत बैंकिङ क्षेत्रमाथिको लुटपाट र आक्रमण रोक्न सरकारसँग माग गरेको छ । प्रधानमन्त्रीले समेत बैंक तथा वित्तीय संस्था र तिनमा कार्यरत कर्मचारीको सुरक्षामा ध्यान दिन सुरक्षा प्रमुखलाई निर्देशन दिनुपर्ने अवस्थाले बैंकिङ क्षेत्रको संवेदनशीलता प्रस्ट हुन्छ ।

विगतमा कृषि विकास बैंक मात्र दूरदराजसम्म फैलिएको बैंक थियो । उक्त बैंकविरुद्ध पनि वेलाबखत ऋणपीडित समूहको नाममा आम कर्जा ग्राहकलाई भड्काउने कार्य भए । ०५२ सालमा युद्ध सुरु भएपश्चात् बैंकको कर्जा नतिर्न खबरदारी गराइयो ।

कृषक बैंकमा छिर्न डराउन थाले भने बैंकका कर्मचारी गाउँघर पस्न डराए । तत्कालीन असुरक्षाका कारण ग्रामीण क्षेत्रमा रहेका यस बैंकका शाखा र साना किसान विकास आयोजनाका कार्यालय सदरमुकाममा खुम्चिए । गाँउघरका जनाता वित्तीय सुविधाबाट वञ्चित हुन पुगे । सशस्त्र द्वन्द्वको करिब एक दशक देशले आर्थिक गतिविधिमा संकुचन खेप्नुपऱ्यो ।


अहिले अराजकताको निसानामा लघुवित्तीय संस्थाहरू बढी परेका छन् । स्वरोजगारमार्फत गरिबी न्यूनीकरणको दिशामा लघुवित्तको भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन । विश्वभरि नै विपन्न वर्गको उत्थानमा लघुवित्तलाई महत्त्वपूर्ण मानिएको अवस्थामा नेपालमा यसको अस्तित्वमाथि नै प्रश्न उठाइनु सान्दर्भिक नहोला । सेवा प्रवाहका क्रममा लघुवित्तीय संस्थाका कुनै शाखामा भएका कमीकमजोरीलाई समग्रतामा हेरिनु जायज हुँदैन । समस्याको समाधान अराजक गतिविधिबाट किमार्थ हुन सक्दैन । यसको विकल्प भनेको सरोकारवाला निकायसँगको संवाद र छलफल नै हो । देश अहिले जटिल आर्थिक परिस्थितिबाट गुज्रिरहेको छ । कोभिड-१९ का कारण झन्डै दुई वर्ष थलिन पुगेको अर्थतन्त्र तंग्रिन नपाउँदै गत वर्षदेखि सुरु भएको रुस-युक्रेन युद्धले विश्वकै अर्थतन्त्र खलबल्याइरहेको छ । गत वर्ष उच्च आयात, न्यून निर्यात, विप्रेषण आप्रवाहमा उच्च गिरावट र विदेशी मुद्रा सञ्चितिको कमीले देशले श्रीलंकाको नियति भोग्नुपर्ने हो कि भन्ने चिन्ता छायो । केही विलासी वस्तुको आयातमा प्रतिबन्धका साथै प्रतितपत्र कारोबारमा शतप्रतिशत मार्जिन कायम गर्नुपर्ने बाध्यात्मक व्यवस्था लागू गरियो । अर्कोतर्फ, यसबाट भन्सार राजस्व प्रभावित हुन पुग्यो ।

पछिल्ला महिनामा विप्रेषण आप्रवाह र विदेशी मुद्रा सञ्चितिमा क्रमिक सुधार भएपछि आयातका बन्देज खुला गरिए पनि उच्च मूल्यवृद्धि र घट्दो उपभोगका कारण देशले आर्थिक मन्दीको मार खेपिरहेको छ । देशको बजेट खर्चभन्दा राजस्व संकलन कम हुँदा चिन्ता थपिएको छ । चालू आर्थिक वर्षको आठ महिनामा बजेट घाटा एक खर्ब ५६ अर्ब ४४ करोड नाघेको छ । पुँजीगत खर्चले यो वर्ष पनि विगतकै निर्यति भोग्दै छ । भएका उद्योगधन्दा न्यून क्षमतामा सञ्चालन हुन पुगेका छन् । बैंकिङ क्षेत्रमा देखिएको तरलता अभावले गर्दा ब्याजदरमा दुई अंकको वृद्धि देखा पऱ्यो । बढ्दो मुद्रास्फीतिका बीच बैंकको ब्याजमा वृद्धि हुँदा कर्जा लिई व्यवसाय गर्नेलाई थप समस्या भयो ।

उद्योगी-व्यवसायीहरूको माग ब्याजदर एकल अंकमा झार्नुपर्छ भन्ने रहेको छ । बैंकको निक्षेप संकलन नै महँगो भएपछि कर्जाको ब्याजदरसमेत बढ्यो । नेपाल राष्ट्र बैंकको ०७९ माघको प्रतिवेदनअनुसार वाणिज्य बैंकहरूको औसत आधार दर नै १०.७२ प्रतिशत रहेको छ । बैंकिङ व्यवसाय देशकै अर्थतन्त्रको एक अंश भएकाले समग्र अर्थतन्त्रमा आएको उतारचढावको प्रभाव यसमा पनि पर्छ नै । अहिले बैंक तथा वित्तीय संस्थामा पनि संकट मडारिएको छ । कर्जाचक्र खल्बलिँदा बैंकको खराब कर्जा बढ्दो छ ।

नेपाल राष्ट्र बैंकको विवरणअनुसार ०७९ असार मसान्तसम्म औसत निष्क्रिय कर्जा अनुपात १.३१ प्रतिशत रहेकोमा माघ मसान्तमा अइपुग्दा बढेर २.६३ प्रतिशत पुगेको छ । अर्कोतिर, खुद्रा कर्जा प्रदायक लघुवित्तीय संस्थाहरूको गत असारमा २.५६ प्रतिशत रहेको निष्क्रिय कर्जा अनुपात पुससम्ममा ४.६८ भएको छ । कालोसूचीमा समावेश हुनेहरूको नामावली पनि लम्बिँदो छ । यी यावत् तथ्यले बैंकिङ क्षेत्रको खस्कँदो स्वास्थ्यको संकेत गर्छ । बैंकिङ क्षेत्र समस्याग्रस्त भएमा यसले सम्पूर्ण अर्थतन्त्रलाई नै नराम्ररी थला पार्न सक्ने भएकाले समयमै सजग हुन आवश्यक छ ।

समयमा कर्जाको किस्ता र ब्याज नतिरेको अवस्थामा बैंकले ताकेता गर्नु स्वाभाविक नै हो । लिखित तथा मौखिक ताकेता गर्दा पनि भाका नाघेको कर्जा असुली नहुँदा पत्रपत्रिकामा नाम प्रकाशन, धितो लिलामबिक्रीका साथै कालोसूचीसम्मको प्रक्रिया अगाडि बढ्छ । कर्जाको प्रमुख स्रोत नै निक्षेप रहेको हुँदा निक्षेपकर्ताको हितको सुरक्षा हुने गरी बैंकले कर्जा प्रवाह गर्नुपर्छ । बैंकिङ कारोबारमा नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था ऐनका साथै बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन आकर्षित हुन्छन् । निश्चय पनि ग्राहकले बैंकको सर्तबमोजिम कार्य गरुन्जेल बैंकसँगको सम्बन्ध सुमधुर हुन्छ । कारोबार गर्दाको सर्तमा विचलन आएमा तिक्तता पैदा हुन्छ । अहिले कतिपयले कर्जा नतिर्ने उद्घोष र तिर्नेलाई खबरदारी गरिरहेका छन् । बजारमा ऋण मिनाहाका हल्ला पनि पिटाइएका छन् । बाबुराम भट्टराई अर्थमन्त्री हुँदा सरकारी बैंकहरूबाट प्रदान गरिएको ३० हजार रुपैयाँसम्मको कर्जाको साँवाब्याज नै एक लाख रुपैयाँसम्मको सम्पूर्ण ब्याज मिनाहा गरिएको थियो ।



> विप्रेषण आप्रवाह र विदेशी मुद्रा सञ्चितिमा क्रमिक सुधार भएपछि आयात खुला गरिए पनि उच्च मूल्यवृद्धि र घट्दो उपभोगका कारण देशले आर्थिक मन्दीको मार खेपिरहेको छ

यसबाट बैंकको खराब कर्जा राफसाफ गर्न सहज त भयो, तर अर्कोतिर राज्यलाई थप व्ययभार थपिनुका साथै कर्जा नतिर्दा मिनाहा भइहाल्छ कि भन्ने मानसिकताको विकास गरायो ।

काबुबाहिरको परिस्थितिले समस्यामा परेका ग्राहकलाई राहत दिनु न्यायोचित हुन्छ । तर, सबैलाई एउटै डालोमा राखेर छुट/सुविधा दिनु उचित हुँदैन । कोभिडको समयमा नेपाल राष्ट्र बैंकले सहुलियत र सुविधा दिएकै हो । अहिलेको अवस्थालाई मध्यनजर गर्दै आर्थिक वर्ष ०७८/७९ को मौद्रिक नीतिमा कर्जाको भुक्तान गर्नुपर्ने साँवा/ब्याज भाका नाघेको एक महिनाभित्र तिरेमा पेनल ब्याज लिन नपाइने र साना मझौला उद्योग व्यवसायलाई सहजीकरण गर्न ०७९ पुस मसान्तमा सक्रिय वर्गमा रहेको दुई करोड रुपैयाँसम्मको कर्जालाई विश्लेषणका आधारमा ०८० असारभित्र असल वर्गमा वर्गीकरण हुने गरी पुनर्संरचना/पुनर्तालिकीकरण गर्न पाइने व्यवस्था गरिएको छ । अहिलेको मन्दीमा उद्योग/व्यवसायलाई जीवित राख्न थप सहजीकरणको नीति जरुरी छ ।

बैंकिङ क्षेत्र पनि कमजोरीमुक्त छैन । नियामक निकाय नेपाल राष्ट्र बैंकले पर्याप्त अनुगमन गर्न नसकिरहेको आरोप छ । एउटै ऋणीलाई दर्जनौँ लघुवित्तले कर्जाको भार बोकाएको र ताकेता एवं दबाबबाट जोगिन ऋणीहरू घर छाडेर हिँडेको समाचार आए । त्यसपछि मात्र गएको फागुनमा राष्ट्र बैंकबाट दोहोरो कर्जा लिन नपाइने निर्देशन जारी गरियो । कर्जा लिने र दिनेले व्यक्तिगत र परियोजनागत क्षमताका आधारमा निर्णय गर्नुपर्छ ।

अझ विपन्न परिवारलाई त आवश्यकताभन्दा बढीको कर्जा ठूलो बोझ बन्न पुग्छ । उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह बढाउन सहुलियत कर्जाको व्यवस्था पनि गरिएको छ । तथ्यांकले उक्त क्षेत्रमा बढेको पनि देखाउँछ । कुल गार्हस्थ्य उत्पादनबराबर कर्जा प्रवाह भएको देखिन्छ । तर, उद्योग फस्टाउन सक्दैन । न त रोजगार सिर्जना हुन सकेको छ, न त आयात प्रतिस्थापन । यसले कर्जा दुरुपयोग त भएको छैन भन्ने प्रश्नलाई पर्याप्त ठाउँ दिन्छ ।

कर्जा दुरुपयोग रोक्न चालू पुँजी कर्जामा गरिएको कडाइमा उद्योगी-व्यवसायीको रोइलोपछि राष्ट्र बैंक लचकता अपनाउन बाध्य भयो । विगतमा घर/जग्गामा गरिएको लगानीले दिन दुईगुणा रात चौगुणा प्रतिफल दिन्छ भन्ने मान्यताले प्रश्रय पाएकै हो । देशभरि जग्गा प्लटिङको लहर चल्यो । विगतदेखि अनुत्पादक क्षेत्रमा भएको लगानीको परिणति अहिले भोग्दै छौँ । बैंकले मागअनुसार कर्जा दिन नसक्दा घर/जग्गाको कारोबारमा समेत मन्दी छाएको छ । धितो भएमा ढिलोचाँडो असुली भइहाल्छ भन्ने मान्यता बोकेका बैंकहरू पनि अहिले सम्पत्ति लिलाम-बिक्रीको सकसमा छन् । हाल छताछुल्ल भएको असन्तोष र आक्रोशलाई मत्थर पार्न हामी सबैले अनुत्पादक क्षेत्रमा रमाउने प्रवृत्ति त्याग्न सक्नुपर्छ ।

अर्थतन्त्रका बाह्य प्रभावलाई मात्र दोष दिएर हामी उम्कन सक्दैनौं । कोभिड र रुस-युक्रेन युद्धले आत्मनिर्भरताको विकल्प छैन भन्ने पाठ सिकाएकै हो । अझै पनि अलमल गर्ने हो भने उद्योग/व्यवसाय मात्र हैन, बैंकिङ क्षेत्रमै थप संकट मडारिन सक्छ ।

अर्थ ज्ञान

चालू आवमा कहिले कति ग्यास आयो ?

जाडो मौसमलाई ग्यास खपतको मुख्य सिजन मानिन्छ, तर यही अवधिमा खपतमा भएको कमीले आउँदा दिनमा यही प्रवृत्ति दोहोरिन सक्ने निगमको बुझाइ छ । चालू आवको माघ महिनामा सबैभन्दा बढी ४६ हजार एक सय ३१ दशमलव ४२ मेट्रिकटन ग्यास आयात भएको छ ।

त्यस्तै, पुसमा ४१ हजार तीन सय ७६ मेट्रिकटन, मंसिरमा ३९ हजार दुई सय १३ मेट्रिकटन ग्यास आयात भएको थियो । कात्तिकमा ४३ हजार ६ सय ४९ मेट्रिकटन, असोजमा ३९ हजार नौ सय ८३ मेट्रिकटन, भदौमा ४२ हजार चार सय एक मेट्रिकटन र साउनमा ४१ हजार चार सय ६९ मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ ।

सेयर बजार

१३ चैत ०७९

नेप्से १,९०६.०० ^ १७.७० ०.९४%


कारोबार रकम	जम्मा सेयर
१,३८,२७,६७,९९१.८४	४३,०८,६४५

विदेशी विनिमय दर

मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर	१३१.६८	१३२.२८
युरो	१४१.७०	१४२.३५
पाउन्ड स्टर्लिङ	१६१.०६	१६१.८०
अस्ट्रेलियन डलर	८७. ५१	८७.९१
क्यानेडियन डलर	९५.८०	९६.२३

[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं । email: arthapatrika@gmail.com]

बिजनेस @



प्रबलजंग पाण्डे, उद्यमी

विभिन्न जिल्लाको भ्रमणको क्रममा देख्दै छु- साना व्यवसायीहरू कसरी पीडित भइरहेका छन् । आर्थिक मन्दीले हरेकजसो जिल्लाको व्यापारिक केन्द्रका सटर खाली हुँदै छन् । साना व्यवसायीको व्यापार ३०-४० प्रतिशतले कमी आएको छ । व्यापार भइहाले पनि क्रेडिट साइकल पहिलाको तुलनामा तीन गुणा वृद्धि भइरहेको छ । देशैभरका साना मझौला व्यवसायीमा कुनै उत्साह छैन । सबैमा एक प्रकारको नैराश्य छाएको छ ।

राष्ट्र बैंक अझै भन्दै छ- अर्थतन्त्र को सूचकांक सकारात्मक छ । बजारमा सस्तोमा तरलता उपलब्ध गराएर रेकिएको अर्थतन्त्रलाई कसरी चलायमान गराउने भन्नेतर्फ कुनै पहलकदमी भएको देखिँदैन । सरकारले विकास खर्च कसरी बढाउने भन्नेमा सोचेको पनि देखिँदैन । बरु निर्माण व्यवसायीको ६०-७० अर्ब भुक्तानी पनि नगरी अर्थतन्त्रलाई थप सकसपूर्ण बनाइरहेको छ ।

अहिलेको रोकिएको अर्थतन्त्रको चक्र चलायमान बनाउने एउटै उपाय केही सस्तोमा पुँजी परिचालन गर्ने, तर हामीले हरेक वस्तु र सेवा आयात नै गर्नुपर्ने भएकाले बजारमा सस्तो पुँजीले आयात वृद्धि हुने र सरकारको विदेशी मुद्रा सञ्चितिमा असर पर्ने मनोवैज्ञानिक त्रास अझै पनि सरकारमा छँदैछ । तर, हाम्रो अत्मनिर्भरमुखी अर्थतन्त्र भएको भए सस्तोमा पुँजी परिचालित हुँदा पनि विदेशी मुद्रा सञ्चितिमा खासै असर पर्ने थिएन । तसर्थ, बिस्तारै आयातमुखीबाट आयात प्रतिस्थापनतर्फ केन्द्रित हुँदै जाऔं ।

अंक र अर्थ

नेपालमा दूरसञ्चार क्षेत्रको विकासक्रम

वर्ष	विकास
वि.सं. १९७०	म्यागनेटो प्रविधिको टेलिफोन सेवा प्रारम्भ
वि.सं. २०१६	दूरसञ्चार विभागको स्थापना
वि.सं. २०२१	एचएफ रेडियो सर्भिसद्वारा अन्तर्राष्ट्रिय (भारत तथा पाकिस्तान) दूरसञ्चार सेवारम्भ
वि.सं. २०३२	दूरसञ्चार संस्थानको स्थापना
वि.सं. २०४१	दूरसञ्चार संस्थानद्वारा अन्तरदेशीय ट्रंक सेवा (एसटिडी) तथा ग्रामीण दूरसञ्चार सेवारम्भ
वि.सं.२०४४	दूरसञ्चार संस्थानद्वारा अन्तर्राष्ट्रिय ट्रंक सेवा (आइएसडी) सेवारम्भ
वि.सं. २०४९	राष्ट्रिय सञ्चार नीति तर्जुमा
वि.सं. २०५३	दूरसञ्चार ऐन, २०५३ को तर्जुमा नेपालमा इन्टरनेट, इमेल सेवा शुभारम्भ ।
वि.सं. २०५४	नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना, दूरसञ्चार नियमावली २०५४ को तर्जुमा
वि.सं. २०५५	प्राधिकरणबाट पहिलोपटक निजी क्षेत्रका सेवाप्रदायकलाई इन्टरनेट (इमेल) सेवा सञ्चालनको अनुमति प्रदान
वि.सं. २०५६	दूरसञ्चार नीति तर्जुमा, नेपालमा मोबाइल सेवा सुरुवात
वि.सं. २०५९	भ्वाइस सेवा सञ्चालनका लागि निजी क्षेत्रको सेवाप्रदायकलाई अनुमतिपत्र प्रदान
वि.सं. २०६०	दूरसञ्चार नीति २०६० तर्जुमा, ग्रामीण दूरसञ्चार सेवा सञ्चालनका लागि निजी क्षेत्रको सेवाप्रदायकलाई अनुमतिपत्र प्रदान
वि.सं. २०६१	निजी क्षेत्रको सञ्चालकलाई मोबाइल सेवा सञ्चालन अनुमति प्रदान
वि.सं. २०६४	थ्रिजी सेवाको सुरुवात, सार्क मुलुकमध्ये थ्रिजी सेवा प्रारम्भ गर्ने पहिलो देश
वि.सं. २०६९	दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी बाँडफाँट तथा मूल्यसम्बन्धी नीति २०६९
वि.सं. २०७०	आधारभूत टेलिफोन (युनिफाइड लाइसेन्स) सेवा सञ्चालनको अनुमतिपत्र प्रदान
वि.सं. २०७१	ब्रोडब्यान्ड नीति २०७१
वि.सं. २०७२	सूचना तथा सञ्चार प्रविधि नीति २०७२
वि.सं. २०७३	दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी बाँडफाँट तथा मूल्यसम्बन्धी नीति (पहिलो संशोधन)
वि.सं. २०७४	फोरजी सेवा सुरुवात
वि.सं. २०७७	पहिलोपटक लिलाम बढाबढका माध्यमबाट दूरसञ्चार सेवा सञ्चालनको फ्रिक्वेन्सी प्रदान
वि.सं. २०७७	भूउपग्रह नीति २०७७ स्वीकृत
वि.सं. २०७७	साइबर सेक्युरिटी बाइ-ल २०७७ स्वीकृत गरी लागू
वि.सं. २०७८	विदेशमा दर्ता भएका वायुयानमा नेपालको आकाश (१० हजार फिटभन्दा माथि)मा दूरसञ्चार सेवा प्रदान गर्न इफ्लाइट, एरोनटिकल टेलिकम्युनिकेसन सर्भिस खुला गरिएको
वि.सं. २०७८	नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई फाइभजी परीक्षणका लागि अनुमतिपत्र प्रदान

नेपाल दूरसञ्चार प्राधिकरण, वार्षिक प्रतिवेदन ०७८/७९

भ्रष्टाचारको रकममा पूर्वराष्ट्रपतिपुत्री गुल्नाराको 'साम्राज्य'

उज्वेकिस्तानकी पूर्वराष्ट्रपतिपुत्री तथा पप स्टार गुल्नारा करिमोभाले हङकङदेखि बेलायतसम्मको सम्पत्तिमा साढे २४ करोड डलर खर्च गरेकी छिन्

उज्वेकिस्तानका राष्ट्रपतिकी छोरी तथा पप स्टार गुल्नारा करिमोभाले हङकङदेखि बेलायतसम्मको सम्पत्तिमा साढे २४ करोड अमेरिकी डलर खर्च गरेको तथ्य भेटिएको छ ।

फ्रिडम फर युरेसियाको अध्ययनअनुसार गुल्नाराले भ्रष्टाचारबाट आर्जित अवैध रकम निजी विमान र घर खरिद गर्न बेलायतका कम्पनी प्रयोग गरेकी हुन् । साथै, उनले लन्डनस्थित लेखापाल फर्म र ब्रिटिस भर्जिन आइसल्यान्डमा बेलायका कम्पनीका लागि पनि काम गरेको अध्ययनले देखाएको छ । वैधानिक सम्पत्तिसँग जुध्ने बेलायतको कोसिसबीच यो तथ्य बाहिर आएको छ ।

धनलाई वैधानिकता दिँदै बेलायतको प्रोपर्टी प्रयोग गरी विदेश लैजानबाट रोक्न नसकेको भनी लामो समयदेखि बेलायती अधिकारीको आलोचना हुँदै आइरहेको थियो । अध्ययनअनुसार गुल्नाराले प्राप्त गरेको बेलायती सम्पत्ति सरोकारको विषय हो ।

उनीसँग जोडिएका कम्पनीका लागि काम गर्नेहरूलाई त्यससँग कुनै सम्बन्धबारे थाहा थिएन, न त धनको स्रोत नै सन्दिग्ध हुन सक्थ्यो । बेलायतका ती सेवा प्रदान गर्ने कुनै पनि व्यक्तिमाथि छानबिन या जरिवाना नतोकिएको रिपोर्टमा उल्लेख छ ।

गुल्नाराका पिता इस्लाम करिमोभले सन् १९८९ देखि सन् २०१६ (मृत्युपर्यन्त) सम्म उज्वेकिस्तानमा शासन गरे । एक समयमा गुल्नारालाई उनका पिताको उत्तराधिकारीका रूपमा समेत हेरिएको थियो । पछि उनी 'गुगुसा' नामक मञ्चको अगुवाइमा पप भिडियोमा देखिन थालिन् । ज्वेलेरी कम्पनी सञ्चालन गरिन् र स्पेनका लागि राजदूतसमेत भएर काम गरिन् ।

तर, सन् २०१४ मा उनी सार्वजनिक वृत्तबाट हराइन् । पछि थाहा भयो, उनलाई भ्रष्टाचार गरेको आरोपमा हिरासतमा लिइएको छ । यद्यपि उनका पिता अझै पनि सत्तामा थिए, जबकि डिसेम्बरलाई २०१७ मा उनलाई अदालतले सजाय सुनाएको थियो । तर, त्यसको दुई वर्षपछि अर्थात् सन् २०१९ मा संसद्को पक्राउ आदेश उल्लंघन गरेको आरोपमा जेल चलान भइन् । वादी पक्षले उनी आपराधिक समूहको सदस्य भएको र सो समूहले बेलायत, रुसलगायतका १२ वटा देशमा एक खर्ब डलरबराबरको सम्पत्ति नियन्त्रण गरेको आरोप थियो । 'गुल्नाराको मुद्दा अहिलेसम्मकै ठूलो घुसघोर र भ्रष्टाचारमध्येको एक हो,' फ्रिडम फर युरेसिया शोधका शोधकर्ता तथा युनिभर्सिटी अफ अक्सफोर्डका रिचर्स फेलो टोम मेनी बताउँछन् ।

यद्यपि, गुल्नारा र उनीसँग जोडिएकाहरूले कथित रूपमा भ्रष्टाचारको कालो धनले किनेको केही सम्पत्ति पहिल्यै बेचिसकेको पाइएको छ । रिपोर्टका अनुसार घरजग्गा र सम्पत्तिको दर्ता विवरण हेर्दा १४ वटा प्रोपर्टी उनी पक्राउ पर्नुअघि खरिद गरेको देखिन्छ । अवैध रकमले किनेको यस्तो सम्पत्ति बेलायत, स्विट्जरल्यान्ड, फ्रान्स, दुबई र हङकङजस्ता सहरमा छन् । यो रिपोर्ट गुल्नाराले बेलायत र त्यसको वरिपरि करिब सवा ६ करोड अमेरिकी डलरबराबरमा खरिद गरेका पाँचवटा प्रोपर्टीमा केन्द्रित छ । यसमा बकिंघम प्यालेसको पश्चिमपट्टि बेल्ग्राभियामा रहेका तीनवटा फ्ल्याट, मेफेयरस्थित बंगला र दुई करोड २० लाख डलरबराबरको निजी नौकाविहारसहितको सूर्य मनोर हाउस पनि छन् । गुल्नारालाई हिरासतमा लिनुअघि नै सन् २०१३ मा बेल्ग्राभियास्थित दुईवटा फ्ल्याट बेचिएको थियो । यस्तै, सन् २०१७ मा मेफेयरस्थित बंगला, सूर्य बंगला र बेल्ग्राभियास्थित तेस्रो फ्ल्याट 'सिरियस फ्रड अफिस'ले बन्द गरिदिएको थियो ।

फ्रिडम फर युरेसिया रिपोर्टले लन्डन र ब्रिटिस भर्जिनिया आइसल्यान्डमा रहेका फर्मको पनि नाम लिएको छ । रिपोर्टको दाबी छ, गुल्नारा या उनका सहयोगीद्वारा प्रयोग गरिएको थियो, ताकि उनीहरू सम्पत्तिका साथसाथै निजी जेटलाइनमा भ्रष्टाचारको सम्पत्ति उपयोग गर्न सकियोस् । गुल्नाराको ब्वाइफ्रेन्ड रस्तम मधुमारोभ र अन्य, जो अहिले उनका सहयोगी भएको आरोप लगाइएको छ, उनीहरूलाई आधिकारिक कागजपत्रमा लाभग्राहीका रूपमा सूचीकृत गरिएको थियो । तर, रिपोर्टका अनुसार उनीहरू केवल गुल्नाराका प्रतिनिधि मात्रै थिए । उनीहरूले करोडौँ डलर अवैध रकम प्राप्तिका लागि फर्मको प्रयोग गरेका थिए ।

गुल्नारासँग जोडिएका बेलायतका दुई कम्पनी प्यानली लिमिटेड र ओडेन्टन म्यानेजमेन्ट लिमिटेको लेखापाल सेवाले एसएच ल्यान्डेस एलएलपी फर्मद्वारा प्रदान गरिएको हो । तर, यही फर्म पहिले लन्डनमा न्यु अक्सफोर्ड स्ट्रिमा थियो । सन् २०१० को जुलाई अन्त्यतिर एसएच ल्यान्डेसले दर्ता गर्न या कुनै अन्य कम्पनीलाई अधिग्रहण गर्ने कोसिस गऱ्यो । यसको उद्देश्य भनेको चार करोड डलरबराबरको निजी जेट किन्नलाई थियो । त्यसमा रस्तमलाई लाभग्राहीका रूपमा उल्लेख गरिएको थियो । तर, रिपोर्टका अनुसार यसको खरिदबिक्रीमा गुल्नाराकै हात थियो ।

आयस्रोतबारे एसएच ल्यान्डेसलाई सोध्दा उनले यो अवस्थामा रस्तमको सम्पत्तिबारे बोल्नु ठीक नभएको बताए । किनकि, जेट खरिद गर्न आवश्यक पर्ने रकम रस्तमको व्यक्तिगत कमाइको थिएन । पछि लन्डनस्थित एक फर्मले रस्तमको सम्पत्ति उज्दोनरोबिता, उज्वेकिस्तानमा रहेको मोबाइल फोन कम्पनीबाट आएको बतायो । तर, गुल्नारासँगको कम्पनीको सम्बन्धबारे प्रश्न उठिसकेको थियो । सन् २००४ मा मस्को टाइम्सले गुल्नाराले उज्दोनरोबिताबाट नक्कली बिलबीजक प्रयोग गरी करिब दुई करोड डलर भ्रष्टाचार गरेको लेखेको थियो । यसबारे एकजना पूर्वसल्लाहकारले गुल्नाराले धम्की दिएर रकम मागेको आरोप लगाएका थिए ।



तस्बिर : गेट्टी इमेज

> फ्रिडम फर युरेसियाको अध्ययनअनुसार गुल्नाराले भ्रष्टाचारबाट आर्जित अवैध रकम निजी विमान र घर खरिद गर्न बेलायतका कम्पनी प्रयोग गरेकी हुन्

- बिबिसी

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १४ चैत ०७९

काठमाडौं-रक्सौल रेलमार्ग

भारतले महिनाभित्रै डिपिआर बुझाउँदै

तर, आयोजना बनाउने विषयमा सरकारसँग छैन ब्याकअप प्लान

मिलन विश्वकर्मा/नयाँ पत्रिका



भारतले नेपाल-भारत (रक्सौल-काठमाडौं) अन्तरदेशीय विद्युतीय रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) एक महिनाभित्र नेपाललाई बुझाउने भएको छ। हाल भारतीय कम्पनी कोंकण रेलवे कर्पोरेसन लिमिटेडले उक्त आयोजनाको डिपिआर बनाउने काम गरिरहेको छ।

संघीय राजधानी काठमाडौंलाई भारतीय रेल सञ्जालमा जोड्न काठमाडौं-रक्सौल रेलमार्ग बनाउने गरी ०७४ मै दुई देशबीच प्रारम्भिक सहमति भएको थियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको २४ चैत ०७४ मा भएको भारत भ्रमणमा यस्तो सहमति भएको थियो। त्यसपछि ०७५ भदौमा काठमाडौंमा सम्पन्न बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) सम्मेलनमा प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच यसबारे थप समझदारी भएको थियो। त्यसपछि भारतले असोज ०७६ मा आयोजनाको प्रारम्भिक प्रतिवेदन नेपाललाई बुझाएको थियो।

त्यसपछि रेलमार्गको विस्तृत अध्ययन गरी डिपिआर बनाउन रेल विभाग र भारतको कोंकण रेलवे कर्पोरेसनबीच असोज ०७८ मा सम्झौता भएको थियो। सम्झौताअनुसार भारतले आफ्नै आर्थिक तथा प्राविधिक सहयोगमा ०७९ चैत मसान्तभित्र नै आयोजनाको अध्ययन तथा डिपिआर बनाउनुपर्नेछ। सोही अवधिभित्र भारतले आयोजनाको डिपिआर नेपाललाई बुझाउन लागेको हो।

सोमबार मन्त्रालयमा आयोजना गरिएको एक कार्यक्रममा उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले एक महिनामै उक्त आयोजनाको डिपिआर प्राप्त हुने जानकारी दिएका छन्। रेल विभागका महानिर्देशक रोहित बिसुरालले पनि भारतीय कम्पनीबाट एक महिनाभित्र डिपिआर बुझाउने प्रतिबद्धता आएको बताए।

उनका अनुसार कोंकणले डिपिआरको अन्तिम मस्यौदा तयार गरिसकेको छ। साथै, त्यसलाई भारतकै रेलवेसम्बन्धी निकाय तथा संस्थाहरूबीच क्रसचेक गर्ने काम पनि भइरहेको छ। अब त्यसलाई अन्तिम रूप दिएर नेपालमा बुझाउने भारतको तयारी रहेको बताइएको छ।

'भारतले रक्सौल-काठमाडौं विद्युतीय रेलमार्गको डिपिआर बनाउने काम अन्तिम चरणमा पुऱ्याएको जानकारी आइसकेको छ,' नयाँ पत्रिकासँग महानिर्देशक बिसुरालले भने, 'साथै, अबको महिनाभित्र डिपिआर बुझाउने प्रतिबद्धता पनि गरिसकेको छ। आशा छ, अब छिट्टै यस आयोजनाको डिपिआर प्राप्त हुनेछ।'

आयोजनाको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक (पिइटी) सर्भेले रेलमार्ग बनाउन चार रुट पेस गरेको थियो। त्यसमा रक्सौल-जितपुर-निजगढ-शिखरपुर-सतिखेत-काठमाडौं रुटमा रेलवे बनाउने गरी डिपिआर बनाइएको छ, जसको कुल लम्बाइ (एकल र दोहोरो लिकसहित) दुई सय १९ किलोमिटर हुनेछ।

प्रारम्भिक अध्ययनअनुसार रेलमार्गमा १३ वटा स्टेसन हुनेछन्। साथै, दुई खर्ब ६५ अर्बदेखि तीन खर्ब १७ अर्ब रुपैयाँसम्म लगानी आवश्यक पर्ने देखाएको छ। यद्यपि, यसलाई डिपिआरमार्फत नै अन्तिम टुंगो लगाउने विभागका महानिर्देशक बिसुरालको भनाइ छ। पछिल्लो समय निर्माण सामग्रीलगायतका वस्तुहरूको मूल्य बढेको छ, त्यसअनुसार आयोजनाको लागत पनि तीन खर्बभन्दा माथि पुग्न सक्ने उनले बताए।

प्रारम्भिक प्रतिवेदनले रक्सौल-जितपुर-निजगढ-शिखरपुर-सिस्नेरी-काठमाडौं, रक्सौल-जितपुर-हटिया-हेटौंडा-सतिखेत-काठमाडौं र रक्सौल-जितपुर-निजगढ-शिखरपुर-सतिखेत-काठमाडौं गरेर अन्य तीन रुटमा पनि रेलमार्ग बनाउन सक्ने भनेको थियो। तर, नेपालले रक्सौल-जितपुर-निजगढ-शिखरपुर-सतिखेत-काठमाडौं रुटमा रेलमार्ग बनाउन लागेको हो।

सरकारसँग योजना छैन

लामो समयसम्म अन्योलमा रहेको काठमाडौं-रक्सौल रेलमार्गको डिपिआर भारतले छिट्टै बुझाउने पक्का भइसकेको छ। तर, आयोजना बनाउने विषयमा भने नेपाल सरकारले अझै ब्याकअप प्लान बनाएको छैन। फलस्वरूप अन्य आयोजनाको जसरी यस आयोजनाको निर्माणमा पनि ढिलाइ हुने देखिएको छ।

यो आयोजना बनाउन तीन खर्ब रुपैयाँभन्दा बढी लाग्ने बताइएको छ, जुन लगानी नेपाल सरकार आफैंले गर्न सक्ने अवस्था छैन। तर, त्यो अवस्थामा समेत लगानी जुटाउने सम्बन्धमा सरकारसँग ब्याकअप योजना भने छैन। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक उच्च अधिकारीले यसका लागि ब्याकअप प्लान नभएको पुष्टि गरे।

'भारतले यस आयोजनाको डिपिआर बुझाउने पक्का भइसकेको छ। तर, यो आयोजनालाई के-कसरी निर्माणमा लैजाने भनेर योजना भने बनिसकेको छैन,' स्रोतले भन्यो, 'सम्भवतः डिपिआर प्राप्त भएपछि नै यसबारे योजना बन्न सक्छ होला।'

यता, विभागका महानिर्देशक बिसुराल भने आयोजनामा लगानी जुटाउन सरकार नै बढी अग्रसर हुनुपर्ने बताउँछन्। 'यो आयोजना बनाउन तीन खर्ब रुपैयाँभन्दा बढी लगानी चाहिन्छ, जुन नेपाल सरकार आफैंले लगानी गर्न सक्दैन। वैदेशिक ऋण तथा अनुदान अपरिहार्य छ। तसर्थ, विदेशी ऋण तथा अनुदानमार्फत नै लगानी जुटाउने गरी सरकारले राजनीतिक तथा कूटनीतिक पहल बढाउनुपर्छ,' उनले भने, 'भारतले नै अर्बौं रुपैयाँ खर्च गरेर आयोजनाको डिपिआर बनाउँदै छ, त्यसअनुसार आगामी दिनमा समेत भारतले यसमा थप सहयोग गर्न सक्छ। तसर्थ, भारतलाई पनि आवश्यक सहयोग गर्न सरकारले पहल गर्नुपर्छ। हामी कार्यान्वयन गर्ने निकाय भएकाले कार्यान्वयनमै जोड दिनेछौं।' आयोजना निर्माणका लागि विभागले आवश्यक वातावरण बनाउने कामसमेत गर्ने उनले बताए।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

इन्दुशंकर चिनी उद्योगद्वारा २८ लाख क्विन्टल उखु क्रसिङ

सर्लाहीमा **श्रवण थापा**

इन्दुशंकर चिनी उद्योग हरिवनले चालू सिजनमा २८ लाख क्विन्टल उखु क्रसिङ गरेको छ। ५ पुसबाट उखु क्रसिङ गरेको उद्योगले १० चैत रातिबाट क्रसिङ बन्द गरेको छ। ९३ दिन सञ्चालनमा रहेको उद्योगले कुल २८ लाख ३१ हजार सात सय पाँच क्विन्टल उखु क्रसिङ गरेको उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले जनाकारी दिए।



उद्योगले यो वर्ष ३० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको थियो। उखुखेती घटेका कारण उत्पादन कम भएकाले लक्ष्यअनुसार क्रसिङ गर्न नसकेको उनले बताए। उद्योगका उखु प्रबन्धक योगनारायण रजकले किसानको खेतमा उखु सकिएपछि मिल बन्द गर्नुपरेको बताए। 'मिलगेट एरियाको उखु सकेर मिल बन्द गरेका छौं,' उनले भने, 'किसानको उखुको भुक्तानी पनि धमाधम भइरहेको छ। फागुन १५ सम्मको झन्डै ८५ करोड रुपैयाँ भुक्तानी भइसकेको छ।' बाँकी रकम पनि निर्धारित तालिकाबमोजिम चैत महिनाभित्रै भुक्तानी दिइसक्ने उनले बताए।

जिल्लाका अन्य चिनी उद्योगले वर्षौंसम्म किसानको पैसा भुक्तानी नदिएको गुनासो आए पनि इन्दुशंकरले भने भुक्तानी गर्दै आइरहेको छ। सरकारले यो वर्ष उखुको प्रतिक्विन्टल मूल्य ६ सय १० रुपैयाँ कायम गरेको छ। त्यसमा उद्योगीले पाँच सय ४० रुपैयाँ भुक्तानी दिनुपर्नेछ भने बाँकी ७० रुपैयाँ सरकारले अनुदानबापत उपलब्ध गराउनेछ।

जिल्लामा सञ्चालनमा रहेका तीनवटा चिनी उद्योगमध्ये अन्नपूर्ण चिनी उद्योग धनकौल र महालक्ष्मी चिनी उद्योग बगदह यसअघि नै बन्द भइसकेका छन्। अन्नपूर्ण चिनी उद्योगले प्राविधिक कारण देखाउँदै उद्योग बन्द गरेको थियो भने गोडैता नगरपालिकास्थित बगदहमा रहेको महालक्ष्मी चिनी उद्योगले पनि उखु नपाएपछि छिट्टै उद्योग बन्द गरेको थियो।

दुवै उद्योगबाट थोरै किसानले मात्र भुक्तानी पाएको तथा अधिकांशले यस सिजनको समेत भुक्तानी नपाएको गुनासो गर्न थालेका छन्। उद्योग बन्द गरेर उद्योगपतिहरू सम्पर्कविहीन भएका भन्दै किसानहरू चिन्तित बनेका छन्।

बैंकहरूको खराब कर्जामा गभर्नरको चासो

काठमाडौं/ नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आफ्ना निक्षेपकर्तालाई भरोसा दिलाउने काम गर्न बैंकरहरूलाई आग्रह गरेका छन्। सोमबार वित्तीय क्षेत्रको वर्तमान अवस्थाबारे वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूलाई बोलाएर छलफल गर्दै उनले यस्तो आग्रह गरेका हुन्। सोमबार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले २१ वटा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूलाई बोलाएर छलफल गरेको नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले जानकारी दिए। बैंकहरूको बढ्दो निष्क्रिय कर्जा, कर्जा असुली, वर्तमान अवस्थाबारे छलफल भएको उनले बताए।

निक्षेपकर्तालाई भरोसा दिलाउने गरी त्यस्ता अफवाहको समयमै उपचार गर्न गभर्नर अधिकारीले आग्रह गरेको केसीले बताए। गभर्नरको खास चासो कर्जा असुली र निष्क्रिय कर्जामाथि रहेको थियो। उनले भने, '२१ वटै बैंकका सिइओहरूलाई बोलाएर उहाँ (गभर्नर)ले छलफल गर्नुभयो। सबै बैंकका सिइओले आ-आफ्नो भनाइ राख्नुभयो।'

केन्द्रीय बैंकको सुपरिवेक्षणका आधारमा बैंकहरू स्वास्थ्य सुधारोन्मुख रहेको गभर्नरको भनाइ थियो। गभर्नरको भनाइ उद्धृत गर्दै एक बैंकरले भने, 'तपाईंहरूलाई हामीले सुपरिवेक्षण गरिरहेका छौं। बैंकहरूको स्वास्थ्य राम्रो छ। तर, बाहिर विभिन्न अफवाह फैलिरहेका छन्। त्यसतर्फ ध्यान दिनुहोला।'

बैंकरहरूले सबै बैंक सक्षम रहेको र बजारमा फैलिएजस्तो खराब अवस्था नरहेको स्पष्ट पारेको ती बैंकरले जानकारी दिए। दक्षिण एसियाका अन्य मुलुकहरूको दाँजोमा निष्क्रिय कर्जाको अनुपात सन्तोषजनक रहेको पनि बैंकरहरूको दाबी थियो।

राष्ट्र बैंकका अनुसार ०७९ माघमा वाणिज्य बैंकहरूको २.४९ प्रतिशत, विकास बैंकहरूको २.८२ प्रतिशत र फाइनान्स कम्पनीहरूको ७.८२ प्रतिशत खराब कर्जा रहेको छ। जबकि, ०७८ माघमा वाणिज्य बैंकहरूको १.१८ प्रतिशत, विकास बैंकहरूको १.४२ प्रतिशत र फाइनान्स कम्पनीहरूको ७.०५ प्रतिशत खराब कर्जा रहेको थियो।

६० हजार टन युरिया खरिदका लागि टेन्डर

काठमाडौं/ कृषि सामग्री कम्पनी लिमिटेडले ६० हजार टन युरिया खरिदका लागि टेन्डर आह्वान गरेको छ। कम्पनीले २२ फागुनमा ३० हजार टन र ७ चैतमा थप ३० हजार टन युरिया खरिदका लागि टेन्डर आह्वान गरेको हो। कम्पनीले ४५ दिनको सूचना दिएर टेन्डर आह्वान गरेको हो।



कम्पनीले आगामी असार-साउनमा हुने धानखेतीको मागलाई धान्ने गरी अहिले युरिया खरिदको प्रक्रिया अघि बढाएको जनाएको छ। तर, लामो र झन्झटिलो खरिद प्रक्रियाका कारण समयमै रासायनिक मल आपूर्ति गर्न गाह्रो हुने गरेको छ।

चालू आव ०७९/८० मा सरकारले रासायनिक मल खरिदका लागि कम्पनी र कृषि तथा पशुपक्षी विकास मन्त्रालयले माग गरेअनुसार बजेट विनियोजन र स्रोत सुनिश्चितता गरिदिएको छ। जसकारण आगामी सिजनमा किसानले माग गरेअनुसारको रासायनिक मल पाउने अपेक्षा गरेका छन्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बागबजार, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७९/१२/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय बागबजार, काठमाण्डौबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०७९ चैत्र २९ गते बुधबार**का दिन शाखा कार्यालय बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

तपसिल

ऋणीको विवरण:

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०६७/०८/२० मा दर्ता नं. ७८१६०/०६७/०६८ दर्ता कायम भई काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३ बालुवाटार स्थित रजिष्टर्ड कार्यालय रहेको **ओम श्रीमाली ट्रेडर्स प्रा.लि.**।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. बिष्णु भक्त श्रेष्ठको नाति, भैरव बहादुर श्रेष्ठको छोरा काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ बस्ने **सुनिल श्रेष्ठ** (ना.प्र.नं. २७१३३८९/९१६/३०१४६, जारी मिति २०४५/१२/०६, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।
२. जित बहादुर तामाङको नाति, कृष्ण कुमार तामाङको छोरा चितवन जिल्ला, चैनपुर न.पा. वडा नं. ६, बस्ने **बिक्रम गोले** (ना.प्र.नं. ४१८८, जारी मिति २०६३/०३/०८, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ)।
३. चक्र मान घलेको नातिनी, भरत घलेको छोरी काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७ बस्ने **राधा देवी तामाङ** (ना.प्र.नं. ५१४५/५२८५, जारी मिति २०५२/०७/१९, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।
४. पन्चु तामाङको नाति, जित बहादुर तामाङको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७ बस्ने **कृष्ण कुमार तामाङ** (ना.प्र.नं. ४२१२, जारी मिति २०४०/०९/०३, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राधा देवी तामाङ**को नाममा मालपोत कार्यालय, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, चपली भद्रकाली वडा नं.६/ख स्थित कित्ता नं. १३७९, १५०५, १५०३,१५७३ र १८३१, क्षेत्रफल जम्मा १-५-०-० (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०७९ चैत्र २८ गते** भित्र बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बागबजार, काठमाण्डौबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले १६ (**सोह्रौं**) **दिन अर्थात २०७९ चैत्र २९ गते ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २९ गते बुधबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौ फोन नं. ०१-४२४६९९१

Duhabi Municipality
Office of Municipal Executieve
Duhabi, Sunsari

Invitation for Online Bids

Date Of Publication: 2079/12/14 (2023MARCH-28)

1. **Duhabi Municipality** invites bids for the construction of ***Civil Works for Duhabi Municipality under National competitive bidding.***

SN	Description of Works	Contract Identification No.	Estimated cost with PS and without VAT	Bid Security (NRs)	Bid document fee	Pre- bid Meeting	Bid Submission	Bid Opening
1.	**Construction of Asphalt Concrete Road at Duhabi Muncipality, (from ward no-7, (Chainage :1+500 to 2+300) Pharsahi Haat**	DM/NCB/work/ 2079/080-28	55,40,984.72	1,56,500.00	3,000.00	2023/04/16 11:00 AM	2023/04/27 12:00	2023/04/27 13:00

Eligible Bidders may obtain further information from Office of Duhabi Municipality, DuhabiSunsari, Telephone number 024-540024, email id : duhabibhaluwamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०७९/१२/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ताप्लेजुङ्ग शाखा, ताप्लेजुङ्ग

ऋणीको विवरण

नारायण कुमार गुरुङ
ना.प्र.नं. ११५७४/२१८९३, जारी मिति २०४६/०२/०५, जि.प्र.का. ताप्लेजुङ्ग
बाबुको नाम : वीर बहादुर गुरुङ
बाजेको नाम : हर्क बहादुर गुरुङ
स्थायी ठेगाना : हाडदेवा -१, ताप्लेजुङ्ग
कर्जा शिर्षक : कृषि आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

कुमारी गुरुङ ना.प्र.नं. ०१-०१-७२-००५४८, जारी मिति २०७२/०३/१४, जि.प्र.का. ताप्लेजुङ्ग बाबुको नाम : हर्कराज गुरुङ पतिको नाम : नारायण कुमार गुरुङ ससुराको नाम : वीर बहादुर गुरुङ स्थायी ठेगाना : हाडदेवा -१, ताप्लेजुङ्ग	**सरोज गुरुङ** ना.प्र.नं. ०११०२६/८४४ जारी मिति २०७०/०८/१७, जि.प्र.का. ताप्लेजुङ्ग बाबुको नाम : नारायण कुमार गुरुङ बाजेको नाम : वीर बहादुर गुरुङ स्थायी ठेगाना : हाडदेवा -१, ताप्लेजुङ्ग

बुर्तिवाङ शाखा, बागलुङ

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग विभाग समिति, कार्यालय, बागलुङमा प्रा.फ.र. नं. २६०८/०७३/०७४ अन्तर्गत मिति २०७३/०८/१४ मा दर्ता कायम भएको **विशाल किराना पसल**
फर्म दर्ता ठेगाना : निसी -४, बागलुङ
स्थायी लेखा नं. ६०५४७०७४९, मिति २०७३/०८/१४
प्रोप्राइटर : दिपक कुमार पुन मगर
ना.प्र.नं. १९८२५५, जारी मिति २०६२/०१/२१, जि.प्र.का. बागलुङ
बाबुको नाम : बल बहादुर मगर
बाजेको नाम : रथ बिर
स्थायी ठेगाना : निसी -४, बागलुङ
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

लिला पुन मगर
ना.प्र.नं. ५०३०५९/२५०, जारी मिति २०७०/०१/२८, जि.प्र.का. बागलुङ
बाबुको नाम : हिरा बहादुर बुढा
पतिको नाम : दिपक कुमार पुन मगर
ससुराको नाम : बल बहादुर मगर
स्थायी ठेगाना : निसी -४, बागलुङ

भैरहवा शाखा, रुपन्देही

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय भैरहवा रुपन्देहीमा प्रा.फ.र.नं ४२२९२/०७४ अन्तर्गत मिति २०७५/०२/१६ मा दर्ता कायम रहेको **जय माँ स्क्रेप ट्रेडर्स**
फर्म दर्ता ठेगाना - ओमसतिया गा.पा.-०४, रुपन्देही
स्थायी लेखा नं. - ६०७८८६४९०, मिति २०७५/०२/१७
प्रोप्राइटरको : बिरेन्द्र कुमार पाण्डे
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

बिरेन्द्र कुमार पाण्डे ना.प्र.नं. ६८६२५/६८६२, जारी मिति २०४०/०३/२२, जि.प्र.का. रुपन्देही बाबुको नाम : गोभर्दन पाण्डे बाजेको नाम : जगत नारायण पाण्डे स्थायी ठेगाना : वसन्तपुर-३, रुपन्देही	**रामेश्वर पाण्डे** ना.प्र.नं. २६५७० जारी मिति २०६१/०५/२८, जि.प्र.का. रुपन्देही बाबुको नाम : बिरेन्द्र कुमार पाण्डे बाजेको नाम : गोभर्दन पाण्डे स्थायी ठेगाना : वसन्तपुर-२, रुपन्देही हालको ठेगाना : वसन्तपुर-३, रुपन्देही
मिरा पाण्डे ना.प्र.नं. १२९ जारी मिति २०४६/०२/३१, जि.प्र.का. रुपन्देही बाबुको नाम : रुद्र नारायण मिश्र पतिको नाम : बिरेन्द्र कुमार पाण्डे ससुराको नाम : गोभर्दन पाण्डे स्थायी ठेगाना : वसन्तपुर-३, रुपन्देही	**शिप्रा गुप्ता पाण्डे** ना.प्र.नं. ३७-०१-७१-०२६४७ जारी मिति २०७१/०३/१२, जि.प्र.का. रुपन्देही बाबुको नाम : रविन्द्र कुमार गुप्ता पतिको नाम : रामेश्वर पाण्डे ससुराको नाम : बिरेन्द्र कुमार पाण्डे स्थायी ठेगाना : वसन्तपुर-२, रुपन्देही

भकुन्डे बेसी शाखा, काभ्रे

ऋणीको विवरण

कमल प्रसाद सापकोटा
ना.प्र.नं. ३०१०३४/१७५४१९, जारी मिति २०६५/०९/१६, जि.प्र.का. काभ्रेपलाञ्चोक
बाबुको नाम : भोजराज सापकोटा
बाजेको नाम : तुलसी प्रसाद सापकोटा
स्थायी ठेगाना : देवभुमि बालुवा -८, काभ्रे
हालको ठेगाना : पांचखाल -१०, काभ्रे
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सान्नानी सापकोटा ना.प्र.नं. ५९२/३ जारी मिति २०४४/१०/२४, जि.प्र.का. काभ्रे पतिको नाम : भोजराज सापकोटा ससुराको नाम : तुलसी प्रसाद सापकोटा स्थायी ठेगाना : बालुवा -८, काभ्रे हालको ठेगाना : पांचखाल -१०, काभ्रे	**विमला देवी पौडेल** ना.प्र.नं. ३०३०१०/५०९ जारी मिति २०६३/११/१६, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबुको नाम : टिका प्रसाद पौडेल पतिको नाम : कमल प्रसाद सापकोटा ससुराको नाम : भोजराज सापकोटा स्थायी ठेगाना : कानपुर -४, काभ्रे हालको ठेगाना : पांचखाल -१०, काभ्रे

हेटौंडा शाखा, मकवानपुर

ऋणीको विवरण

१) प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्राइभेट फर्म दर्ता नं. ८३/०७६/०७७ अन्तर्गत मिति २०७६/०६/०२ मा दर्ता कायम भएको **विनोद डिजिटल स्केल एण्ड सिस्टम**
फर्म दर्ता ठेगाना : खैरहनी न.पा. -८, चितवन
स्थायी लेखा नं. ३०१४८३४७०, मिति २०७६/०६/१६
प्रोप्राइटरको नाम : विनोद कुमार सेनुरिया
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा
२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडामा प्रा.फ.र.नं. ४५३२/३६४/२०७०/२०७१ अन्तर्गत मिति २०७०/०९/०७ मा दर्ता कायम भएको **वी.के. इन्टरप्राइजेज**
फर्म दर्ता ठेगाना : हेटौंडा -३ (पीपलबोट) मकवानपुर
स्थायी लेखा नं. ६०११७००१८ मिति २०७०/०९/०८
प्रोप्राइटर : इन्दु सेनुरिया
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा
३) **इन्दु सेनुरिया**
कर्जा शिर्षक : घर कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

इन्दु सेनुरिया ना.प्र.नं. ३१-०१-७०-०००२१ जारी मिति २०७०/०१/०२, जि.प्र.का. मकवानपुर बाबुको नाम : गोपाल दास पतिको नाम : विनोद कुमार सेनुरिया ससुराको नाम : राम विलास सेनुरीया स्थायी ठेगाना : हेटौंडा न.पा. -४, मकवानपुर	**विनोद कुमार सेनुरिया** ना.प्र.नं. २०/३५० जारी मिति २०५४/०९/२२, जि.प्र.का. मकवानपुर बाबुको नाम : राम विलास सेनुरीया बाजेको नाम : महेन्द्र प्रसाद स्थायी ठेगाना : हेटौंडा न.पा. -४, मकवानपुर

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

विभिन्न ठाउँमा एभरेष्ट बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ एभरेष्ट बैंकले 'प्लान योर मनी, प्लान्ट योर फ्युचर' भन्ने नाराका साथ आयोजना गरिएको ग्लोबल मनी विकमा देशका सातवटै प्रदेशका विभिन्न शाखामार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। आइतबारसम्म चलेको ग्लोबल मनी विकमा बैंकले युवा अवस्थादेखि नै पैसा बुद्धिमानीपूर्वक व्यवस्थापन गर्न सिक्न, यसले भविष्यका लागि बचत गर्न र परिवारमा आर्थिक सहयोग पुऱ्याउन मद्दत गर्ने विश्वाससहित बैंकले देशका विभिन्न स्थानमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको हो।

यसका साथै किशोर-किशोरी तथा युवा-युवतीको वित्तीय ज्ञान, सीप, मनोवृत्ति र व्यवहारमा सुधार ल्याई वित्तीय सक्षमता अभिवृद्धिका माध्यमले विवेकशील वित्तीय निर्णय लिन सघाउने र यसको माध्यमबाट हरेक व्यक्तिको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले कार्यक्रममा सक्रिय सहभागिता जनाएको बैंकले उल्लेख गरेको छ। पन्जाब नेसनल बैंक भारतसँग संयुक्त साझेदार रहेको बैंकले देशभरमा एक सय २४ शाखा, तीन एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, एक सय ६० एटिएम तथा ३२ राजस्व संकलन काउन्टरमार्फत सेवा दिँदै आएको जनाएको छ।

भक्तपुरमा ११ दिने औद्योगिक, सांस्कृतिक तथा पर्यटन महोत्सव हुने

नयाँ पत्रिका
काठमाडौं, १३ चैत



आउँदो नयाँ वर्ष ०८० सालको अवसर पारेर भक्तपुरमा 'सातौँ भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन तथा व्यापार महोत्सव-०७९/८०' आयोजना हुने भएको छ। औद्योगिक शान्ति नेपाल संस्था, मध्यपुर ब्वाइज ब्यान्डको आयोजना र भक्तपुर जिल्ला खेलकुद विकास समितिको सहयोगमा महोत्सव हुन लागेको हो।

महोत्सव चैत २३ गतेदेखि ०८० साल वैशाख ३ गतेसम्म गरी ११ दिन चल्ने महोत्सवका संयोजक दीपक थापाले बताए। उनले भने, 'हामीले उपभोक्तालाई एकै थलोबाट सम्पूर्ण सामान उपलब्ध गराउने उद्देश्यले नयाँ वर्षको अवसरमा बृहत् औद्योगिक तथा व्यापार महोत्सव आयोजना गर्न लागेका हौं।' भक्तपुरको सल्लाघारीमा रहेको नेपाल ट्रस्टको जग्गामा महोत्सव हुने जनाइएको छ।

महोत्सवमा दुई सयभन्दा बढी स्टल रहने उल्लेख छ। यहाँ दैनिक प्रयोगमा आउने उपभोग्य सामग्री, खाद्यान्न, विभिन्न प्रकारका लत्ताकपडाका स्टलहरू रहने संयोजक थापाले बताए। त्यस्तै, कृषि तथा हस्तकलाका सामग्री, भाँडाकुँडाका सामग्री, पर्यटन प्रवर्द्धन गर्ने स्टल रहने औद्योगिक शान्ति नेपाल संस्थाका अध्यक्ष सन्दीप महतले जानकारी दिए। त्यस्तै, अटोमोबाइल, राष्ट्रिय तथा स्थानीय खाना महोत्सव, विभिन्न ब्रान्डका मोबाइल, इलेक्ट्रोनिक्स सामानहरूको स्टल रहने तथा २० प्रतिशतदेखि ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको महतको भनाइ छ। त्यस्तै, बाल उद्यान, रोटेपिङ, मारुती सर्कस, कोलम्बस, जादु, बालबालिकाको खेल सामग्रीका साथै दर्जनौं राष्ट्रियस्तरका कलाकारहरूको सांगीतिक र हास्यव्यंग्यसहितका मनोरञ्जनात्मक प्रस्तुति रहने जनाइएको छ।

महोत्सवमा करिब पाँच लाख उपभोक्ताले अवलोकन गर्ने तथा १० देखि १२ करोड रुपैयाँको कारोबार हुने आयोजकले अनुमान गरेका छन्। प्रवेश शुल्क ५० र ७० रुपैयाँ तोकिएको तथा विद्यार्थी र ज्येष्ठ नागरिकलाई छुटको व्यवस्था गरिएको संयोजक थापाले बताए।

नबिलको हरितगृह ग्यास उत्सर्जन प्रतिवेदन सार्वजनिक

नयाँ पत्रिका
काठमाडौं, १३ चैत

नबिल बैंकले हरित ग्यास उत्सर्जन (जिएचजी) प्रतिवेदन- २०२२ सार्वजनिक गरेको छ। पूर्वाधार तथा परियोजना वित्तीय (आइपिएफ) डिभिजनअन्तर्गत ऋण तथा लगानी पोर्टफोलियोबाट बैंकले उक्त प्रतिवेदन सार्वजनिक गरेको हो।

सन् २०२१ मा कार्बन एकाउन्टिङ फाइनान्स (पिसिएएफ) हस्ताक्षरकर्तामध्येको एक नबिलले हस्ताक्षर गरेको प्रतिबद्धतापत्रको अंशका रूपमा प्रतिवेदन सार्वजनिक गरेको बताइएको छ। आइपिएफ पोर्टफोलियोले ऊर्जा, सिमेन्ट, वायुसेवा, दूरसञ्चारलगायत अन्य व्यावसायिक क्षेत्रमा लगानी तथा ऋणको दायरा समावेश गर्छ।

नबिलको दिगो बैंकिङ अभियानले ऋण र लगानी पोर्टफोलियोबाट उत्सर्जन मापन गर्ने लक्ष्य राखेको थियो। कार्बन उत्सर्जनको आकलनअनुसार सन् २०२२ मा कुल ८० हजार ६ सय ७१.३७ टन कार्बनडाइअक्साइड उत्सर्जन भएको देखिएको बैंकले जनाएको छ। साथै, जलविद्युत् क्षेत्र र सोलारमा भएको लगानीमा दुई हजार एक सय ३१.८१ टन कार्बनडाइअक्साइड उत्सर्जनबाट बचेको थियो।

'यो एउटा महत्त्वपूर्ण मात्रा हो,' बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाले भने, 'हामी कार्बन फुटप्रिन्ट घटाउन र पोर्टफोलियो दिगो बनाउन काम गरिरहेका छौं।' आफ्ना कर्मचारीलाई समेत कार्यालयभित्र-बाहिर दिनदिनै जीवनमा पनि दिगो अभ्यासका लागि प्रोत्साहित गरी स्वच्छ ऊर्जा स्रोतमार्फत आफ्ना कामलाई क्रमशः डि-कार्बनाइज गर्ने बैंकको भनाइ छ।

देशका विभिन्न स्थानमा एनआइसी एसिया लघुवित्तको वित्तीय साक्षरता



नयाँ पत्रिका
काठमाडौं, १३ चैत

एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडले देशका विभिन्न स्थानमा वित्तीय साक्षरता अभिमुखीकरण तथा ऱ्याली कार्यक्रम सञ्चालन गरेको छ। लघुवित्तले विश्व वित्तीय सप्ताह २०२३ को अवसरमा कार्यक्रम गरेको हो।

विश्व वित्तीय सप्ताह २०२३ लाई सार्थक र सफल पार्न ग्रामीण समुदायमा लक्षित गरी वित्तीय सचेतना फैलाउने उद्देश्यका साथ देशैभरि वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण तथा ऱ्याली कार्यक्रमको आयोजना गरिएको कम्पनीले जनाएको छ। संस्थासंग आबद्ध सदस्यहरू तथा लघुवित्तका कर्मचारीहरूको सहभागिता रहेका कार्यक्रहरू मधेस प्रदेशअन्तर्गतका बर्दिवास, बड्रेश्वर, कल्याणपुर, कोसी प्रदेशअन्तर्गतका भद्रपुर र धाइजान, गण्डकी प्रदेशअन्तर्गतको क्यामिन (आबुखैरेनी), लुम्बिनी प्रदेशअन्तर्गतको महाराजगन्ज (डुमरा) तथा सुदूरपश्चिम प्रदेशअन्तर्गतको बहुनियाँलगायतका स्थानमा वित्तीय साक्षरता अभिमुखीकरणका साथै वित्तीय साक्षरता झल्काउने नाराहरूको प्लेकार्डसहितको ऱ्याली कार्यक्रम सञ्चालन भएको कम्पनीले जनाएको छ। यसबाट समुदायस्तरमा रहेका सदस्यहरूलाई वित्तीय कारोबार, दैनिक आम्दानी तथा खर्चको विश्लेषण गर्न, बचत गर्ने बानी, कर्जाको सही सदुपयोग, वित्तीय सेवासम्बन्धी ज्ञान, व्यवसाय व्यवस्थापन, बिमा, विप्रेषण आदिजस्ता कुराहरूमा चेतना वृद्धि भई आर्थिक व्यवस्थापनमा सहज हुने संस्थाले विश्वास व्यक्त गरेको छ।

छाउपडी प्रथा उन्मूलन योजनामा महालक्ष्मी विकास बैंकको सहयोग

काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले सुदूरपश्चिमका अछाम, बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी, डडेलधुराका ग्रामीण क्षेत्रहरूमा प्रचलित छाउपडी प्रथा उन्मूलनका लागि सहयोग गर्ने भएको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत एक्सन वर्क्स नेपाल नामक गैरसरकारी संस्थाले सञ्चालन गरको 'छाउपडी एन्ड हाइजिन म्यानेजमेन्ट प्रोजेक्ट'लाई सफल बनाउन आर्थिक सहयोग गर्ने भएको हो।



छाउपडी प्रथाप्रति रहेको पुरातन विश्वास, मान्यता र प्रचलनविरुद्ध जनचेतना जगाउने र त्यस प्रथाबाट प्रत्यक्ष रूपमा प्रभावित बालिका तथा महिलालाई स्वास्थ्य सेवा तथा पोषणका सम्बन्धमा जानकारी प्रदान गर्ने उद्देश्यले सञ्चालित यो योजना बैतडीको दिलासैनी गाउँपालिकामा करिब चार महिना सञ्चालन गरिने जनाइएको छ। उक्त योजनाअन्तर्गत गाउँपालिकाका विभिन्न वडामा सामाजिक सचेतनाका कक्षाहरू, सडक नाटक, डेउडा नाच तथा स्थानीय स्रोत-साधनको प्रयोग गरी पुनः प्रयोग गर्न सकिने सेनिटरी प्याड बनाउने तालिम प्रदान गरिने उल्लेख छ। यस प्रकार छाउपडी प्रथाविरुद्ध कार्यक्रमहरू गरी समुदायस्तरमा जनचेतना जगाउने प्रयासमा सहभागितास्वरूप बैंकले संस्थालाई आर्थिक सहयोग प्रदान गरेको जनाइएको छ।

अस्तित्व नेपाललाई सिटी एक्सप्रेसको सहयोग

काठमाडौं/ सिटी एक्सप्रेस मनी ट्रान्सफरले अस्तित्व नेपाल फाउन्डेसनलाई एक लाख रुपैयाँ सहयोग गरेको छ। कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत फाउन्डेसनलाई सहयोग गरेको हो।

अस्तित्व नेपाल सन् २०१८ देखि एसिड तथा अग्निजन्य हिंसाविरुद्ध काम गर्दै आइरहेको संस्था भएको कम्पनीले जनाएको छ। साथै, यसले शिक्षा, छात्रवृत्ति कार्यक्रम, मनोवैज्ञानिक परामर्श, सीपमा आधारित तालिम र सचेतना कार्यक्रमहरू पनि चलाउँदै आइरहेको जनाइएको छ।

सिटी एक्सप्रेसले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै १६ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको जनाएको छ। आन्तरिक विप्रेषणअन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५ हजारभन्दा बढी भुक्तानी केन्द्रहरूमार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाइल वालेटमा लोड गर्न सकिनेजस्ता सुविधा प्रदान गर्दै आइरहेको कम्पनीले जनाएको छ।

भेटेरिनरी एसोसिएसनको आफ्नै भवन

काठमाडौं/ नेपाल भेटेरिनरी एसोसिएसनले आफ्नै स्वामित्वको नयाँ भवन निर्माण गर्ने भएको छ। नागार्जुन नगरपालिका-४, बाफलमा एक कार्यक्रम गरी एसोसिएसनका अध्यक्ष डा. शीतलकाजी श्रेष्ठले भवनको शिलान्यास गरेका हुन्।

करिब ११ आना जग्गामा निर्माण हुने भवन आर्थिक वर्ष ०८१/८२ सम्ममा सम्पन्न हुने अध्यक्ष श्रेष्ठले जानकारी दिए। चारतले बहुउद्देश्यीय भवन निर्माणका लागि बोलपत्रसमेत आह्वान भइसकेको छ। शिलान्यास कार्यक्रममा करिब एक सय पशुचिकित्सकको उपस्थिति रहेको थियो। भवन निर्माणका लागि एसोसिएनले सबै सदस्य पशुचिकित्सकबाट पाँच हजार रुपैयाँका दरले आर्थिक सहयोग संकलन गर्ने लक्ष्य राखेको एसोसिएसनका सचिव डा रामचन्द्र सापकोटाले जानकारी दिए।

प्रकाशित मिति २०७९/१२/१४ गते)

तपसिलका शाखा कार्यालयहरूको तपसिलमा उल्लेखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको तपसिलका शाखा कार्यालयहरूबाट लिनु भएको कर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरू र जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरू, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैकबाट बैकहरूलाई जारी एकीकृत निर्देशन, बैकको नियम, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र जमानतकर्ताहरूको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शखा कार्यालयः पाटन, ललितपुर

ऋणीको विवरण	व्यक्तिगत जमानतकर्ता
नाम : खगेश्वरी शर्मा बाबु : प्रेम प्रसाद शर्मा बाजे : नन्दलाल शर्मा ठेगाना : अमलाचौर गा.वि.स.-७, बाग्लुङ हाल : सैवु-८, भैसेपाटी, ललितपुर ना.प्र.प.नं. : १००८८/१६९१, बाग्लुङ	**नाम : अर्जुन भट्ट** बाबु : कोमल प्रसाद भट्ट बाजे : विज्ञान कुमार भट्ट ठेगाना : बुङकोट गा.वि.स. -३ गोरखा हाल : सैवु-८, भैसेपाटी, ललितुर ना.प्र.प.नं. : २९३८७, गोरखा

शखा कार्यालयः कावासोती, नवलपरासी

१ ऋणीको विवरण

नाम : कृष्णा कुमारी ढकाल ठेगाना : पेलाकोट गा.वि.स. वडा नं. ५, स्याङ्जा
पति : खडक बहादुर राना ना.प्रा.प.नं. : १९२९४, स्याङ्जा
ससुरा : यम बहादुर राना मगर

व्यक्तिगत जमानतकर्ताहरू

नाम : खडक बहादुर राना बाबु : यम बहादुर राना मगर बाजे : श्री लाल राना मगर ठेगाना : रूचाङ गा.वि.स. वडा नं. ४, नवलपरासी ना.प्रा.प.नं. : ३६-७५५४९, नवलपरासी	**नाम : यम बहादुर राना मगर** बाबु : श्री लाल राना मगर बाजे : चुरै राना मगर ठेगाना : रूचाङ गा.वि.स. वडा नं. ४, नवलपरासी ना.प्रा.प.नं. : ९/७२८७, नवलपरासी

नाम : भोजराज दाहाल ठेगाना : भरतपोखरी गा.वि.स. वडा नं. ४, कास्की
बाबु : देविलाल दाहाल ना.प्रा.प.नं. : ४६१००३/६४७, कास्की
बँजे : नरपति दाहाल

२ ऋणीको विवरण

नाम : झवि लाल अधिकारी ठेगाना : शिवमन्दिर ८, नवलपरासी
बाबु : रूक्मागत अधिकारी ना.प्रा.प.नं. : ५५०७०, नवलपरासी
बाजे : नन्दलाल अधिकारी

व्यक्तिगत जमानतकर्ताहरू

नाम : रूक्मागत अधिकारी बाबु : नन्दलाल अधिकारी बाजे : भविश्वर अधिकारी ठेगाना : शिवमन्दिर ८, नवलपरासी ना.प्रा.प.नं. : ४०७०५, नवलपरासी	**नाम : यमकला अधिकारी जैसी** पति : रूक्मागत अधिकारी ससुरा : नन्दलाल अधिकारी ठेगाना : शिवमन्दिर ८, नवलपरासी ना.प्रा.प.नं. : ८६९६७, नवलपरासी	**नाम : राधा पोखेल** पति : तारा प्रसाद अधिकारी ससुरा : रूक्मागत अधिकारी ठेगाना : नया बेलहानी ३, नवलपरासी ना.प्रा.प.नं. : ३६०६८, नवलपरासी

नाम : देवानन्द अधिकारी बाबु : रूक्मागत अधिकारी बाजे : नन्दलाल अधिकारी ठेगाना : शिवमन्दिर ८, नवलपरासी ना.प्रा.प.नं. : ३६-२-०१८-३४०, नवलपरासी	**नाम : पुनम थापा** पति : झवि लाल अधिकारी ससुरा : रूक्मागत अधिकारी ठेगाना : शिवमन्दिर ८, नवलपरासी ना.प्रा.प.नं. : ३६-२-०१८/८४६, नवलपरासी

नाम : तारा प्रसाद अधिकारी बाजे : नन्दलाल अधिकारी ना.प्रा.प.नं. : २३४४९, नवलपरासी
बाबु : रूक्मागत अधिकारी ठेगाना : शिवमन्दिर ८, नवलपरासी

खुलामञ्च...

पृष्ठ १ बाट क्रमशः

जानकार नभएको बताउँछन् । 'तपाईंले राति फोन गर्नुभयो । दिउँसोदेखि म अर्कै कार्यक्रममा व्यस्त थिएँ । यसबारे मलाई कुनै जानकारी भएन,' उनले दाबी गरे ।

सडकमा बसेका पीडितलाई स्वयंसेवकले त्यहीं खानपानको प्रबन्ध भने गरिदिएका छन् । मध्यरातमा धर्नास्थल पुग्दा उनीहरू खाना खाँदै थिए । तर, पानी परे ओत लाग्ने ठाउँ छैन, शौच गर्ने ठाउँ पनि छैन । धर्नामा रहेका ४३ वर्षीय शिवानन्द यादवले भने, 'खाना त खाइयो, तर राति पानी पऱ्यो भने ओत छैन । शौच गर्ने ठाउँ छैन । खुलामञ्चभित्र छिर्न पाएको भए कमसेकम पानी पर्दा ओत त लाग्न पाइन्थ्यो ।'

धनुषा, सिराहा, महोत्तरी, सर्लाहीबाट साहुकारले उठीवास लगाएका पीडितहरू बर्दिबास, पथलैया, हेटौंडा, भीमफेदी, चित्लाङ हुँदै पैदललै काठमाडौं आइपुगेका हुन् । १२ दिनसम्म हिँड्दा उनीहरूको पैतालामा ठेला उठेका छन् । तर, पीडाको पहाड बिसाउन पाएका छैनन् । 'पैदल हिँड्दा हाम्रो पैताला फुटेका छन्, ठेला उठेका छन्, तर सुदखोर साहुकारविरुद्ध उठ्ने हाम्रो हौसला टुटेको छैन,' पीडित मनोजकुमार पासवानले भने, 'न्याय खोज्न काठमाडौं आएका हौं, न्याय पाएर मात्रै घर फर्किन्छौं ।'

सुत्केरीको बिचल्ली

धनुषाको सबैला नगरपालिका- १२ बरखुर्वाकी २५ वर्षीया कल्पना राई ६ महिनाकी सुत्केरी हुन् । उनले यतिबेला शिशु स्याहार्दै घरमै आराम गर्नुपर्ने थियो । तर, साहुले उठीवास लगाएपछि उनी पनि काठमाडौं आइपुगेकी छिन् । श्रीमान् विजय कुँवर वैदेशिक रोजगारमा जाने भएपछि उनले साहुकार मुसहर यादवसँग दुई वर्षअघि ५० हजार ऋण लिएकी थिइन् । पटक-पटक गरेर उनले साहुकारलाई एक लाख रुपैयाँ दिइसकिन् । तर, उनको ऋण चुक्ता भएन ।

ऋण लिँदा उनले दुई लाख रुपैयाँको कपाली तमसुकमा ल्याप्चे लगाएकी थिइन् । तर, साहुकारले कपाली तमसुक च्यातेनन् । त्यसैलाई प्रमाण बनाएर प्रहरी प्रशासन लगाए । छँदाखाँदाको ऐलानी जग्गाबाट समेत उठीवास लगाइदिए । स्थानीय सुकुमबासी बस्तीमा शरण लिएकी उनले भनिन्, 'श्रीमान् विदेश जाने भए । खर्चका लागि महाजनसँग ५० हजार ऋण लियौं । त्यसबापत साहुकारले दुई लाख रुपैयाँको कपाली तमसुक बनायो । पटक-पटक गरेर हामीले एक लाख रुपैयाँ महाजनलाई दिइसक्यौं । तर, उनले कपाली तमसुक च्यातेनन् । बरु त्यही कागजका आधारमा हाम्रो उठीवास लगाइदिए ।'

दूधेबालक काखी च्यापै १२ दिनअघि पैदलयात्रामा निस्कँदा उनले काठमाडौंबाट न्याय पाउने सपना देखेकी थिइन् । तर, काठमाडौंले उनको पीडा सुन्ने छाँट देखाएको छैन ।

सोमबार मध्यरात घटनास्थल पुग्दा दूधेछोरा उनको काखमा थियो । उनी चिसो भुइँमा थिइन् । 'हामीसँग पीडाका पहाड छन् । खुलामञ्चमा बिसाउने चाहना थियो । सरकारलाई सुनाउने रहर थियो । तर, महानगरले गेटमा ताल्चा लगायो । हामी मञ्चसम्म जान सकेनौं । न्याय पाउने आसमा हिँडेका हामीले अब कसरी न्याय पाउने ?' उनले प्रश्न गरिन् ।



तस्बिर : **दीपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

सिराहा गोलबजार नगरपालिका- ५ की ४२ वर्षीया सन्दलाकुमारी सिंह पनि न्याय पाउने आशामा पैदलै कल्पनासँगै काठमाडौं आइपुगेकी छिन् । गोलबजार- ४ की सम्रिकादेवी साहसँग सन्दलाले दुईपटक गरी एक लाख ३५ हजार ऋण लिएकी थिइन् । त्यसबापत उनले आठ लाख रुपैयाँको कपाली तमसुक बनाएकी थिइन् । पटक-पटक गरी उनले ऋणबापतको सबै रकम भुक्तानी गरिसकिन् । तर, सम्रिकादेवीले उनको ऋण चुक्ता गरिनन् । न त कपाली तमसुक नै चातिदिइन् । 'ऋण लिएको जम्मा एक लाख ३५ हजार हो । साहुले त्यसबापत आठ लाखको कपाली तमसुक बनायो । ऋणबापतको रकम हामीले बुझाइसक्यौं । तर, साहुले हाम्रो ऋण चुक्ता गरेको लेखेनन् । न कपाली तमसुक नै नष्ट गरे । पीडा भएपछि न्याय माग्न हामी काठमाडौं आइपुगेका छौं,' टुँडिखेल गेटमा धर्नारत उनले भनिन् ।

सिराहाकै धनगढीमाई नगरपालिका- ४ की ३६ वर्षीया सुगन्धा चौधरीको पीडा पनि सन्दलाकुमारी र कल्पनाको भन्दा फरक छैन । उनले स्थानीय साहुकार दयानन्द झासँग तीन वर्षअघि ५० हजार रुपैयाँ ऋण लिएकी थिइन् । त्यसबापत उनले तीन लाख रुपैयाँको कपाली तमसुक बनाएकी थिइन् । पटक-पटक गरी उनले साहुकारलाई दुई लाख रुपैयाँ भुक्तानी गरिसकेकी छिन् । तर, उनको ऋण घट्नुको सट्टा उनीविरुद्ध साहुकार झाले अदालतमा नौ लाख रुपैयाँ बिगो-दाबी गर्दै मुद्दा हालेका छन् । अदालतमा मुद्दा लड्ने उनको हैसियत छैन, न उनले कुनै वकिल नै चिनेकी छिन् । अदालतका प्रतिनिधि तारेख लिएर घर आउँछन् । साहुकार धम्क्याउन दैनिक घरमा मान्छे पठाउँछन् । पीडा असह्य भएपछि उनी पनि न्याय माग्न पैदलयात्रामा निस्कने निष्कर्षमा पुगिन् र काठमाडौं आइन् ।

'साहुले ऋण लिएभन्दा दोब्बर रकम असुल्यो । तर, ऋण चुक्ता भएन । न तमसुक नै च्यात्यो । उल्टो मविरुद्ध अदालतमा नौ लाखको मुद्दा हालेको छ । पीडा भएपछि न्याय माग्न काठमाडौं आएकी हुँ ।'

■ बालेन भन्छन्-
रत्नपार्कको शान्तिबाटिकामा आन्दोलन गर्न प्रबन्ध गरेका छौं

खुलामञ्चबाट राज्यलाई आवाज सुनाउन काठमाडौं महानगरले आफूहरूमाथि रोक लगाएको मिटरब्याजीपीडितको गुनासोपछि मेयर बालेन साहले रत्नपार्कको शान्तिबाटिकामा आन्दोलन गर्न प्रबन्ध गरेको बताएका छन् । फेसबुकमा स्टाटस लेख्दै उनले उनीहरूको मागमा ऐक्यबद्धता रहेको पनि जनाएका छन् ।

'विगत केही वर्षदेखि नेपाल सरकारले मिटरब्याजीहरूलाई कारबाहीको दायरामा ल्याउने आश्वासनमै सीमित रह्यो । सधैं काठमाडौं आएर आन्दोलन नै गर्नुपर्ने स्थिति सिर्जना हुँदा पनि सरकार हेरेर बस्ने अवस्था छ । हिजो ११ दिन हिँडेर काठमाडौं आउने समाचार हेरेपछि महानगरको मेयरको हैसियतले आफ्नो कार्यक्षेत्रमा नपरे पनि मानवताको नाताले काठमाडौं बसुन्जेल पशुपति धर्मशालामा वास र खानाको व्यवस्थापन गर्न हामी तत्पर भएर आज बिहानै उहाँहरूसँग सम्पर्क गरेर हामीले पशुपति जान अग्रह गर्यौं,' उनले लेखेका छन्, 'तर, उहाँहरू खुलामञ्चमै बस्न खोज्नुभयो । हामीले सम्झाएर रत्नपार्कको शान्तिबाटिकामा आन्दोलन गर्न प्रबन्ध गरेका छौं र उहाँहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै नेपाल सरकारसमक्ष उहाँहरूको समस्या समाधानका लागि जोडदार माग राख्दछौं । हामी चाहन्छौं यस्तो अवस्थामा कोही काठमाडौं आउन नपरोस्, गाउँगाउँमा सरकार पुगोस् ।'

भागबन्डा...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच छलफल भएको थियो । छलफलमा माओवादीले गृह, कांग्रेसले अर्थ र एकीकृत समाजवादीले भौतिक पूर्वाधार वा ऊर्जा मन्त्रालय लिने सैद्धान्तिक सहमति भएको स्रोतले जनाएको छ । यसअघि तीन नेताबीच छुट्टाछुट्टै द्विपक्षीय छलफल भएको थियो ।

एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले कुन दलले कुन मन्त्रालय लिने भन्ने टुंगिनसकेको बताए । 'मंगलबार गठबन्धनको बैठक बोलाइएको छ । अहिलेसम्म सार्वजनिक गर्ने गरी ठोस कुरा भएको छैन । मंगलबारको बैठकले आगामी मन्त्रिपरिषद्को तस्बिर प्रस्ट गर्छ,' उनले भने ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार एवं माओवादीका उपमहासचिव हरिबोल गजुरेलले गृह र अर्थबाहेक मन्त्रालय टुंगिन बाँकी रहेको बताए । 'गठबन्धन बैठकमा मन्त्रालय बाँडफाँटको विषयमा छलफल हुन्छ । सकभर भोलि नत्र पर्सिसम्ममा मन्त्रिपरिषद् विस्तार हुन्छ,' गजुरेलले भने, 'गृह र अर्थबाहेक अन्य मन्त्रालय टुंगिन बाँकी छ ।'

सहमतिअनुसार सात मन्त्रालय लिएर सरकारमा जाने तयारी गरिरहेको कांग्रेस आन्तरिक छलफलमा जुटेको छ । सभापति देउवाले सरकारमा सहभागी हुने पात्र र मन्त्रालयका विषयमा पार्टीका नेतासँग छलफल गरिरहेका छन् । 'गठबन्धनको शीर्ष तहमा निरन्तर छलफल भएको छ । प्रधानमन्त्री बहुपक्षीय वार्ता गरिरहनुभएको छ । गठबन्धनको बैठकले कसले कुन मन्त्रालय र कति पाउने भन्ने टुंगो लगाउनेछ,' उनले भने, 'पार्टीभित्र सभापतिले सबैसँग छलफल गरिरहनुभएको छ,' नेता एनपी साउदले भने ।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा सरकारमा सहभागी हुनेछ । स्रोतका अनुसार खड्का उपप्रधानसहित रक्षा मन्त्रालय लिएर सरकारमा सहभागी हुनेछन् । खड्काले आफूले भने गृह मन्त्रालय लिएर सरकारमा जाने चाहना राख्दै आएका थिए । तर, गृह माओवादीले लिने र अर्थ कांग्रेसले लिने शीर्ष तहमा सहमतिपछि उनी रक्षासहित सरकारमा सहभागी हुन तयार भएका हुन् । अर्थ मन्त्रालयमा डा. प्रकाशशरण महतलाई पठाउन शीर्ष तहमा सहमति बनेको छ ।

कांग्रेसबाट पदाधिकारी तहबाट मन्त्री बन्ने चर्चामा उपसभापति धनराज गुरुङ र सहमहामन्त्रीद्वय जीवन परियार र बद्री पाण्डेको नाम छ । यसबाहेक भौगोलिक सन्तुलनसमेत मिलाउने गरी सुदूरपश्चिमबाट एनपी साउद, मधेस प्रदेशबाट तेजुलाल चौधरी, रमेश रिजाल, अजय चौरसिया, दिनेश यादवको नाम चर्चामा छ । आदिवासी जनजातिबाट डिगबहादुर लिम्बूको नाम चर्चामा छ । महिलाबाट सीता गुरुङको चर्चा छ । गुरुङ कांग्रेसबाट प्रत्यक्ष निर्वाचित एक मात्र महिला भएकाले उनको सम्भावना धेरै रहेको कांग्रेस नेताहरू बताउँछन् । दुई मन्त्रालय इतरलाई दिने वचन सभापति देउवाको छ । जसअनुसार उपसभापति गुरुङ र चौधरी वा लिम्बूको नाम चर्चामा छ ।

आफूहरू मन्त्री नबन्ने बताएका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले युवा नेता प्रदीप पौडेललाई मन्त्री बनाउन जोडबल गरिरहेका छन् । स्रोतका अनुसार पौडेललाई स्वास्थ्यमन्त्री बनाउन महामन्त्रीद्वयको जोड छ । गठबन्धनमा कांग्रेसलाई यसअघि एमालेले लिएका मन्त्रालयमा प्राथमिकता राखिएको छ । यस अवस्थामा परराष्ट्र पनि कांग्रेसले पाउने सम्भावना छ । परराष्ट्रमा आरजु राणा देउवाको नाम पनि चर्चामा छ । कांग्रेसले सरकारमा जाने मन्त्रीको विषयमा छलफलका लागि १६ चैतमा केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएको छ ।

भौतिक पूर्वाधार र ऊर्जा मन्त्रालयमध्ये एक-एक मन्त्रालय रास्वपा र एकीकृत समाजवादीले लिने भएका छन् । यद्यपि, रास्वपाले सरकारमा जाने-नजानेबारे निर्णय लिइसकेको छैन । रास्वपा संसदीय दलका नेता डोलप्रसाद अर्यालले मंगलबारसम्ममा पार्टीले निर्णय लिने बताए । 'प्रधानमन्त्रीसँग छलफल गर्ने जिम्मा सभापतिलाई दिएका छौं । अहिलेसम्म सरकारमा जाने-नजाने निर्णय भइसकेको छैन । प्रधानमन्त्रीसँग सभापतिले छलफल गरिरहनुभएको छ । प्रधानमन्त्रीसँगको छलफलको आधारमा पार्टीको बैठक बसेर निर्णय लिन्छौं,' उनले भने ।

अर्यालका अनुसार सरकारबारे निर्णय भएपछि मात्रै सरकारमा सहभागी हुने सदस्यबारे टुंगो हुनेछ । उनले भने, 'सरकारमा जाने-नजाने टुंगो छैन । त्यसकारण अहिले को-को मन्त्री बन्ने, कसले नेतृत्व गर्ने भन्ने विषय टुंगिने कुरै भएन ।' रास्वपा स्रोतका अनुसार पार्टीले तीन मन्त्री र एक राज्यमन्त्री दाबी गरेको छ ।

एकीकृत समाजवादीका उपमहासचिव प्रकाश ज्वालाले गठबन्धनमा सहमति भएपछि सरकारमा जाने सदस्यबारे निर्णय हुने बताए । उनले भने, 'गठबन्धनमा मन्त्रालय भागबन्डा टुंग्याउनै बाँकी छ । गठबन्धनमा सहमति भएपछि को-को मन्त्री बन्ने भन्ने टुंगो लाग्छ ।'

एकीकृत समाजवादी स्रोतका अनुसार उपाध्यक्ष डा. बेदुराम भुसालको नेतृत्वमा पार्टी सरकारमा जाने सम्भावना छ । एकीकृत समाजवादीमा प्रकाश ज्वाला, भानुभक्त जोशी, जयन्ती राई, धनबहादुर बुढालगायतको नाम चर्चामा छ ।

एकीकृत समाजवादीले तीन मन्त्रालयमा दाबी गरेको छ । एकीकृत समाजवादीले सरकारबारे निर्णय गर्ने जिम्मा अध्यक्ष माधवकुमार नेपालसहित उपाध्यक्ष प्रमेश हमाल र महासचिव धनश्याम भुसाल रहेको समितिलाई दिएको छ ।

जसपाले पनि तीन मन्त्रालयमा दाबी गरेको छ । तर, यही मन्त्रालय भन्ने छैन । 'यो वा त्यो छैन । सबै मन्त्रालय जनताको सेवा गर्नका लागि हो । पार्टीको भागमा जुन मन्त्रालय पर्छ, त्यो लिएर सरकारमा जान तयार छौं । तर, तीन मन्त्री र एक राज्यमन्त्री हुनुपर्छ भन्ने छ,' जसपा सांसद प्रदीप यादवले भने । जसपाले सरकारबारे निर्णय गर्ने जिम्मा अध्यक्ष उपेन्द्र यादवलाई दिएको छ ।

लोसपाले शरत्सिंह भण्डारीको नेतृत्वमा सरकारमा जाने तयारी गरेको छ । 'गठबन्धनको बैठकपछि मन्त्रालयबारे टुंगो लाग्छ,' भण्डारीले नयाँ पत्रिकासँग भने । लोसपाले एक मन्त्री र एक राज्यमन्त्री दाबी गरेको छ ।

नागरिक उन्मुक्ति पार्टीका सांसद लालबीर चौधरीले पार्टी सरकारमा नजाने बताए । उनले भने, 'हामी सरकारमा जाँदैनौं । अहिले यो या त्यो भन्ने छैन, म सीधैं भन्छु हामी जाँदैनौं ।'

जनमोर्चा पनि सरकारमा सहभागी नहुने भएको छ ।

मंसिरपछि...

पृष्ठ १ बाट क्रमशः

सवारीसाधनमा हाल राखिँदै आएको 'इम्बोस्ड नम्बर प्लेट' अंग्रेजी भाषामा भएको र जडान शुल्क पनि धेरै भएकोमा विरोध भइरहेको छ । सेवाग्राहीको मागअनुसार भौतिक मन्त्रालयले यसलाई सहज र सस्तो बनाउने जनाएको छ ।

मन्त्री श्रेष्ठले इम्बोस्ड नम्बरलाई नेपालीकरण गर्ने र त्यसको शुल्क पनि घटाउने तयारी भएको बताए । 'इम्बोस्ड नम्बर प्लेटप्रति आमधारणा गलत छ, मुख्यत नेपाली भाषामा हुनुपर्ने माग भइरहेको छ । अब यसलाई नेपालीमै लेख्छौं,' उनले भने, 'यसबापत लाग्ने शुल्क पनि कम गर्छौं ।' हाल मोटरसाइकलमा इम्बोस्ड नम्बर प्लेट जडान गर्दा २५ सय, तीनपांग्रे सवारीसाधनमा २९ सय, चारपांग्रेमा ३२ सय र ठूला तथा मालवाहक सवारीसाधनको ३६ सय रुपैयाँ लिँदै आएको छ । तर, एउटा सवारीसाधनमा नम्बर प्लेट जडान गर्दा सरकारको खर्च पाँच सयदेखि आठ सयसम्म मात्रै हुन्छ ।

सरकारले इम्बोस्ड नम्बर प्लेट जडान गरे पनि यसका लागि आवश्यक पूर्वाधार नभएकाले त्यसको तयारीसमेत गरिएको मन्त्री श्रेष्ठको भनाइ छ । उनले सवारीसाधन नवीकरण, प्रदूषण चेकजाँच र ग्रिन स्टिकर दिनेबारे पनि नयाँ व्यवस्थापन हुन लागेको बताए । यातायातका सबै सेवाहरू डिजिटलाइजेसन गरिने उनको भनाइ छ ।

प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय
भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन
काभ्रेपलान्चोक, बागमती प्रदेश

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१४)

यस कार्यालयबाट सिन्धुपाल्चोक, नुवाकोट र धादिंग जिल्लाका विभिन्न न.पा./गा.पा. हरुमा डिप ट्युबवेल निर्माण तथा पम्पिंग टेष्ट कार्यका लागि विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत हेर्न सकिनेछ ।

(डिभिजन प्रमुख)

श्री ऐश्वर्य सामुदायिक वन उपभोक्ता समूह
कृष्णपुर नपा -१, दोमिल्ला कञ्चनपुर

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

२१ दिने सूचना, प्रथम पटक प्रकाशित मिति २०७९/१२/१४

श्री ऐश्वर्य सा.व.उ.स. कृष्णपुर -१ दोमिल्ला कञ्चनपुरको सामुदायिक वनबाट यस सा.व.उ.स.ले आर्थिक वर्ष २०७७/०७८ मा नियमानुसार संकलन गरी आन्तरिक खपत पश्चात बाँकी रहेको साल, हल्दु, जामुन र बर्रो काठ र साल हल्दु जातका दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बढाबढ बाट बिक्रि वितरणको लागि साल गोलिया काठ जम्मा लट संख्या १ को थान ६० को परिमाण ४८२.६३ क्यू.फि., लट संख्या २ हल्दु गोलिया थान ३७ को १७७८.७८ क्यू.फि.,लट संख्या ३ हल्दु गोलिया थान ४२ को ११९७.७६ क्यू.फि., लट संख्या ४ हल्दु गोलिया थान ३८ को ४७४.९२ क्यू.फि.ट र लट संख्या ५ जामुन, बर्रो गोलिया थान ८ को १११.०१ क्यू.फि. काठ र साल हल्दु जातका दाउरा चट्टा १० को गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएकोले रित पुरा भएका इच्छुक उद्योगले सूचना प्रकाशित मितिले २१ दिन भित्र खरिद गरी २२ औं दिन दिनको ५.०० वजे भित्र नियमानुसार समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयको सूचना पाटीमा विस्तृत रुपको सूचना टाँस गरिएको छ । **सम्बन्धित निकायमा वा टेलीफोन नं ९८४८६२३९४७/९८४७५५०९५७ मा सम्पर्क गर्न हुन जानकारी गराइन्छ ।**

ईन्द्र बहादुर बुढा
अध्यक्ष

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र **विभिन्न मिति**को राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५२ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ९६८८४/०६९/०७० अन्तर्गत मिति २०६९/०५/१८ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा. वडा नं. ४ स्थित **हिमाल एग्रो हर्बल एण्ड अर्गानिक फार्मिङ प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: दिवाकर नकर्मी** स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बाबु : बाबुराम नकर्मी बाजे : अष्टमान नकर्मी **धितोको विवरण** १) छत्र बहादुर बानियाँकी छोरी, बाबुराम नकर्मीकी बुहारी, दिवाकर नकर्मीकी पत्नी, मोरङ जिल्ला, दर्बेशा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बस्ने लिला बानियाँको नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगातमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स. वडा नं. २ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. २८० को क्षेत्रफल ९५.३४(ब.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । २) छत्र बहादुर बानियाँकी छोरी, बाबुराम नकर्मीकी बुहारी, दिवाकर नकर्मीकी पत्नी, मोरङ जिल्ला, दर्बेशा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बस्ने लिला बानियाँको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगातमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ६ (हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा. वडा नं. ४) स्थित कित्ता नं.६५१ को क्षेत्रफल ३९३५.९१ (ब.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) अष्टमान नकर्मीकी बुहारी, बाबुराम नकर्मीकी पत्नी, सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ६ बस्ने श्याम माया नकर्मीको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगातमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ५७२ र ६६९ को क्षेत्रफल क्रमशः १०३५.३७ (ब.मि.) र २२१५.८० (ब.मि.)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) सवारी मोडल: MARUTI SUZUKI super carry	च्यासिस नं. : 146661	ईन्जिन नं. : 1052915	सवारी दर्ता नं.: बा २१ च ९४८८ ५) हिमाल एग्रो हर्बल एण्ड अर्गानिक फार्मिङ प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) हिमाल राम नकर्मी** स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर बाबु : बाबुराम नकर्मी बाजे : अष्टमान नकर्मी **२) श्याममाया नकर्मी** ठेगाना : सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ६ पति : बाबुराम नकर्मी ससुरा : अष्टमान नकर्मी **३) सरिता महर्जन** स्थायी ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ३० हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर बाबु: माइला महर्जन पति : हिमाल राम नकर्मी ससुरा : बाबुराम नकर्मी **४) लिला बानिया** स्थायी ठेगाना : मोरङ जिल्ला, दर्बेशा गा.वि.स. वडा नं. ७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बाबु: छत्र बहादुर बानिया पति : दिवाकर नकर्मी ससुरा : बाबुराम नकर्मी **ऋणीको विवरण** २) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २२५१२५/०५६/०७७ अन्तर्गत मिति २०७६/०६/०२ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ स्थित **सस्तो पसल प्रा. लि.** **अध्यक्ष तथा जमानीकर्ता : लिला बानिया** स्थायी ठेगाना : मोरङ जिल्ला, दर्बेशा गा.वि.स. वडा नं. ७ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बाबु: छत्र बहादुर बानिया ससुरा : बाबुराम नकर्मी पति : दिवाकर नकर्मी **३) लिला बानिया** स्थायी ठेगाना : मोरङ जिल्ला, दर्बेशा गा.वि.स. वडा नं. ७ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बाबु: छत्र बहादुर बानिया ससुरा : बाबुराम नकर्मी पति : दिवाकर नकर्मी **धितोको विवरण** १) अष्टमान नकर्मीको नाती, बाबुराम नकर्मीको छोरा, सिन्धुपाल्चोक जिल्ला, नबलपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बस्ने दिवाकर नकर्मीको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगातमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. २१९३ को क्षेत्रफल १४३.०६ (ब.मि.) र मेलम्ची गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ४४९ को क्षेत्रफल १२७१.८५ (ब.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) छत्र बहादुर बानियाँकी छोरी, बाबुराम नकर्मीकी बुहारी, दिवाकर नकर्मीकी पत्नी, मोरङ जिल्ला, दर्बेशा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ बस्ने लिला बानियाँको नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगातमा दर्ता कायम रहेको ललितपुर जिल्ला, इमाडोल गा.वि.स. वडा नं. २ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं

का.नि.द.नं.१२८/०६३/६४, म.ले.प.नि.द.न. १७/०६९/०७०
मंगलबार १४ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपाललाई जित्नैपर्ने दबाबमा भुटान

भुटानलाई बराबरीमा रोक्दा पनि नेपाल प्रधानमन्त्री श्री नेसन्स कपको फाइनलमा पुग्छ, तर भुटानलाई अन्तिम दुई स्थान रक्षा गर्न नेपाललाई हराउनैपर्ने हुन्छ



नेपाली खेलाडी सोमबार प्रशिक्षणका क्रममा।

रमेश सुवेदी/नयाँ पत्रिका
काठमाडौं, १३ चैत

प्रधानमन्त्री श्री नेसन्स कप फुटबल प्रतियोगिताअन्तर्गत मंगलबार आयोजक नेपाल र भुटानबीच दशरथ रंगशालामा प्रतिस्पर्धा हुँदै छ। नेपालले फाइनल स्थान पक्का गर्न भुटानलाई बराबरीमा रोक्दा नै काफी छ। भुटानले अन्तिम दुई स्थान सुरक्षित गर्न नेपाललाई हराउनैपर्ने समीकरण छ। नेपालले प्रतियोगिताको पहिलो खेलमा लाओसलाई २-० ले हराएको थियो।

लाओसले आफ्नो अर्को खेलमा भुटानलाई अन्तिम समयमा २-१ ले निराश बनाएको थियो। शीर्ष दुई टोलीबीच फाइनल खेल हुनेछ। नेपालले एक खेलबाट तीन र दुई खेलबाट लाओसले तीन अंक बटुलेको छ।

फिफा वरीयताको १८५औँ स्थानमा रहेको भुटानले लाओसविरुद्ध बल पकड राम्रो बनाएको थियो। तर, भुटान फिनिसिङमा चुक्दा लाओससँग पराजित भयो। जित्नैपर्ने भएकाले नेपालको तुलनामा भुटान दबाबमा देखिन्छ। भुटानले कम्तीमा नेपालविरुद्ध ३-० को जित निकाल्नुपर्ने हुन्छ। भुटानको हार वा बराबर नतिजाले लाओस फाइनलमा पुग्नेछ।

भुटानविरुद्ध सबै खेलमा विजयी

खेल तथ्यांकअनुसार नेपाल भुटानभन्दा बलियो छ। अहिलेसम्म भुटान र नेपालबीच १३ अन्तर्राष्ट्रिय खेल भएको छ। जसमा नेपालले सबै खेलमा जित निकालेको छ। भुटानले नेपाललाई एकपटक पनि बराबरीमा रोक्न सकेको छैन। नेपाल र भुटानबीच अन्तिमपटक सन् २०१८ को साफ च्याम्पियनसिपमा भेट भएको थियो। जसमा नेपाल ४-० ले विजयी भएको थियो। पछिल्लो समय भुटानले घरेलु लिगसँगै अन्तर्राष्ट्रिय प्रदर्शनमा समेत सुधार गरेको छ। भुटान विपक्षीविरुद्ध केही हावी हुँदै आएको छ। भुटानले विपक्षीसँगको प्रतिस्पर्धामा गोलअन्तरसमेत कम गर्दै आएको छ।

नेपाली खेलाडीबीच तालमेल अभाव

अधिकांश सिनियर खेलाडी अस्ट्रेलिया पलायन हुँदा नेपाली टोलीको खेलाडीबीच आपसी तालमेल अभाव देखिन्छ। लाओससँगको प्रतिस्पर्धामा खेलाडीले एकआपसमा राम्रोसँग पास उपलब्ध गराउन सकेका थिएनन्। नेपालको मिडफिल्ड राम्रोसँग चल्न सकेको थिएन। भुटानले भने लाओसँगको खेलमा सुन्दर फुटबल खेलेको थियो। यद्यपि, फिनिसिङमा भुटान कमजोर देखियो। सुजल श्रेष्ठ, सुमन अर्याल, दिनेश राजवंशी, तेज तामाङ, सुनील बल, दर्शन गुरुङ, विशाल राई, अभिषेक रिजाल, सुमन लामा र आशिष लामालगायत नियमित खेलाडी विदेश पलायनका कारण नेपाली टोली पुनर्निर्माणको संघारमा छ। नेपालका लागि इटालियन प्रशिक्षक भिसेन्जो अल्बर्टो एनेसले लाओसविरुद्ध 'प्लेइङ सेट'मा युवा रक्षक सनिस श्रेष्ठलाई डेब्यु गराएका थिए।

किरणविरुद्ध चेन्चो

नेपाली टोलीका कप्तान किरणकुमार लिम्बू र भुटानका कप्तान चेन्चो ग्लात्सेनबीचको प्रतिस्पर्धासमेत हो। व्यावसायिक फुटबलमा दुवै खेलाडी भारतीय पञ्जाब एफसीबाट खेल्ने गर्छन्। यस सिजन पञ्जाब आईलिग च्याम्पियन हुँदा दुवै खेलाडीको प्रदर्शन उत्कृष्ट रह्यो। पञ्जाब इन्डियन सुपर लिग (आइएसएल)मा बढुवा हुँदा किरण उत्कृष्ट गोलरक्षक भएका थिए। 'हामी क्लबमा खेल्दा पनि निकै रमाइलो गर्छौं। एकअर्कासँग राम्रो सम्बन्ध छ। राष्ट्रिय टोलीबाट खेल्दाका क्षण स्मरण गर्दै ठट्टा गर्छौं,' किरणले भनेका छन्। अर्कोतिर, भुटानी कप्तान चेन्चोले पनि किरणसँगको सम्बन्ध राम्रो भएको जनाए। 'राष्ट्रका लागि गोल गर्ने र रोक्ने विषयमा हामीबीच कुरा भइरहन्छ,' चेन्चो भन्छन्। किरण नेपालका लागि सर्वाधिक क्याप जित्ने खेलाडी हुन्।

ओलम्पिक छनोटमा नेपाल र भियतनाम मात्रै

काठमाडौं/ पेरिस ओलम्पिक २०२४ को एसियाली छनोटमा नेपालले भियतनामसँग मात्रै खेल्ने भएको छ। अफगानिस्तान र संयुक्त अरब इमिरेट्सले समूह 'बी'बाट अन्तिम समयमा नाम फिर्ता लिएपछि नेपाल र भियतनामले मात्रै दशरथ रंगशालामा प्रतिस्पर्धा गर्ने भएका हुन्।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले छनोटमा हुने दुई खेलका लागि सम्पूर्ण तयारी पूरा भएको बताएको छ। प्रशिक्षक अनन्तराज थापाले प्रारम्भिक छनोटमा ३५ खेलाडीलाई राखेका छन्। एन्जिला तुम्बाप्पो सुब्बाको कप्तानीमा रहेको नेपाली टोलीले यसै छनोट तयारीका लागि फागुनमा भारतसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो। छनोटको शीर्ष स्थानमा रहने टोलीले सीधै दोस्रो चरणमा स्थान बनाउनेछ। सोमबार पत्रकार सम्मेलन गर्दै एन्फाले छनोट खेल २२ र २५ चैतमा दशरथ रंगशालामा हुने बताएको छ। एन्फाले प्रतियोगिताको अनुमानित बजेट करिब ४३ लाख रहने जनाएको छ।

हेड टु हेड
नेपालविरुद्ध भुटान

सन्	विजेता	स्कोर	प्रतियोगिता
१९८४	नेपाल	५-०	साग खेलकुद
१९८४	नेपाल	५-०	साग खेलकुद
१९८५	नेपाल	१-०	साग खेलकुद
१९८७	नेपाल	६-२	साग खेलकुद
१९९९	नेपाल	७-०	साग खेलकुद
२०००	नेपाल	३-०	एएफसी एसिया कप
२००३	नेपाल	२-०	साफ च्याम्पियनसिप
२००५	नेपाल	३-१	साग खेलकुद
२००६	नेपाल	२-०	एएफसी च्यालेन्ज कप
२००९	नेपाल	२-१	अन्तर्राष्ट्रिय मैत्रीपूर्ण
२०११	नेपाल	१-०	अन्तर्राष्ट्रिय मैत्रीपूर्ण
२०११	नेपाल	२-१	अन्तर्राष्ट्रिय मैत्रीपूर्ण
२०१८	नेपाल	४-०	साफ च्याम्पियनसिप

■ मोफसल गोल्डकप फुटबल

घरेलु टोली विराटनगर फाइनलमा



गणेश लम्साल/नयाँ पत्रिका
विराटनगर, १३ चैत

घरेलु टोली विराटनगर सिटी सार्तौं विराट गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ। प्रतियोगिताको सोमबार विराटनगरस्थित सहिद मैदानमा भएको पहिलो सेमिफाइनलमा विराटनगरले ए डिभिजन टोली जावलाखेल युथलाई २-१ ले निराश पार्दै अन्तिम दुई स्थान पक्का गरेको हो। विराटनगरलाई फाइनल पुऱ्याउने क्रममा स्टेफन ब्यांगनल र अभिषेक गुरुङले एक-एक गोल गरेका थिए। जावलाखेलबाट पुष्कर खड्काले एक गोल फर्काएका थिए।

विराटनगरले प्रतिस्पर्धात्मक खेलमा घरेलु दर्शकको साथ पाएको थियो। तर, विराटनगरले दोस्रो हाफमा मात्र आक्रामक खेल पस्कियो। ए डिभिजनको अनुभवी क्लब जावलाखेलले बारम्बार फिनिसिङमा कमजोर प्रदर्शन गरेको थियो। खेलको ५९औँ मिनेटमा विराटनगरले १-० को अग्रता बनाउँदा जावलाखेल दबाबमा आएको थियो। विदेशी खेलाडी स्टेफनले विमल घर्तीमगरले डिबक्समा दिएको पासमा गोल गरेका थिए।

खेलको ८७औँ मिनेटमा विराटनगर अभिषेकको गोलसँगै २-० ले अघि बढ्यो। अभिषेकले विमलले निकालेको क्रस पासमा गोल गरेका थिए।

इन्जुरी समयमा गोल

खेलको १७औँ मिनेटमा जावलाखेलका विदेशी खेलाडी एन्कोटोले गोलरक्षकविरुद्ध वान भर्सेस वानको अवस्थामा समेत सहज गोल गर्न सकेनन्। उनले डिबक्सभित्रबाट प्रहार गरेको बललाई विराटनगरका गोलरक्षक विशाल श्रेष्ठले विफल पारेका थिए। ८९औँ मिनेटमा जावलाखेलका कप्तान सिमन्त थापाले डिबक्सबाट गोल गर्न सकेनन्। अन्तिम इन्जुरी समयमा जावलाखेलका पुष्करले एक गोल फर्काएका थिए।

मनाङ सेमिफाइनलमा

धनगढी/ मनाङ मर्स्याङ्दी क्लब छैटौं मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप फुटबलको सेमिफाइनलमा प्रवेश गरेको छ। धनगढी रंगशालामा सोमबार भएको खेलमा बागमती क्लबलाई २-१ ले हराउँदै मनाङले अन्तिम चारमा स्थान बनाएको हो। मनाङलाई जित दिलाउन तिमोथे कोडु र साइजमोलले एक-एक गोल गरे। बागमतीका सृजन गौतमले एक गोल फर्काए। खेलको ३७औँ मिनेटमा तिमोथेले मनाङलाई १-० को अग्रता दिलाए। बागमतीले खेलको ४१औँ मिनेटमा बराबरी गोल फर्कायो। बागमतीका गौतमले बराबरी गोल फर्काएका हुन्।

प्रतिस्पर्धात्मक बनेको पहिलो हाफ १-१ को बराबरीमा सकिएको थियो।

दोस्रो हाफमा मनाङले खेलमा आफ्नो पकड बनायो। मनाङले गत शनिबार मात्रै बुटवलमा तिलोत्तमा गोल्डकप उपाधि जितेको थियो। सिजनको यो नै मनाङको पहिलो उपाधि थियो। मनाङले ६६औँ मिनेटमा साइजमोलको गोलमा २-१ को अग्रता लिएको थियो।

सूर्य नेपाल च्यालेन्ज आजदेखि



काठमाडौं/ सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत छैटौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्ज मंगलबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरु हुँदै छ। ७२ होलको प्रतियोगिता शुक्रबारसम्म चल्नेछ। ३६ होलको समाप्तिमा कट लागू हुनेछ। जहाँ उत्कृष्ट २१ प्रोफेसनल र टाईमा पर्ने खेलाडी तथा कम्तीमा ६ एमेच्योर खेलाडीले अन्तिम ३६ होलका लागि स्थान बनाउनेछन्।

कुल ५ लाख ४५ हजार पुरस्कार राशिको प्रतियोगितामा ३० प्रोफेसनल खेलाडीले प्रतिस्पर्धा गर्ने सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। विजेताले उपाधिसँगै एक लाख प्राप्त गर्नेछ। दोस्रो हुनेले ६५ हजार र तेस्रो हुनेले ४६ हजार प्राप्त गर्नेछन्। उत्कृष्ट २१ र टाईमा पर्ने खेलाडीले पनि नगद पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा सात एमेच्योर खेलाडीले भाग लिनेछन्।

सूर्य नेपाल टुरको पाँचौं प्रतियोगिता सेन्ट्रल ओपनको विजेता तथा नम्बर एक खेलाडी शुक्रबहादुर राईले यो प्रतियोगिता खेल्नेछैनन्। उनी अहिले भारतमा भारतीय टुरमा व्यस्त छन्। शुक्रबहादुर नहुँदा भुवन नगरकोटी, जयराम श्रेष्ठ, सञ्जय लामा, रवि खड्का, रामे मगर उपाधिका प्रमुख दाबेदार खेलाडी बनेका छन्। एमेच्योर खेलाडीद्वय सुवास तामाङ र सद्भाव आचार्यले कडा चुनौती दिने अनुमान गरिएको छ। चारदिने प्रतियोगितालाई थप प्रतिस्पर्धात्मक बनाउन रोयल नेपाल गल्फ क्लबको कोर्सलाई कठिन बनाइएको एनपिजिएका अध्यक्ष रवीन्द्रमान श्रेष्ठले बताए।

आर्मीलाई बास्केटबल उपाधि

काठमाडौं/ नेपाल आर्मीको 'बी' टोलीले श्री बाई श्री पुरुष खुला बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेको छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सोमबार भएको फाइनलमा आर्मी 'बी'ले आफ्नै 'ए' टोलीलाई २१-१७ ले पराजित गऱ्यो। उपाधि विजेता टोलीबाट रविन खत्री, अजय कुशवाहा, निकेश रखालमगर र सुदीप पौडेलले खेलेका थिए। आर्मी 'ए'बाट विनोद महर्जन, आयुष सिंह, निश्चल महर्जन र अमृत कोइरालाले प्रतिस्पर्धा गरेका थिए। विजेताले ५० हजार र उपविजेताले ३० हजार रुपैयाँ पाएका छन्। ललितपुर जिल्ला बास्केटबल संघद्वारा आयोजित प्रतियोगितामा विजेताका रविन खत्री 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। भनिमण्डल युवा क्लब 'इमर्जिङ टिम' चुनियो।

नेपाल भारतसँग पराजित

काठमाडौं/ नेपाल पुरुष टोली ह्विलचेयर क्रिकेट प्रतियोगितामा सोमबार पराजित भएको छ। नेपाल भारतसँग चार विकेटले पराजित भएको हो। भारतको गुजरातमा सञ्चालन भइरहेको प्रतियोगिताको सेमिफाइनलमा नेपालले पहिलो ब्याटिङ गरी १५ ओभरमा ६ विकेट क्षतिमा ९४ रनको योगफल खडा गरेको थियो। भारतले १३ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य भेटायो।

कोसीको फाइनल सम्भावना यथावत्

काठमाडौं/ उपाधि दाबेदार सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै कोसी प्रदेशले ललितपुर मेयर राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको फाइनल पुग्ने सम्भावना जीवितै राखेको छ। सोमबार कीर्तिपुरस्थित त्रिवि खेलमैदानमा कोसीले बलियो सुदूरपश्चिमलाई नौ विकेटले पराजित गऱ्यो। जितसँगै तीन खेलबाट चार अंक जोडेको कोसी दोस्रो स्थानमा छ।

चार खेलमा चार अंक जोडेको सुदूरपश्चिम नेट रनरेटमा तेस्रो स्थानमा झऱ्यो। सुदूरपश्चिमले सबै खेल खेल्यो। तीन खेलबाट शतप्रतिशत जित निकालेको एपिएफले ६ अंक बनाएको छ। एपिएफले शीर्ष स्थानमा रहँदै फाइनलमा स्थान बनाएको छ। अब सुदूरपश्चिम र कोसीमध्ये एक टोली फाइनलमा पुग्नेछन्। अन्तिम खेलमा एपिएफले ललितपुर तथा कोसी र मधेस प्रदेशबीच प्रतिस्पर्धा हुनेछ। शनिबार फाइनल खेल हुनेछ।



यसअघि, ललितपुर ११ लाई सात विकेटले हराएको कोसी एपिएफ क्लबसँग सात विकेटले पराजित भएको थियो। ललितपुरलाई ५१ रन तथा मधेस प्रदेशलाई सात विकेटले सुदूरपश्चिमले पाखा लगाएको थियो। सुदूरपश्चिम एपिएफसँग १५ रनले पराजित भएको थियो।

काजोल र रुबिनाको बलियो साझेदारी

कप्तान रुबिना क्षेत्री र ओपनर काजोल श्रेष्ठले ७३ रनको साझेदारी गरेपछि कोसीले प्रतियोगितामा दोस्रो जित निकालेको हो। सुदूरपश्चिमले प्रस्तुत गरेको ८३ रनको लक्ष्य कोसीले १५.३ ओभमा मात्र एक विकेट गुमाउँदै भेट्टाएको थियो। काजोलले ५० बलमा पाँच चौकासहित अविजित ४० रन बनाइन्। कप्तान तथा प्लेयर अफ दी म्याच रुबिनाले २८ रन जोडिन्। कोसीले अतिरिक्त ११ रन प्राप्त गरेको थियो। सुदूरपश्चिमका लागि एक मात्र विकेट कविता जोशीले लिइन्।

अण्डाको उपभोक्ता मुल्य
प्रतिगोटा रू १८/- मात्र
नेपाल लेयर्स कुखुरापालक संघ
चावहिल, काठमाण्डौ

पोखरा महानगरपालिका
महानगरपालिकाको कार्यालय
न्यूरोड, पोखरा

विज्ञापन कर तिर्ने सम्बन्धी सूचना

प्रकाशन मिति : २०७९/१२/१४

स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ९ को अधिकार अन्तर्गत पोखरा महानगरपालिका आर्थिक ऐन २०७९को अनुसूची ११ बमोजिमको विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ। साथै विज्ञापन (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम अनुमितिपत्र लिनुपर्ने व्यवस्था रहेकोमा यसरी विज्ञापन बोर्डमार्फत विज्ञापन गर्न चाहाने व्यक्ति वा संस्थाले विज्ञापन प्रदर्शनको लागि राखिएका डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै प्रकृतिका अन्य प्रविधिहरुको प्रयोग गरी संचालनमा रहेका बोर्डहरु रहेको स्थान र सडकको नाम (राजमार्ग/सडक), बोर्डको साइज (वर्ग मिटरमा) र होर्डिङ बोर्डको सम्बन्धमा रहेको स्थानको घरधनी/जग्गाधनी सम्झौता प्रतिलिपि सहितको विवरण खुलाई पोखरा महानगरपालिका राजश्व शाखामा सम्पर्क गर्नुहुन वा pokharamuntaxsecation@gmail.com मा इमेल पठाउनुहुन समेत अनुरोध छ।

Khadak Municipality
Office of the Municipal Executive
Kalayanpur, Saptari

INVITATION FOR BIDS

Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges

First Date of Publication: 2079/12/14*(28 Mar 2023)*

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to **Khadak**Municipality for **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The **Khadak** Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Khadak Municipality .
5. Bidding documents may be purchased from the office of Khadak Municipality, Kalayanpur, Saptari by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) ***2080/01/13 (26Apr 2023)***. from the first date of publication of this notice.
6. Bids must be submitted to the office of Khadak Municipality, Kalayanpur Saptari before **12:00 noon** on **2080/01/14** ***(27Apr 2023)***. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at to the office of Khadak Municipality, Kalayanpur Saptari after **1:00 noon** on **2080/01/14** ***(27Apr 2023)*** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2-3 % of the quoted Bid amount (inclusive of VAT)**, which shall be **valid for 30 days** beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No1103701508004101 (for Purchasing bid), Office Account no.: 1103701508004047 (for bid security), Agricultural Development Bank Kalyanpur, Saptari and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of Khadak Municipality, Kalayanpur Saptari after **1:00 noon** on **2079/12/30** ***(13Apr 2023***
11. The name and identification of the contract are as follows:

Description of Work (Fabrication Package)	Estimated Amount, NRs (Excluding VAT)	Bid Security Amount (Rs.)	Bid Document Fee
Fabrication of steel parts and transportation up to road heads of BairagiTrail Bridge (ST 56 m), Contract No: KH-MUN-TB-1/2079/80	2829627.70	85000.00	3000.00

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com